वर्ष : १६, अंक : ३४, काठमाडौं, २०७७ मंसिर २६ गते शुक्रबार, 11 December 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

**मधेश मिडिया हाउस**
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## जनकपुर विमानस्थलमा बन्यो नयाँ टर्मिनल भवन



जनकपुरधाम । जनकपुर विमानस्थलमा नयाँ टर्मिनल भवन सञ्चालनमा आएको छ । सम्झौता भएको ८ वर्षपछि नयाँ टर्मिनल भवनको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराई उद्घाटन गरे । २०६९ कात्तिक महिनामा १८ करोडको लागतमा निर्माण गर्न तत्कालीन पर्यटन तथा नागरिक उड्डयनमन्त्री पोष्टबहादुर बोगटीले टर्मिनल भवनको शिलान्यास गरेका थिए । डेढ वर्षभित्र निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माणका लागि पप्पु एण्ड एनके कन्स्ट्रक्सन तथा नेपाल नागरिक उड्डयन प्राधिकरणबीच २०६९ असोज १५ मा सम्झौता भएको थियो । तर सम्झौता अनुसार तोकिएको समयमा काम पूरा हुन सकेको थिएन । नयाँ टर्मिनल भवन सञ्चालनमा आएसँगै यात्रुहरूले भोग्दै आएको समस्याहरु समाधान हुने जनकपुर विमानस्थलका वरिष्ठ अधिकृत विकास कुमार झाले बताए । पुरानो टर्मिनल भवनमा ठाउँको अभावमा भिडभाड हुनेगरेको थियो । नयाँ टर्मिनल भवनको प्रस्थान कक्षमा २ सय ५० यात्रु बस्न सक्ने व्यवस्था मिलाइएको उनले बताए ।

जनकपुरधाममा ५ दशकदेखि नेपाल वायुसेवा निगम सेवा दिँदै आएको छ । १८ जना यात्रु बोक्ने जहाजका लागि २०२४ सालमा निर्माण गरिएको टर्मिनल भवनबाट सेवा दिइँदै आएको थियो । जनकपुर विमानस्थलबाट अहिले दैनिक तीनवटा निजी विमान कम्पनीले सेवा दिँदै आएको छ । बुद्ध एयरले दैनिक तीन, यति एयरले दैनिक दुई र श्री एयरलाइन्सले दैनिक एक पटक जनकपुरधाम-काठमाडौं उडान गरिरहेका छन् ।

नयाँ टर्मिनल भवन सञ्चालनमा आएपछि धावनमार्ग बिस्तार गर्ने लक्ष्य रहेको जनकपुर विमानस्थलका प्रमुख किरण गौतमले जानकारी दिए । उनका अनुसार अहिले रहेको १३ सय मिटरको धावनमार्गलाई १५ सय मिटर पुर्‍याइने छ । आधुनिक टर्मिनल भवनमा १ सय ५० मोटरसाइकल, ८० वटा कार तथा जिप पार्क गर्न सक्ने क्षमताको पार्किङ स्थल बनाइएको हो । त्यस्तै टर्मिनल भवनमा अलग्गै स्तनपान कक्ष र धुम्रपान कक्ष समेत बनाइएकोछ ।

# नेकपा सरकारको रंगभेदी नीतिमा मधेशी नेताको मौनता

**मधेशवाणी डेस्क**

काठमाडौं । करिब दुई तिहाइ बहुमत सरकारको नेतृत्व गरिरहेको नेपाल कम्युनिष्ट पार्टी नेतृत्वको सरकारले नेपालमा एकल जातीय, नश्लीय र रंगभेदी राज्य संरचना निर्माण गरिरहेको पाइएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले गर्ने नियुक्तिहरु समानुपातिक समावेशिताको संवैधानिक मूल्य र मान्यतालाई पूर्णरुपमा अस्वीकार गर्दै आएको देखिन्छ । यसका ज्वलन्त उदाहरणहरु मधेशवाणीको गतांकमा प्रकाशित तथ्यांकले प्रष्ट्याउँछ । नेपालमा मधेशी समुदायसँग शासक वर्गले रंगको आधारमा विभेद अर्थात रंगभेद गर्दै आइरहेको यी तथ्यांकले पनि प्रमाणित गरेको छ । मधेशबाट मत लिने तर अधिकार नीति तहत मधेशीसँग रंगभेदको आधारमा विभेद हुँदै आएको छ ।

नेपालको संविधानले समानुपातिक समावेशितालाई अंगीकार गरेको छ तर सरकारको नियुक्तिहरुमा नाम मात्रको सांकेतिक रुपमा सहभागिता देखाइन्छ । कुनै पनि नियुक्तिमा समावेशिताको सिद्धान्त लागू भएको देखिँदैन । मधेशीलाई मतदाता र करदाताको रूपमा मात्र आजसम्म शासकवर्गले प्रयोग गर्दै आएको कुरालाई नेकपाको सरकारले पुष्टि गरेको छ । विगतदेखि वर्तमानसम्मको आँकडा हेर्ने हो भने मधेशीलाई नाम मात्रका लागि सांकेतिक रूपमा स्थान दिएको पाइएको छ । साझा नेपालको नारा दिने तर, राज्यका निकायहरूमा एकल जातीय समुदायको वर्चस्व बनाएको छ । आफूलाई परिवर्तनकारी शक्तिको रूपमा भन्न रूचाउने वर्तमान सरकार नश्लवादी संरचना निर्माण गर्न लागेको स्पष्ट बुझिन्छ ।

वर्तमान ओली नेतृत्वको सरकारले अहिलेसम्म करिब तीन सयभन्दा नियुक्तिहरु गरेका छन्, जसमा मुश्किलले ३० जना पनि मधेशी समुदायका छैनन् । संविधानकै मूल मर्म समानुपातिक समावेशितालाई सत्तारुढ दलले नेकपाले

**वर्तमान नेकपा अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले गरेका नियुक्तिहरु**




**प्रधानमन्त्री केपी शर्मा ओलीले हालसम्म गरेका २७५ नियुक्तिमध्ये २४९ जना गैरमधेशी छन् भने २६ जना मात्र मधेशी छन् ।**

लत्याएको छ । जनसंख्याको आधारमा राज्यका हरेक अंगमा प्रतिधित्व गराइने भन्ने संविधानको धारालाई ओली सरकारले उल्लंघन गरेको छ ।

यसभन्दा अघिका कांग्रेस नेतृत्वको सरकार, माओवादी नेतृत्वको सरकार र एमाले नेतृत्वको सरकारले त झन् नेपाललाई एकल जातीय संरचनामा परिणत गरेको तथ्यांकबाट प्रष्ट हुन्छ । अन्तर्राष्ट्रिय समुदायलाई देखाउनका लागि मात्र एक/दुई जना मधेशीलाई प्रतिनिधित्व गराइन्छ । नेपालमा रंगको आधारमा गरिने विभेदका कारण अलगावको स्थिति सिर्जना हुँदैछ । नेपालको कूल राजस्वको करिब ७५ प्रतिशत कर मधेशबाट राज्यले उठाउँदै आएको छ । नेपालको मेरूदण्डको रूपमा रहेको मधेशलाई उपेक्षा गर्दै बजेट विनियोजन अथवा अन्य कुनै किसिमको अवसरबाट वञ्चित गरिदैं आएको छ । मधेशीसँग यस्तै प्रकारले रंगभेद जारी रहने हो भने नेपालको लागि अनिष्ट निम्तिने मधेशी बुद्धिजीबीहरूको विश्लेषण रहेको छ ।

**ओली सरकारमा मधेशी मन्त्रीको मौनता**

नेकपाबाटै मन्त्री बनेका मधेशी मूलका हृदयेश त्रिपाठी र रामेश्वर रायहरुले मन्त्रिपरिषद्को बैठकमा सहभागी हुन्छन्, नश्लको आधारमा नियुक्ति हुने निर्णय हुन्छ तर मधेशबाट किन समानुपातिक समावेशिताको आधारमा प्रतिनिधित्व गराइएन वा समावेश गराइएन भन्ने कुरा चुँसम्म बोल्दैनन् । सत्तामा नहुँदा ठूलो क्रान्तिकारी कुरा गर्ने हृदयेश त्रिपाठीले पनि रंगको आधारमा गरिने नियुक्तिको विरोध गर्ने आँट गर्दैनन् । सरकारमा हुँदा केही नबोल्ने र बाहिर आएपछि ठूलठूला कुरा सरकारमा सहभागि मन्त्रीहरुको बानी छ । जनताले सबैको क्रियाकलाप हेरिरहेका छन् ।

**ओली सरकारमा उपेन्द्र यादवको एक वर्ष**

तत्कालीन संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादव संविधान संशोधन गर्ने नाममा सम्झौता गरी सरकारमा सहभागी भए तर एक वर्ष नबित्दै सत्ता बाहिर हुनुपर्‍यो । सत्तारूढ दल नेपाल कम्युनिष्ट पार्टीसँग दुईबुँदे सहमति गरेर फोरम नेपाल सरकारमा सहभागी हुँदा सो अवधिमा पनि ओली सरकारले गरेको नियुक्तिहरु नश्लकै आधारमा देखियो । तर सरकारमा उपप्रधानमन्त्रीको हैसियतमा हुँदा पनि असमावेशी नियुक्तिबारे एक पटक पनि सवाल खडा गरेनन् यादवले । पटक-पटक सरकारले नियुक्तिहरु गर्दा मन्त्रिपरिषद्को बैठकमा मौन समर्थन मात्रै गर्दै आए । ओली सरकारमा उपेन्द्र रहँदा सरकारले गरेको नियुक्तिहरुमा समावेशिता किन हुँदैन, मन्त्रिपरिषद्को बैठकमा किन बोल्नुहुन्न भन्ने एक नेताको प्रश्नमा उनले भनेका थिए कि राजनीतिमा बोली र व्यवहारमा समानता हुँदैन ।

अहिले नेपाली समाज त्यो सर्वोत्तम समाजको आदर्श सपना प्राप्त गर्ने दिशामा समानुपातिक समावेशीको सिद्धान्तलाई अंगीकार गरिरहेको छ । देशका ठूला दलका नेपाली कांग्रेस, नेकपाले मुखमा समानुपातिक समावेशीको सिद्धान्तका चर्का नारा लगाइरहेको भएपनि बगलीमा छुरा लुकाइरहेको कथनलाई उनीहरूले यसअघि संविधानमा गरेको पहिलो संशोधन र मधेशी मोर्चासँग गरेको ३ बुँदे सम्झौता अनुरूप गर्न खोजिएको सम्बोधनको प्रतिबद्धताले पुष्टि गरिसकेको छ ।

समानुपातिक समावेशीको सिद्धान्तबाट समन्यायको पद्धतिको विकास र संस्थागत हुन मद्दत पुग्दछ । त्यसबाट अहिले राजकीय कोषमा अड्डा जमाएर बसेकाहरूको लुटमा पहरेदार र हिस्सेदार खडा हुन पुग्दछ । केही समय स्थायी सत्ताका समुदायहरूको वृत्तमा अवसरको सम्बन्धमा चिन्ता भएपनि देशको अखण्डता र सहिष्णुताले बल पाउने विषयबाट उनीहरू अन्जान छ । त्यसैले नेपालको हरेक क्षेत्रमा समावेशी समानुपातिकको सिद्धान्तलाई केही निश्चित समयावधिसम्म अंगीकार र व्यवहार गर्नुपर्ने छ । ठूला दलका नेताहरूमा समानुपातिक समावेशीको नारालाई 'मुखमा राम राम बगलीमा छुरा' भन्ने प्रवृति हाबी भइरहेको देखिएको छ ।

**संविधानसभा निर्वाचन २०७० पश्चात गठन भएका कांग्रेस, एमाले र माओवादी केन्द्रको सरकारले गरेका नियुक्ति**




## चिनियाँ हस्तक्षेप विरुद्ध लहानमा प्रदर्शन




लहान । नेपालमा चिनियाँ हस्तक्षेप बढेको विरोधमा सिरहाको लहानमा प्रदर्शन गरेको छ । 'सरिता गिरी समर्थक समूह'ले लहानमा चिनियाँ हस्तक्षेप विरुद्ध प्रदर्शन गरेको हो । र्‍यालीमा 'गो ब्याक चाइना', 'नेपालको राजनीतिमा चीनको हस्तक्षेप बन्द गर', 'चीनले मिचेको नेपाली भूमी फिर्ता गर' जस्ता नारा लगाइएको थियो । नेपालको राजनीतिमा बढेको चिनियाँ हस्तक्षेपकै कारण नक्सा प्रकरणमा नेतृ सरिता गिरीलाई कारबाही गरिएकाले प्रदर्शनमा उत्रन बाध्य भएको सहभागीहरूले बताएका छन् । प्रदर्शन पछि भएको कोणसभामा पूर्वमन्त्रीसमेत रहेकी नेतृ गिरीले नक्सा प्रकरणमा संसदमा उठाएका आफ्ना आवाज जायज रहेकी दाबी गरिन ।

## पारवहन सन्धि पुनरावलोकनपछि नेपाललाई कति फाइदा ?

काठमाडौं । नेपाल र भारतका वाणिज्य सचिवहरुको अध्यक्षतामा बसेको भारत-नेपाल अन्तर सरकारी समिति (आइजीसी)को बैठक भर्चुवली यसै हप्ता सकिएको छ ।

बैठकमा दुवै देशका अधिकारीहरुले अनाधिकृत व्यापार नियन्त्रणका लागि व्यापार, पारवाहन तथा सहकार्यका विषयमा छलफल गरेको छ । आइजीसी दुई देशबीच व्यापार तथा लगानीलाई प्रवर्धन गर्ने प्रमुख द्विपक्षीय संयन्त्रको रुपमा रहेको छ । बैठकमा व्यापार एवम् वाणिज्य क्षेत्रका प्रमुख एजेण्डामा भएका प्रगतिबारे समीक्षा गरियो । उक्त बैठकमा व्यापार तथा पारवाहन सन्धिको बृहत समीक्षा, रेलसेवा सम्झौतामा संशोधन, लगानी प्रवर्धनका लागि भएका पहल तथा प्रयास, संयुक्त विजनेस फोरमको गठन, दुवै पक्षबीच व्यापार पूर्वाधारको विकास तथा स्तरमा सामन्जस्यता कायम लगायतका विषयमा गहन छलफल भएको छ ।

व्यापार तथा वाणिज्य सम्बन्ध तथा सम्पर्कलाई भविष्यमा अझ सुदृढ बनाउन सरकारी स्तरमा गर्नुपर्ने प्रयासकाबारे पनि दुवै पक्षबीच विस्तृत छलफल भएको छ ।

यस आइसीजी बैठकको तयारीका लागि मंसीर १८ देखि १९ सम्म अन्तर सरकारी उपसमितिको सहसचिव स्तरको बैठक बसेको थियो । नेपालको आयात तथा निर्यात दुवैको क्षेत्रमा भारत नेपालको सबैभन्दा ठूलो व्यापार तथा लगानी साझेदारको रुपमा रहेको छ । वास्तवमा भारत नेपालको एक मात्र त्यस्तो व्यापार साझेदार मुलुक हो जससँग पछिल्लो दुई तीन वर्षमा नेपाली निर्यातमा लगातार वृद्धि भएको छ । आजको बैठकमा भएको विस्तृत छलफल र प्रगतिले भारत र नेपालबीचको आर्थिक तथा वाणिज्य सम्बन्धलाई विस्तार गर्न थप सघाउ पुर्‍याउने अपेक्षा गरिएको छ ।

नेपाल-भारत सम्बन्ध सुधारको सङ्केतका रूपमा हेर्ने गरिएका हालैका शृङ्खलाबद्ध द्विपक्षीय बैठकहरूकै निरन्तरता ठानिएको यसै साता सम्पन्न एउटा संयुक्त संयन्त्रको बैठकलाई नेपाली पक्षले अत्यन्त उपलब्धिपूर्ण मानेको अधिकारीहरूले बताएका छन् । नक्सा विवादपछि कटुतापूर्ण बनेको दुई देशको सम्बन्ध सुधारमा "दुवैतर्फबाट तत्परता देखाइएको" विश्लेषण भइरहेका बेला झण्डै अढाई वर्षपछि उक्त

*बाँकी अन्तिम पृष्ठमा*




16-34, Madheshvani, Mansir-26, 2077.pmd 1
12/11/2020, 11:00 AM

## सम्पादकीय

# सडकमा पोखिएको आक्रोश

केही दिन यता देशका विभिन्न स्थानहरुमा राजाका पक्षमा प्रदर्शनहरु भएको छ। यस्ता जुलुस र प्रदर्शनमा राजतन्त्र र हिन्दु राष्ट्रका पक्षमा नारावाजी हुनेगरेको छ । यस्ता जुलुसहरूबाट राजाको निरंकुश शासनका समर्थक र हर्ताकर्ताहरू निकै उत्साहित भएको देखिन्छ। यस्ता जुलुसहरूमा हिन्दु धर्म र राजतन्त्रलाई जोड्ने काम राजा समर्थकहरूले गरेका छन्। साथै, प्रदर्शनकारीले संघीयताका विरुद्ध पनि अप्रत्यक्षरूपमा जनमत बनाउने प्रयत्न गरेको देखिन्छ।

नेपालमा राणाशाही निरंकुशताबाट मुक्त भएको केही समयपछि दलीय राजनीतिले पाइला टेकेको पनि झन्डै सात दशकभन्दा बढी भइसकेको छ। विभिन्न आरोह-अवरोह झेल्दै नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र बनेको छ। जनताले देखेको सपना राणातन्त्र, पञ्चायत र निरंकुश राजतन्त्रबाट मुक्ति मात्र थिएन, नयाँ गणतान्त्रिक नेपालमा सिंहदरबारको अधिकार गाउँगाउँमा पुऱ्याउँदै विकासका पूर्वाधार शिक्षा, स्वास्थ्य, रोजगार पनि थियो तर तीन तहको सरकारले न जनताका अनुहारमा खुशी भर्न सके न त घरघरमा समृद्धिको अभियान पुऱ्याउन सके। त्यसैले समृद्ध नेपाल र सुखी नेपालीको नारा बीच बाटोमै हराएको बटुवाजस्तै भएको छ। सडकमा राजतन्त्र र हिन्दु राष्ट्रको पक्षमा लागेको नारा यसैको उपज हो।

**समृद्ध नेपाल र सुखी नेपालीको नारा बीच बाटोमै हराएको बटुवाजस्तै भएको छ। सडकमा राजतन्त्र र हिन्दु राष्ट्रको पक्षमा लागेको नारा यसैको उपज हो।**

अहिले हिन्दु धर्मका पक्षमा रहेको जनमतलाई राजतन्त्र समर्थकका रूपमा देखाउने प्रयास गरिए पनि यथार्थमा राजतन्त्र र हिन्दु धर्म एकअर्काका परिपूरक भने होइन। हिन्दु धर्मका पक्षमा रहेको जनमतलाई छाड्ने हो भने राजतन्त्र समर्थकहरूको संख्या नगण्य हुनेछ। सरकारप्रति वितृष्णा बढ्दैमा नेपाली जनता राजतन्त्र फर्काउन राजी हुन्छन् भन्ने जरुरी छैन।

जनताको आवाज बुलन्द पार्ने थलो संसद् हो, तर सरकारको ध्यान घर झगडामा मात्र केन्द्रित हुँदा जनता टुहुरा भएका छन्। नेकपा पार्टी र सरकारको आन्तरिक किचलोले संघीय संसद् बन्द गरिएको पनि पाँच महिना पुग्न लागेको छ। यही मौकाको फाइदा उठाई सरकार स्वेच्छचारीरूपले जनताप्रति जवाफदेही नभई लोकतान्त्रिक प्रक्रियालाई कुल्ची निरंकुशताको बाटोमा अग्रसर हुन पुगेको छ। कोरोना महामारी, कुशासनद्वारा आक्रान्त आम नागरिकको आवाजलाई संसदमा बुलन्द पारी सरकारलाई दबाब दिन तत्काल हिउँदे अधिवेशन आह्वान गरिनुपर्छ। होइन भने जनता सडकमा आउन बाध्य भइरहन्छन्।

## विवेकशील साझा पार्टी घोषणा




काठमाडौं। विवेकशील नेपाली दल र साझा पार्टीबीच एकता गरी अनलाइन कार्यक्रममार्फत् विवेकशील साझा पार्टी घोषणा गरिएको छ। पार्टी घोषणा कार्यक्रम अघि बुधबार विहान साझा पार्टीको कार्यालय बखुण्डोल ललितपुरमा दुवै पार्टीका वार्ता टोलीका सदस्यहरू मात्रैको उपस्थितिमा साझा पार्टीका संयोजक रवीन्द्र मिश्र र विवेकशील नेपाली दलका अध्यक्ष मिलन पाण्डेले एकीकरण घोषणापत्रमा हस्ताक्षर गरेका छन्। कोभिड १९ का कारण सृजित प्रतिकुल परिस्थितिका कारण एकीकरण घोषणापत्र हस्ताक्षर कार्यक्रममा सञ्चारमाध्यमका प्रतिनिधिहरूलाई निमन्त्रणा गर्न असमर्थ भएकोमा क्षमायाचना गर्दै उक्त कार्यक्रमको भिडियो र तस्वीरहरू यस इमेलमा पठाइएको छ।

# दायित्वविहीन सरकार र निष्क्रिय प्रतिपक्ष

**विचार - विश्लेषण** भाग-७६



उपेन्द्र झा

**राजनीतिक धरातलमा व्यापक असन्तुष्टता छ। आफ्नो पार्टी र प्रतिपक्ष कोही ओलीको क्रियाकलापबाट सन्तुष्ट छैन। जनता पनि त्राहिमामको अवस्थामा सडकमा निस्केका छन्। तर पनि ओली सन्तुष्ट भई बाँसुरी बजाएर रमाइरहेको अवस्थाले चौतर्फी आशंका बढ्नु स्वाभाविक हो। संघीयता र गणतन्त्रको विरोधमा रहेको ओली अहिले त्यसैको शहंशाह भएर बसेको छ।**

नेकपाका अध्यक्ष केपी शर्मा ओलीको बलियो सरकार नेपालको राजनीतिमा निकम्मा, कमजोर, स्वेच्छाचारी र कलंकित सरकारको रुपमा दर्ज भएको छ। सत्तापक्षको पार्टी, प्रतिपक्षी पार्टी, अन्य राजनीतिक दलहरुलगायत जनता समेत असन्तुष्ट भएको अवस्थामा यो सरकार केको लागि भन्ने प्रश्न चौतर्फी उठेका छन्। कम्युनिष्ट सभ्य, सुसंस्कृत, संगठित, अनुशासित र न्याय सम्पादन गर्न उदाहरणीय व्यक्तित्वको रुपमा चिनिए पनि नेपाली संस्करणको विकृत रुप हेरेर सबैको शिर लाजले झुकेको छ। हुनत नेपाली राजनीतिमा नैतिकता, इमान्दारी, आदर्शको कहीं ठाउँ नभएकोले शासनको जतिसुकै विकृत रुप प्रदर्शन हुँदा पनि क्षम्य रहने कुरा सत्तापक्ष र प्रतिपक्ष सबैले बुझेका छन्।

सत्तामा आएपछि जनताको समस्यालाई सम्बोधन गर्न सदैव तत्पर रह्नु पर्ने, कर्त्तव्य बोधका साथ कुशलता देखाउनु पर्नेको सट्टा आफ्नै पार्टीका सहकर्मीसँग अनावश्यक र नियमविपरीतको झगडालाई जीवन मरणको विषय बनाएर सरकारको सबै काम कारवाहीलाई ठप्प पार्नुको अर्थहीन क्रियाकलापलाई प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो पराक्रम सम्झेर बसेको छ। जनताको दैनन्दिनी अवरुद्ध पारेर जनतालाई आन्दोलित पार्नुको अर्थ के ?

राजनीतिक गतिरोध ल्याएर प्रणालीलाई नै अवरुद्ध गरि नेकपाभित्र न सैद्धान्तिक लडाई देखिएको हो न देश र जनताको विकासको लागि गरिएको लडाई हो। देखिन्छ भने पारस्परिक स्वार्थको अन्तहीन भिडन्त। पाको उमेरमा त असभ्य पनि अनुभवको आधारमा सभ्य भएर समाजमा उदाहरण बन्छ। यो कस्तो कम्युनिष्ट हो जसले ७१ वर्षसम्म पनि सभ्य, अनुशासित, प्रेरणादायी तथा समाजलाई सही दिशानिर्देश गर्न सिकेन। नेकपाको व्यवहारले सिङ्गै पार्टीमाथि आशंकाको प्रश्न खडा भएको छ। यसमा यो सही र त्यो गलतभन्दा पनि जनतालाई ठग्ने पार्टीको रुपमा चित्रित भइरहेको स्पष्ट छ।

ट्रान्सपेरेन्सी इन्टरनेशनलले सरकार प्रमुख नै भ्रष्टाचारका मूल कारक तत्व हो भनेर अहिले प्रतिवेदन सार्वजनिक गरेर सचेत गर्न खोजेको हो। तर प्रधानमन्त्री ओलीले सरकारलाई बदनाम गर्न ट्रान्सपेरेन्सी इन्टरनेशनले पूर्वाग्रही भएर प्रतिवेदन सार्वजनिक गरेको भन्ने आरोप लगाएको छ। देशमा चरमचुलीमा रहेको भ्रष्टाचारलाई ओलीले स्वीकार गर्ने पक्षमा देखिन्न। भ्रष्टाचारबारे त प्रबुद्धवर्गहरुले लेखमार्फत सरकारलाई धेरै पहिलादेखि सचेत गर्दै आइरहेका थिए। भ्रष्टाचारले शासन प्रणालीलाई नै पंगु बनाएको, जनताबाट सरकारलाई अलग गराएको कुरा के साँचो होइन ? जुन कारणबाट सरकार आफै बदनाम भइरहेको छ, त्यस्तो कारणलाई नजरअन्दाज गर्न मिल्छ ? यदि यसो हो भने ट्रान्सपेरेन्सी इन्टरनेशनलले लगाएको आरोप मिथ्या कसरी हुन सक्छ ?

देशमा चरमचुलीमा रहेको भ्रष्टाचार, बलात्कार, हत्याहिंसा, एसिड आक्रमण, महँगाई, भोकमरी तथा कोरोना महामारीबाट आक्रान्त नेपाली जनताको समस्यालाई सम्बोधन गर्नुको सट्टा विरोधमा रहेका सहकर्मीसँग बदला लिन अनेक धम्की स्वरमा अभद्र अभिव्यक्ति दिएर आत्म समर्पण गराउने दाँवपेचमा लागेर देशप्रतिको दायित्वबाट पन्छेर केपी शर्मा ओलीले आर्जन गरेको प्रतिष्ठा गुमाइसकेको छ। आफू शिखरमा पुग्ने प्रयासहरुको सफलताबाट आर्जित प्रतिष्ठा देशको लागि काम नलाग्ने सिद्ध भएपछि ओलीको विगतको कथित पराक्रम धुल धुरसित भएको छ। राज्यसत्तालाई कब्जा गरेर बसेको विभिन्न क्षेत्रका माफियाहरुलाई परास्त गरी स्वच्छ राज्यसत्ताबाट न्याय सम्पादन गर्ने नेकपाको वैज्ञानिक दृष्टिकोणलाई स्थापित गर्ने प्रयास भएको भए आज जनता सरकारको पक्षमा उभिन्थ्यो। जनपक्षीय कार्यहरुको विरुद्ध लागेपछि ओलीको राजनीतिक प्रतिष्ठामा प्रश्न खडा भएको छ।

राजतन्त्र जस्तै संविधानभन्दा माथि आफूलाई स्थापित गरी हुकुम प्रमाँङ्गीको भरमा शासन चलाउने महत्वाकाँक्षा पालेको शक्तिशाली भनिने केपी शर्मा ओलीको न केन्द्रीय समितिमा, न स्थायी समितिमा, न सचिवालयमा बहुमत देखिन्छ। कस्तो विडम्बना ! कुनै बैठक बस्न नदिने, बसे आफू उपस्थित नहुने, बैठक बसाए कडा एक्शन लिने आदि स्वेच्छाचारी ढंगले प्रचार गरी सहकर्मीलाई डराउने, तर्साउने कार्यले सहकर्मीहरुले दिक्क त मानेकै छन्, अन्य राजनीतिक दलहरु पनि ओलीको अवैधानिक क्रियाकलापबाट असन्तुष्ट भएका छन्।

जनता कोरोनाको शिकार भई मर्दै छन्। लामो समय बेरोजगार भएर मानिस भोकमरीमा मर्दैछन्। कोही परिवार पाल्न नसकेर आत्महत्या गर्दै छन्। समाजमा बलात्कार, हत्या दैनिक रुपमा बढ्दै छन्। अर्थात् जनताको दैनिकी अति पीडादायी अवस्थामा रहेको सत्तापक्षको तानाशाहीले बुझेन, यस्तो अवस्थामा सरकारलाई कर्त्तव्यबोध गराउन प्रतिपक्षको भूमिका पनि निष्क्रिय देखियो। प्रतिपक्षले पनि जनताको आँसु पुछ्न सकेन। देशमा सत्तापक्ष र प्रतिपक्ष दुबैको निष्क्रिय भूमिकाका कारण आन्दोलनको जन्म भएको कुरा भने स्वीकार्न दुबै दल तयार छैन। देशको विभिन्न शहरहरुमा आन्दोलनको स्वरुप हेर्दा त्यहाँ नेकपा, नेपाली काँग्रेस र समाजवादीको जनतामा संगठनै नरहेको दृष्य उजागर भएको छ।

"राजा आउ देश बचाउ" को नाराबाट गुँजिएको आन्दोलनलाई राजनीतिक दलहरुले यसलाई राजावादीको आन्दोलन भनेर आरोपित गरेपनि यो आन्दोलन ०६५ सालपछि राजनीतिक दलहरुको भ्रष्ट आचरण, आदर्शहीन, नैतिकहीन, एजेण्डाविहीन, सत्तामदका निरंकूश चरित्रको नाङ्गो प्रदर्शनका विरुद्ध उठेको आन्दोलन कसको लागि श्राप र कसको लागि बरदान हुने समयले नै सत्यापन गर्नेछ। जनताको सामुन्ने कुनै विकल्प नरहेपछि स्वतः मर्नुभन्दा सडकमै गएर मर्नु बेस भनेर जनता राजनीतिभन्दा बाहिर रहेको पूर्वराजालाई गुहार्न बाध्य भएका छन्।

यही जनताको मत लिएर बादशाह भएका केपी ओलीको लागि त्यहीं जनताको आन्दोलन प्रतिगामी कसरी भयो। निर्लज्जताको शिखरमा बसेका राजनीतिक दलहरुले ऐनामा पहिले आफ्नो अनुहार हेरेर आरोप लगाउँदा ठीक हुन्थ्यो। को बढि निर्लज्ज, जनता कि राजनीतिक दलहरु ? १२ वर्षमा शासकीय निरंकूताले जनताको निर्विकल्प राजनीतिक आस्थालाई धज्जि उडाएका राजनीतिक दलहरुले अहिले जनताको स्वतःस्फुर्त आन्दोलनलाई बदनाम गर्ने कसरतमा लागेका छन्। कर्म अनुसारको फल भोग्न शासकहरु पनि तयार हुनु पर्छ। १०, १२ वर्षमा उठ्ने आन्दोलन नेपाली राजनीतिको स्थायी प्रथा रहेकोले पनि समय पुगेर पुनरावृत्ति भएको कसरी अनर्गल र प्रतिगामी भयो।

शक्तिशाली सरकारलाई कसैले हल्लाउन सक्दैन भन्ने दम्भ राख्ने केपी ओली सरकारको अहंकार नै देशलाई अराजक अवस्थामा पुऱ्याएको छ। राजनीतिक दल, राजनीतिकर्मी, बुद्धिजीवी, नागरिक समाज आदि सबै असन्तुष्ट भएका छन्। तर यो सरकारको विकल्प के हुने भन्ने विषयमा कोही प्रष्ट छैन। केपी शर्मा ओली सरकारमा, पार्टीमा, तथा लोकप्रियता दिलाउने राष्ट्रवादी शक्तिमा पनि बदनाम भएका छन्। आफ्ना सहकर्मीको सहयोग तथा जनसमर्थन समेत गुमाएका केपी शर्मा ओली सच्चिने पक्षमा छैन। नेकपाको पार्टीभित्र सत्तापक्ष तथा प्रतिपक्षको खिंचातानीले एकअर्कालाई गलाउने बाहेक अरु केही देखिएको छैन। ओलीको व्यवहारबाट पार्टी विभाजनको संघारमा रहेको देखिए पनि बैठकहरुको म्याद टार्ने तथा निष्कर्षविहीन बनेको बैठकले नेकपाको एकता अक्षुण्ण राखेको प्रष्ट छ।

विगत ६ वर्षसम्म भारतलाई तथानाम गाली गर्दै ओली जसरी अप्राकृतिक रुपले भारतसँग सम्बन्ध विच्छेद गऱ्यो र पुनश्चः अहिले भारतसँग रहस्यमय ढंगले एकतर्फी रुपमा सम्बन्ध सुधार्ने प्रयासलाई आफ्नै सहकर्मी लगायत राजनीनिक दलहरु तथा राष्ट्रवादी शक्तिले संदेहपूर्ण दृष्टिले हेरेका छन्। आत्मसमर्पणको भावमा सम्बन्ध सुधार्ने प्रक्रिया त्रुटिपूर्ण छ भनेर आफ्नै सहकर्मीहरुले आरोप लगाएका छन्। रअ चिफको नेपाल भ्रमण हुँदा ओली एक्लै गोप्य बैठक गरेका कारण र त्यसपछि ओलीको अवैधानिक तथा निरंकूश व्यवहारबाट ओली निर्देशित रहेको शंका सहकर्मीहरुमा गहिरिएको छ।

रअसँग केपी शर्मा ओलीको पुरानो गहिरो सम्बन्ध रहेकोले सहकर्मी त सशंकित छन् नै, चीन पनि सशंकित भएको छ। कुनै बेला ओलीका लागि गाडफादरको रुपमा रहेको रअ आफ्नै अग्रसरतामा ओलीसंग सम्बन्ध सुधार्ने प्रक्रिया अगाडि बढाएकोले चीन सशंकित हुनु स्वाभाविक हो। नेपाल-भारत वार्ता घनीभूत रुपमा अगाडि बढेको छ। ओली पनि नयाँ यात्रामा निस्केको हो कि भन्ने सबैले शंका गरेका छन्। शंका गर्नु पनि अस्वाभाविक होइन।

राजनीतिक धरातलमा व्यापक असन्तुष्टता छ। आफ्नो पार्टी र प्रतिपक्ष कोही ओलीको क्रियाकलापबाट सन्तुष्ट छैन। जनता पनि त्राहिमामको अवस्थामा सडकमा निस्केका छन्। तर पनि ओली सन्तुष्ट भई बाँसुरी बजाएर रमाइरहेको अवस्थाले चौतर्फी आशंका बढ्नु स्वाभाविक हो। संघीयता र गणतन्त्रको विरोधमा रहेको ओली अहिले त्यसैको शहंशाह भएर बसेको छ। स्वर्ग र नर्क दुबै ठाउँमा अव्वल पदमा बस्ने चाहना राखेका ओली वैकल्पिक सरकारमा पनि आफ्नो सुरक्षित गर्ने खेलमा त लागेका छैनन् ? भन्ने आशंका चारैतिर व्याप्त छ।

janukjha24@gmail.com

## 'नेपाल बुझ्न मधेश घुम्नैपर्छ'

बारा। प्रदेश २ को उद्योग, वन, वातावरण तथा पर्यटन राज्यमन्त्री सुरेश मण्डलले नेपाल बुझ्न मधेस घुम्नैपर्ने बताएका छन्।। उनले पोखरा र सौराहामा अल्झिएर पर्यटकहरुले वास्तविक नेपाल नै देख्न नपाएको बताए। बारामा 'जाउँ है पोखरा' अभियानको कार्यक्रमा बोल्दै उनले प्रदेशको समृद्धिका लागि उद्योग, कृषि र पर्यटनलाई नै तीनवटा खम्बाको रुपमा हेरिएको जानकारी पनि दिए। 'उद्योग, कृषि र पर्यटनलाई नै प्रदेश समृद्धिको आधारको रुपमा अघि सारेका छौं, १ सय वटा पर्यटकीय स्थल पहिचान गरेका छौं,' उनले भने, 'पर्यटकीय स्थलमा भौतिक पूर्वाधार निर्माणसँगे सौन्दर्यीकरणको काम अघि बढाएका छौं। प्रदेशमा धार्मिक पर्यटनको सम्भावना बढी देखिएको छ।' प्रदेशमा रहेका पर्यटकीय धरोहरको बजारीकरण हुन नसकेको बताउँदै उनले सीमावर्ती भारतीय राज्यका पर्यटक मात्रै ल्याउन सकेपनि ठूलो प्रगति हुने बताए। गण्डकी लगायत अन्य प्रदेशसँग पर्यटन प्रवर्द्धनका लागि प्रदेश २ सरकार हातेमालो गर्न तयार रहेको उनको भनाइ छ।

## युरिया मल आएपछि किसान खुशी

वीरगञ्ज। रासायनिक मल युरियाविना धान रोपेका पर्साका किसान गहुँ याममा सो मल पाएपछि हर्षित भएका छन्। साउनदेखि युरिया मलको अभाव हुँदा गहुँ खेती प्रभावित भएपछि यहाँका किसान निराश भए पनि केही दिनयता युरिया मल आउन थालेपछि पर्साका किसानलाई गहुँ खेती गर्न सहज भएको छ। नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको कृषि सामग्री कम्पनी लिमिटेडले केही दिनयता युरिया मल ल्याउन थालेको छ। नेपालका लागि तेस्रो मुलुकबाट ३० हजार मेट्रिक टन युरिया ल्याउनुपर्नेमा हालसम्म एक हजार मेट्रिक टन युरिया तथा चार हजार ६०० मेट्रिक टन पोटास वीरगञ्ज कार्यालयमा आइसकेको प्रादेशिक प्रबन्धक गोरखनाथ केसीले राससलाई बताए। तीमध्ये पर्साका लागि १२ हजार ५०० मेट्रिक टन युरिया चाहिन्छन्। स्विस सिङ्गापुर सप्लायर्सले कोलकाता बन्दरगाह हुँदै रेलमार्गमार्फत वीरगञ्जस्थित सुक्खा बन्दरगाहमा सो रासायनिक मल ल्याउने गरेको छ। मङ्सिर महिनाभित्र सबै ३० हजार मेट्रिक टन युरिया मल आइपुग्ने सो कार्यालयले जनाएको छ। गहुँ धान, मकैलगायत बर्खेबालीका लागि आवश्यक पर्ने भएकाले अब सो मल आउन थालेपछि यो अभाव समाप्त भएको बताइएको छ।

# 'राज्य सञ्चालकहरूको नालायकी र निकम्मापनले व्यवस्था पनि बदनाम भो'

**यो देशमा आन्दोलनको इतिहास छ, जबसम्म पूर्वी मधेशमा ठूलो आन्दोलन र काठमाडौंमा रैथानेहरुको आन्दोलन हुँदैन तबसम्म कुनै आन्दोलन टुंगोमा पुगेको छैन। अहिलेसम्म त्यो स्थिति छैन। रैथानेहरु अझै पनि 'वेट एण्ड वाच'कै अवस्थामा छन्, चाहे त्यो जनकपुरका हुन्, चाहे भैरहवाका हुन्, चाहे काठमाडौंका हुन्।**



## सर्वेन्द्रनाथ शुक्ल

**केन्द्रीय कार्यकारिणी समिति सदस्य, जनता समाजवादी पार्टी नेपाल**

**० जनता समाजवादी पार्टी नेपालको समायोजन प्रक्रिया कहाँ पुग्यो ?**

– केन्द्रमा जसपाको समायोजन सजिलै भयो। पूर्वराजपाभित्र समायोजन मिलाउन अलिकति समय लाग्यो। अहिले केन्द्रीय कार्यकारिणी समिति र केन्द्रीय समिति निर्माण भइसकेको छ। अब प्रदेशहरुको समायोजनमा अलि-अलि समस्या छ। पूर्वराजपाको जिल्ला समितिहरु एकत्रित भइसकेको थियो, प्रदेश र केन्द्रीय समिति हुन बाँकी रहेको अवस्थामा एकीकरणका कामहरु प्रारम्भ भए। त्यसैले राजपाले आफ्नो काम त्यही रोक्यो। प्रदेशको समायोजन समानताको आधारमा हुनुपर्छ। हाम्रो समायोजन निर्देशिकाले पनि भनेको छ कि केन्द्रीय कार्यकारिणी समितिले प्रदेशको समायोजन गर्नेछ, त्यो पनि समानताको आधारमा। पहाडमा पूर्वराजपाको संगठन छैन, त्यो हिसावले योग्यताको आधारमा समायोजन गरिनुपर्छ। त्यसैमा छलफल चलिरहेको छ। कोभिड-१९ ले गर्दा समायोजनको काममा बाधा आएको छ।

सबै मधेशवादी दल र पहाडका पनि केही दलहरुलाई एक ठाउँमा ल्याउनु आफैमा नौलो अभ्यास थियो। यो नौलो अभ्यासको क्रममा त्यो पनि संक्रमणकालमा केही अप्ठ्याराहरु देखिएका छन्। ती अप्ठ्याराहरुको समाधानका लागि हामी प्रयासरत् छौं। जुन वैकल्पिक शक्ति बनाउन हामीले कल्पना गरेका हौं, त्यसका लागि दुवै पक्षले आआफ्नो तर्फबाट सुनियतका साथ नियत नबिगारिकन इमान्दारीपूर्वक लाग्नुपर्छ।

**० जनवर्गीय संगठनहरुको समायोजन कहिले हुन्छ ?**

– जनवर्गीय संगठनहरुको पनि समायोजनबारे हामी छलफल गर्दैछौं। हामी पूर्वराजपाका जनवर्गीय संगठनको लिष्ट तयार गर्दैछौं र पूर्वसमाजवादीले पनि तयार गर्दैछ। त्यसका लागि एउटा विभाग बनाइएको छ। जनवर्गीय संगठनहरुलाई छिट्टै समायोजन गर्नुपर्छ। किनभने मूल कुरा पार्टीको एकीकरण प्राथमिकता हो तर जनवर्गीय संगठन हाम्रो सक्रिय सहयोगी हो।

**० विगतमा राजपाले आफ्ना जनवर्गीय संगठनहरुको समायोजन गर्न सकेको थिएन, अहिले जसपा बनिसक्दा पनि त्यो समस्या त आउँदैन ?**

– पूर्वराजपाका महिला र प्राध्यापक संगठन एकजुट भएर बसेका थिए। युवा र विद्यार्थी संगठनहरु पनि आआफ्नो ठाउँमा अलग-अलग देखिएका थिए तर सबै एक ठाउँमा राखियो भने आफै पनि एउटा शक्ति हुन्छ। समायोजन गर्दा मूलभूत कुरा भागवण्डाभन्दा पनि नेतृत्व योग्य को छन् उसले प्राथमिकता पाउनुपर्छ। विगतमा राजपाले विभिन्न कारणवश आफ्ना जनवर्गीय संगठनहरुको समायोजन गर्न सकेन भन्ने कुरा साँचो हो। तर ती जनवर्गीय संगठनहरु छिन्नभिन्न भएको अवस्थामा छैनन्। केही निष्क्रिय होला तर संकलित छन्। हाम्रा जनवर्गीय संगठनका नेता कार्यकर्ताहरु अन्यत्र गएका छैनन्, शिथिल अवस्थामा बसिरहेका छन्। तिनीहरुलाई सक्रिय गराउने कुरामा हामी लागेका छौं।

**० केन्द्रीय समिति र केन्द्रीय कार्यकारिणी समिति निर्माण हुँदा योग्य र सक्षमभन्दा पनि नातावाद, कृपावादले बढी प्राथमिकता पायो भन्ने गुनासा छन् नि ?**

– त्यत्रो ठूलो शक्ति र यति धेरै मान्छेहरुलाई एक ठाउँमा ल्याउँदा दुई चार वटा त्रुटिहरु भएका होलान्। कहीं आफ्नो मान्छे परेका होलान्, कहीं आफ्नो मान्छे छुटेका पनि होलान्। तर समग्रमा हामी सबैको प्रयास थियो, काम लाग्ने मान्छे कोही नछुटोस्। किनभने जुन किसिमको वैकल्पिक शक्ति निर्माणको हामी कुरा गरिरहेका छौं यदि हामीले गुणवत्तालाई छोडेर संख्या मात्रै जम्मा गर्‍यौं भने भोलीका दिनमा पार्टी शक्तिशाली हुँदैन। वैकल्पिक शक्ति कुनै हालतमा बन्न सक्दैन। त्यसैले क्वालिटीलाई समेट्नुपर्दछ, यदि कोही छुटेका छन् भने त्यसलाई पनि ल्याएर कुनै न कुनै रुपमा कहीं न कहीं काममा लगाउनुपर्छ र यही पार्टीको घेराभित्र राख्नुपर्छ।

**० रातारात एकता हुँदा अलिखितरुपमा केही सहमतिहरु पनि भएको सुनिन्छ। जस्तै पहिलो नम्बरको अध्यक्षमा महन्थ ठाकुर, दोस्रो नम्बरको अध्यक्षमा उपेन्द्र यादव, संघीय परिषद्को अध्यक्षमा डा.बाबुराम भट्टराई र संसदीय दलको नेता राजेन्द्र महतो। यो वास्तविकता हो त ?**

– एकताका बेला के कस्ता सहमतिहरु भएका थिए भन्ने कुरा मलाई थाहा छैन। पार्टीको एकीकरण कुरा चल्दा संसदीय दलको नेता कसलाई दिने भन्ने कुरा हामीलाई जानकारी दिइएन। हामीलाई जानकारी के दिइएको थियो भने महन्थ ठाकुर र उपेन्द्र यादवलाई दुईटा कार्यकारी अध्यक्ष राखिनु पर्छ। पाँच जना 'क' क्याटोगेरीका हुन्छन् त्यसमा अशोक राई र राजेन्द्र महतो बस्ने र संघीय परिषद्को अध्यक्षको रुपमा डा.बाबुरामट्टराई दिने। तर एकीकरणको समयमा डा.बाबुरामजी आफैले आफ्नो नाम चौथों स्थानमा राख्नुभयो। किनभने ढिलाइ भइरहेको थियो। संसदीय दलको नेताका बारेमा आउने दिनमा सकारात्मक रुपले सबैको सहमतिमा एउटा निर्णय गर्नुपर्छ। यदि सहमति भएको हो भने त्यहीं हिसावले गर्नुपर्छ। तर, त्यस्तो सहमतिको कुरा हाम्रो जानकारीमा आएको छैन।

**० डा.बाबुराम भट्टराईको नाममा टिपेक्स प्रकरणले अलि चर्चा पायो नि ?**

– डा भट्टराई आफैले आफ्नो नाम काटेर चौथो स्थानमा लेख्नुभयो। टिपेक्स लगाएर तल झारेको होइन, त्यो जसपाविरुद्धको दुष्प्रचार हो। यो पनि सत्य हो कि डा.बाबुरामजीले आफ्नो नाम काटेर तल नराखेको भए शायद त्यो दिन दर्ता हुन गाह्रो थियो। दुई-चार दिन अझ ढिला हुन्थ्यो, वार्ता लम्बिन्थ्यो होला। तर, बाबुरामजीले त्यो संवेदनशीलतालाई हेरेर, बुझेर जाउँ आज दर्ता गरौं, अरु कुरो पछि गर्दै गरौंला भनेर उहाँ आफै त्यसो गर्नुभयो। भूतपूर्व प्रधानमन्त्रीको हिसावले उहाँलाई गर्नुपर्छ भन्ने एउटा पक्षको भनाइ थियो, अर्को पक्षले जसरी समझदारी भएको त्यसरी गरौं भन्ने थियो। तर अहिले आएर सबै कुरा मिलेको छ।

**० केन्द्रीय समितिको लिष्टमा डा.बाबुराम भट्टराईलाई बिना नम्बरको सबभन्दा माथि राखिएको छ। भनेपछि उहाँ सर्वमान्य नेताको रुपमा हुनुहुन्छ ?**

– बाबुरामजी संघीय परिषद्को अध्यक्ष हुन्, विधानतः त्यो सबभन्दा माथि हो। मलाई उहाँको नम्बर लेखे पनि नलेखे पनि उहाँको जुन हाइट, क्षमता, योग्यता छ, त्यसलाई सबैले स्वीकार गरेकै छन्। पहिला एक र दुई नम्बरको कुरा स्पष्ट पारिएकै थियो। तर, उहाँको जुन सर्वोच्चता र सर्वमान्यता छ, त्यो आफ्नो ठाउँमा छ।

**० सत्तारुढ नेकपालाई जनताले दुई तिहाइ नजिक पुर्‍याइदियो, तैपनि स्थिर सरकारको रुपमा काम गर्न सकिरहेको छैन। जसपाले यसलाई कसरी हेरिरहेको छ ?**

– यो स्थिर सरकारले देशैलाई अस्थिर पारिदिएको छ। देशै प्रगतिविहीन र गतिहीन अवस्थामा छ। जनताले स्थिर सरकारको मत दिएर छिटो-छिटो राज्यले गति लिनुपर्ने, देशले सत्तारुढ दलभित्र गुट-उपगुटको झगडा र आन्तरिक संघर्ष यति तीव्र छ कि देशलाई नै उनीहरुले गतिहीन बनाइदिएका छन्। यो सामान्य प्रक्रिया हो कि कुनै पनि देशको कर्मचारीतन्त्रको जब राजनीतिक संघर्ष बढ्छ उसको गति कम हुन्छ। हाम्रो देशको विशेषता के हो भने जब राजनीतिक संघर्ष बढ्छ, कर्मचारीतन्त्र ठप्पै हुन्छ। अहिले पनि झगडा केन्द्र सरकारमा भइरहेको छ, तर तीनटै सरकारको प्रगति ठप्प छ। कमिशन उठाउने र कमिशनको खेल बाहेक कुनै पनि काम सामान्यतया राम्ररी काम गर्न सकेको छैन। प्रदेश २ को सरकारमा नेकपाको सरकार छैन तैपनि केन्द्रको असर त्यहाँ पनि परिररहेको छ। जबसम्म सत्तारुढ पार्टी कि दुई पक्ष भएर दुइटैले गति लियो भने यो देशले गति लिन्छ कि दुइटैको जुन मनमुटाव, अन्तरसंघर्षको निदान हुन्छ। दोस्रो सम्भावना एकदमै न्यून छ। पहिलो सम्भावना जुन छ रबरजस्तै तन्किँदै गइरहेको छ, त्यो कहिले टुट्ने त्यसको प्रतिक्षा सम्पूर्ण देशले नै गरिरहेको छ। किनभने जबसम्म स्पष्ट हुँदैन यो देश अगाडि बढ्न सक्दैन।

कोभिड-१९ जस्तो बेलामा पनि ठूलठूला भ्रष्टाचार भएका छन्। जबसम्म भ्रष्टाचार रोकिँदैन, तबसम्म देशको आर्थिक समुन्नति हुन सक्दैन, समृद्धि सपना मात्रै हुन्छ। यो एउटा नग्न सत्य हो, संसारभरिले यसलाई मानेका छन्। त्यसैले भ्रष्टाचारको प्वाल थुन्ने चासो सरकारलाई छैन, प्रमुख प्रतिपक्षलाई पनि छैन। हाम्रो ताकतले भ्याउँदैन। त्यसैले यो अवस्थामा केन्द्रमा एउटा मजबुत सरकार चाहिएको हो। भएको सरकार न त सरकारको अवस्था छ, न टुटेर अलग-अलग अस्तित्वमा आएर एउटा वैकल्पिक सरकार बन्न सक्छ होला। अथवा विकल्पमा देश जान सक्छ होला। तर, त्यो स्थिति छैन। यसले गर्दा यो सात महिनामा उनीहरुको आन्तरिक संघर्षले सम्पूर्ण देशलाई नै वाक्क, दिक्क बनाइदिएको छ। समाचारको पनि एउटा स्थायी अंग बन्न गएको छ नेकपाभित्रको अन्तरसंघर्ष। त्यसैले यसलाई समाप्त गर्न जबसम्म यसको छिनोफानो हुँदैन, देश यस्तै गतिहीन अवस्था रहिरहन्छ।

> **अहिले देखिएका राजनीतिज्ञहरूलाई देशभन्दा पनि आफ्नो चिन्ता बढी छ। आत्मकेन्द्रित भएर भाइ-भतिजा, छोरा-बुहारी-छोरी र आफ्ना नातेदारहरू कसलाई कहाँ फिट गरुँ र उनीहरु पनि कसरी पैसा कमाऊन् भन्नेमा लागेका छन्।**

**० मुलुकमा स्थिर सरकार हुँदा पनि अस्थिरता रहेकै कारण अहिले यो व्यवस्थाको विकल्प जनताले खोजिरहेको देखिन्छ। भनेपछि अहिलेका दलहरुको अकर्मण्यताकै कारण मुलुक अहिले राजावादीहरु सल्बलाउन थालेका हुन् त ?**

– यो अरु केही हुँदै होइन। अगाडि लेवल जेसुकै देखियोस् तर मूलतः तीनै तहका सरकार भ्रष्टाचार शिवाय अरु केही काम गरेको छैन। अहिले जनतामा असन्तुष्टि मात्रै होइन, घोर असन्तुष्टि र छट्पटाहट छ। के आन्दोलन मात्रै यो देशमा विकल्प हो ? अथवा अरु केही हुन सक्छ ? राजनीतिज्ञहरुले अरु समाधान किन खोज्दैनन् ? भन्ने प्रतिक्षा सामान्यतया जनतामा छ। त्यहीं छटपटाहटको एउटा लेवल राजावादीको रुपमा देखिएको छ। जनता सडकमा नउत्रिकन देशमा परिवर्तन हुँदैन भन्ने कुरा प्रमाण पहिला भएका छन्, त्यसैका लागि दिनानुदिन जनताको संख्या सडकमा बढ्दै गएको छ। यो कसैको प्रति आकर्षणभन्दा पनि यो सरकारको कामकारबाहीप्रतिको विकर्षण हो। यो व्यवस्था वा संघीयताप्रतिकै विकर्ष हो भनिहाल्ने स्थिति छैन। राज्य सञ्चालकहरुको नालायकी र निकम्मापनाले गर्दा व्यवस्था पनि बदनाम भो। यदि यो व्यवस्था काम नलाग्दो हुँदो हो भने हाम्रो छिमेकी भारत, विश्वको सबभन्दा ठूलो गणतान्त्रिक मुलुक अमेरिका पनि त यो असफल हुनुपर्ने हो नि। सयौं वर्षदेखि चलिरहेको छ, त्यहाँ पूर्ण संघीयता छ, एकदम परफेक्ट तरिकाले चलिरहेको छ। तर हाम्रो देशमा राम्रोसँग किन चलिरहेको छैन भने अहिले देखिएका राजनीतिज्ञहरुलाई देशभन्दा पनि आफ्नो चिन्ता बढी छ। आत्मकेन्द्रित भएर भाइ-भतिजा, छोरा-बुहारी-छोरी र आफ्ना नातेदारहरु कसलाई कहाँ फिट गरुँ र उनीहरु पनि कसरी पैसा कमाऊन् भन्नेमा लागेका छन्। यो कसले गर्छ भने जसलाई भोलीको विश्वास हुँदैन। उसले अवसर पाएको बेलामा लुट-खसोट गर्छ र आफ्नो थैला र बैंक भर्ने काम गर्छ। यो जुन प्रवृत्ति छ अहिलेका देशका तथाकथित नेताहरुको, सत्तासीन र प्रमुख प्रतिपक्षको मौनता पनि त्यसको कारक तत्व हो। जसले गर्दा सडकमा दिनानुदिन असन्तुष्टि र भीड बढ्दै गएको छ। यो एउटा अलार्म हो। जनताले राजनीतिक शक्तिहरुलाई एउटा अलार्म दिइरहेका छन् कि यसमा सच्चिहाल। होइन भने ठूलो संकटमा पर्छौं। अब यी दलहरु सच्चिएनन् भने जुनसुकै स्थिति पनि हुन सक्छ। व्यवस्था के रहन्छ, को आउँछ भन्ने कुराको ठूलो अन्योल त छँदैछ। तर यो निश्चित छ कि देश ठूलो अस्थिरतामा फँस्छ। त्यसलाई बचाउनका लागि पनि समयमै यो अलार्म बजेपछि सबै राजनीतिज्ञहरुलाई चेतना भया।

**० राजावादीहरुको प्रदर्शनले के संकेत गर्दछ त ?**

– त्यो भन्ने स्थिति छैन। पछि गएर यो कुरा देखिएला वा होला। हुँदैन भन्ने पनि छैन र हुन्छ भन्ने पनि छैन। तर ठूलो असन्तुष्टि छ, त्यसैले यो अलार्म हो। यो ३ हजार वा ५ हजारको शक्तिले यो देशमा आन्दोलन कहिल्यै पनि भएको छैन। रैथाने मान्छे काठमाडौंमा आन्दोलनमा उत्रेकै होइन। यो देशमा आन्दोलनको इतिहास छ, जबसम्म पूर्वी मधेशमा ठूलो आन्दोलन र काठमाडौंमा रैथानेहरुको आन्दोलन हुँदैन तबसम्म कुनै आन्दोलन टुंगोमा पुगेको छैन। अहिलेसम्म त्यो स्थिति छैन। रैथानेहरु अझै पनि 'वेट एण्ड वाच'कै अवस्थामा छन्, चाहे त्यो जनकपुरका हुन्, चाहे भैरहवाका हुन्, चाहे काठमाडौंका हुन्। त्यसैले, राजनीतिक शक्तिलाई सच्याउने यो अलार्म हो।

**० तर राजनीतिज्ञहरु सच्चिने छाँटकाँट देखिरहेको छैन नि ?**

– यो भनेको आफूभन्दा बाहिर जसले हेरेका छैनन्, उ सच्चिरहेका छैनन्। जसले आफ्नो र आफन्तको सीमाभन्दा बाहिर गएर हेरिरहेका छन्, उसले महसुस गरिरहेका छन् र मलाई लाग्छ यो सच्चिने स्थिति हुन्छ। यतिकैमा भोली राजतन्त्र नै आउँछ भन्ने स्थिति मैले देखेको छैन। तर, मान्छेहरुको दुई वर्ष अगाडिको भन्दा निश्चितरुपमा अहिले राजतन्त्रप्रति झुकाव बढेको छ। तर यो झुकावले यहि हुन्छ भन्ने कुरा होइन। अहिले नै औंला देखाएर यो हुन्छ भन्ने स्थिति छैन। तर दुई महिना वा ६ महिनापछि के हुन्छ भन्ने कुरामा विभिन्न ढोकाहरु खुल्ला छन्। कसैको आकांक्षा के छ भने राजा आउ देश बचाउ भनेको पञ्चायती व्यवस्थाको जस्तो राजाको खोजी हो। कसैको प्रजातन्त्रसहितको राजाको कुरा छ, कसैको संवैधानिक राजाको कल्पना छ। कसैको अलंकारिक र सामाजिक राजाको कुरा छ। राजा र लोकतन्त्र दुइटैलाई समाप्त गरेर अर्कै कुराको पनि कल्पना गर्ने व्यक्तिहरु पनि छन्। अहिले अस्थिरतामा देश प्रवेश गर्‍यो भने सबै ढोका खुल्छ। कुन ढोकातिर हुल जान्छ त्यो भन्न सकिने स्थिति छैन। विगतको आन्दोलनले यहि देखाएको हो।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# नेपालको 'परराष्ट्र नीति, २०७७'को पूर्णपाठ

१. पृष्ठभूमि:

परराष्ट्र नीतिका स्थायी र परिवर्तनशील पक्षहरू हुन्छन्। राष्ट्रिय हितका आधारभूत विषयहरू स्थायी प्रकृतिका हुने भएतापनि मुलुकमा हुने राजनीतिक परिवर्तनले निर्धारण गर्ने राष्ट्रिय प्राथमिकताहरू, अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा भू(राजनीतिक परिस्थितिमा आउने फेरबदल र त्यसबाट उत्पन्न हुने नयाँ शक्ति सन्तुलनले भने परराष्ट्र नीतिलाई प्रभाव पार्न सक्छ। नेपालले सन्तुलित र स्वतन्त्र परराष्ट्र नीतिको सुझबुझपूर्ण अवलम्बन एवम् राष्ट्रिय सामर्थ्यको एकीकृत रूपमा कार्यान्वयन गर्दै आएको छ।

दक्षिण एसिया लगायत संसारभर उपनिवेशवादले जरा फैलाएको अवस्थामा राणा कालमा नेपालले बेलायतसँग निकट सम्बन्ध राखे पनि बाह्य जगतसँगको सम्पर्कबाट भने आफूलाई अलग राखेको देखिन्छ। वि.सं. २००७ मा प्रजातन्त्रको आगमनसँगै नेपालले बाह्य जगतसँग कूटनीतिक सम्बन्धको विस्तार, संयुक्त राष्ट्रसंघ लगायत असंलग्न आन्दोलन जस्ता बहुपक्षीय मञ्चमा सक्रिय उपस्थिति, साझा हितका विषयमा विकासोन्मुख, अल्पविकसित, भूपरिवेष्टित मुलुकहरूसँग सहकार्य विस्तार तथा क्षेत्रीय सहयोगमा आबद्धता शुरु गयो। वि.सं. २०४६ सालपछि प्रजातान्त्रिक मुलुकका रूपमा नेपालको पहिचान र सम्मान अझ बढ्नुका साथै नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिक उपस्थिति अझ फराकिलो हुँदै गयो। वि.सं. २०६२र६३ सालको लोकतान्त्रिक आन्दोलनको सफलतापछि नेपालको पहिचान संघीय लोकतान्त्रिक गणतन्त्र, शान्तिप्रिय, समावेशी एवम् मानव अधिकारप्रति प्रतिबद्ध मुलुकको रूपमा सु-स्थापित भएको छ।

संविधान जारी भई कार्यान्वयनमा आएपश्चात् मुलुकमा राजनीतिक स्थायित्व प्राप्त भएको छ। प्रमुख राजनीतिक मुद्दाहरूको टुङ्गो लागेसँगै 'समृद्ध नेपाल, सुखी नेपाली को राष्ट्रिय आकांक्षासहित मुलुक आर्थिक, सामाजिक र सांस्कृतिक उन्नतिको मार्गमा अग्रसर छ।

२. वर्तमान स्थिति:

समकालीन अन्तर्राष्ट्रिय र क्षेत्रीय परिस्थितिमा तीव्र परिवर्तन भई विश्वको शक्ति सन्तुलनमा बदलाव देखापरेको छ। एकातर्फ विश्वव्यापीकरणका कारण मुलुकहरूबीच अन्तरनिर्भरता र अन्तरआबद्धता बढ्दै गएको छ भने अर्कोतर्फ पछिल्लो समयमा आत्मकेन्द्रित प्रवृत्तिहरू पनि देखा परेका छन्। आर्थिक र राजनीतिक शक्ति सन्तुलन बदलिने प्रवृत्तिसँगै विद्यमान विश्व प्रणालीको भविष्य पूर्वानुमान गर्न कठिन देखिन्छ।

राष्ट्रिय हित तथा सुरक्षालाई केन्द्रबिन्दुमा राख्दै अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठा र राष्ट्रिय सम्मानको अभिवृद्धि गर्ने दिशामा परराष्ट्र नीति परिलक्षित छ। "सबैसँग मित्रता, कसैसँग छैन शत्रुता" को मर्म अनुरूप नेपालले सार्वभौमिक समानता, पारस्परिक सम्मान र लाभका आधारमा छिमेकी लगायत अन्य मुलुकसँगको सम्बन्धलाई सुदृढ र विस्तार गर्दै आएको छ। गुण र दोषका आधारमा अन्तर्राष्ट्रिय मुद्दामा स्वतन्त्र धारणा बनाउने तथा अन्तर्राष्ट्रिय सम्बन्धलाई न्यायपूर्ण, निष्पक्ष, उत्तरदायी र सहयोगात्मक बनाउने दिशामा नेपालको कूटनीतिक प्रयास उन्मुख छ।

विश्वका अधिकांश मुलुकसँग नेपालको दौत्य सम्बन्ध कायम भएको छ। छिमेकी मित्रराष्ट्र, दक्षिण एसियाली मुलुक, प्रमुख शक्ति राष्ट्र, विकास साझेदार लगायत सबै राष्ट्रहरूसँग नेपालको सम्बन्ध मैत्रीपूर्ण एवम् सहयोगात्मक रहँदै आएको छ। उच्चस्तरीय भ्रमणको आदानप्रदान, द्विपक्षीय संयुक्त आयोग, क्षेत्रीय संयन्त्र, अन्तर(सरकारी तथा परामर्श संयन्त्रका माध्यमबाट आपसी मित्रतालाई सुदृढ गर्ने एवम् सहयोग र सहकार्यलाई संस्थागत गर्ने कार्य भएका छन्। नेपाल अधिकांश अन्तर्राष्ट्रिय संघसंस्थाको सदस्य रहेको छ र महत्वपूर्ण अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको पक्ष बनेको छ। अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा उपक्षेत्रीय मञ्चमा नेपालको प्रभावकारी उपस्थिति रहेको छ। विश्वशान्ति र सुरक्षा कायम गर्ने संयुक्त राष्ट्रसंघको प्रयासमा नेपालले विगत छ दशकदेखि निरन्तर योगदान पुर्‍याउँदै आएको छ।

नेपालको संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान, नेपालीको हक हितको रक्षा, सिमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धिलाई राष्ट्रिय हितको आधारभूत विषयको रूपमा परिभाषित गरेको छ। संविधानले राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतर्फ अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुने मार्गदर्शन गरेको छ। संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलका सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने र विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौता गर्न संविधानले नीतिगत मार्गदर्शन गरेको छ।

मुलुकको राजनीतिक प्रणालीलाई बदल्ने हरेक ठूला परिवर्तनसँगै नेपालको परराष्ट्र नीतिमा पनि समयानुकूल परिमार्जन हुँदै आएको छ। वि.सं. २०५२, २०६३ र २०७४ मा परराष्ट्र नीति सम्बन्धमा गठन भएका उच्चस्तरीय कार्यदलहरूबाट गरिएका अध्ययनले नेपालको परराष्ट्र नीतिलाई अद्यावधिक र थप सुदृढ बनाउन सहयोग पुगेको छ।

संविधानको उपर्युक्त मार्गदर्शनका साथै नेपाल सरकारको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, वार्षिक बजेट तथा अन्तरसम्बन्धित विषयगत नीतिमा पनि परराष्ट नीतिसँग सम्बन्धित प्रावधान रहने गरेका छन्। यसका अतिरिक्त संघीय संसद्बाट सरकारलाई मार्गनिर्देश प्राप्त हुने गरेको छ। परराष्ट्र नीतिका कतिपय मूल्य र मान्यता अन्तर्राष्ट्रिय प्रचलन, अभ्यास र व्यवहारबाट विकसित हुँदै आएका छन्। अन्तर्राष्ट्रिय कानून र सन्धिबाट सिर्जित अधिकार र दायित्वलाई पनि परराष्ट्र सम्बन्ध सञ्चालनमा आत्मसात् गरिँदै आएको छ।

सामान्यतया कुनै पनि मुलुकको परराष्ट्र नीतिलाई त्यस मुलकले अवलम्बन गरेको आन्तरिक नीतिको विस्तारित रूपमा लिइने गरिन्छ । राष्ट्रिय हितको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्नु परराष्ट्र नीतिको मूल सार हो। सक्रिय एवम् प्रभावकारी कूटनीतिद्वारा अनुकूल अन्तर्राष्ट्रिय परिस्थिति निर्माण गर्न, छिमेकी लगायत सबै मित्रराष्ट्रबाट अधिकतम सद्भाव, समर्थन र सहयोग प्राप्त गर्न एवम् अन्तर्राष्ट्रिय समुदायमा मुलुकको छविलाई उच्च बनाई राख्न परराष्ट्र नीति परिलक्षित भएको छ।

परराष्ट्र नीति मुलुकको स्वतन्त्र अस्तित्व, अन्तर्राष्ट्रिय छवि र वैदेशिक सम्बन्धसँग घनिष्ठ रूपमा जोडिएको संवेदनशील र महत्त्वपूर्ण विषय भएकाले यसको सञ्चालनका लागि उच्च कूटनीतिक दक्षता, मनोबल र व्यावहारिक कार्यकुशलता आवश्यक पर्दछ। नेपालको परराष्ट्र नीतिलाई परिवर्तित सन्दर्भ अनुकूल अद्यावधिक गर्न र कार्यगत एकरूपता, सहजता र समन्वयका लागि विगतदेखि अवलम्बन गर्दै आएका विभिन्न कूटनीतिक अभ्यास र व्यवहारलाई संश्लेषण गर्दै परराष्ट्र नीतिको यो एकीकृत दस्तावेज तर्जुमा गरिएको छ। यस नीतिको कार्यान्वयनबाट नेपालको राष्ट्रिय हितको रक्षा, सम्वर्द्धन र प्रवर्द्धनमा थप योगदान पुग्न गई अझ स्पष्ट, समन्वयात्मक र प्रभावकारी ढङ्गले नेपालको बाह्य सम्बन्ध सञ्चालन हुने अपेक्षा गरिएको छ।

३. चुनौती तथा अवसर:

३.१. चुनौतीहरू

१. परिवर्तनशील र तरल क्षेत्रीय एवम् विश्व परिवेशमा निरन्तरता र परिवर्तनको मर्मअनुरूप बृहत्तर राष्ट्रिय हितको रक्षा र प्रवर्द्धन गर्ने,
२. नेपालको अन्तर्राष्ट्रिय सीमाको सुरक्षा गर्ने,
३. परराष्ट्र सम्बन्ध सञ्चालनमा सबै पक्षसँग प्रभावकारी समन्वय, सहकार्य र सहयोग लिई एकीकृत राष्ट्रिय दृष्टिकोण बनाउने,
४. राष्ट्रिय नेतृत्व र स्वामित्व कायम राख्दै राष्ट्रिय प्राथमिकता र आवश्यकताका क्षेत्रमा राष्ट्र हित सुनिश्चित गर्दै अन्तर्राष्ट्रिय विकास सहायता स्वीकार्ने र परिचालन गर्ने,
५. दिगो विकास र आवधिक योजनाका लक्ष्य हासिल गर्न अन्तर्राष्ट्रिय सहायता सुनिश्चित गर्ने,
६. आर्थिक कूटनीतिको प्रभावकारी कार्यान्वयनबाट राष्ट्रिय आवश्यकता अनुरूप नेपालको सामाजिक-आर्थिक विकासका लागि वैदेशिक लगानी परिचालन गर्ने,
७. क्षेत्रीय एवम् विश्व शक्ति राष्ट्रहरूको सामरिक प्रतिस्पर्धाबाट नेपालको सार्वभौमिकता र राष्ट्रिय हितमा नकारात्मक प्रभाव पर्न नदिने,
८. साना र विकासशील राष्ट्रको हित रक्षाको लागि बहुपक्षीयताको सुदृढीकरण गर्ने,
९. नेपाल जस्ता विशिष्ट परिस्थिति भएका ( अयगलतचष्भक धष्तज कउभअष्बि कष्तगबतष्यल) राष्ट्रहरूको साझा चासो र हितका विषयमा अन्तर्राष्ट्रिय समर्थन र सहयोग प्राप्त गर्ने,
१०. अति कम विकसित राष्ट्रबाट स्तरोन्नति पश्चात् प्रतिस्पर्धात्मक क्षमता बढाई व्यापार लगायतका सुविधाको निरन्तरता कायम राख्ने,
११. पर्वतीय मुलुकका विशिष्ट एजेण्डालाई जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय नीति निर्माण प्रक्रियामा स्थापित गराउने र जलवायु परिवर्तनका नकारात्मक असरको न्यूनीकरण र अनुकूलनका लागि पर्याप्त वित्तीय स्रोत र प्रविधि जुटाउने,
१२. विश्वव्यापी महामारी र ठूला प्राकृतिक विपत्तिबाट सिर्जना हुने असहज परिस्थितिमा राष्ट्रिय हित अनुकूल अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन गर्ने र बाह्य सहयोग जुटाउने,
१३. परिवर्तित र प्रतिस्पर्धात्मक विश्व परिवेशमा परराष्ट्र सम्बन्ध सञ्चालन तथा व्यवस्थापन गर्न विशिष्टीकृत संस्थागत क्षमता, जनशक्ति र व्यावसायिक दक्षता विकास गर्ने।

३.२. अवसरहरू

१. मुलुकले हासिल गरेको राजनीतिक स्थायित्व, लोकतन्त्र, दिगो शान्ति र विकासको नयाँ परिवेशमा राष्ट्रिय हित र परराष्ट्र नीतिका सम्बन्धमा स्पष्ट संवैधानिक मार्गदर्शन प्राप्त हुनु,
२. आधारभूत राष्ट्रिय हित, आर्थिक समृद्धि, सीमा लगायतका महत्त्वपूर्ण विषयमा राष्ट्रिय सहमति र एकताको वातावरण तयार हुनु,
३. शान्तिप्रिय, लोकतान्त्रिक, समावेशी र सामाजिक न्यायमा आधारित राज्यको रूपमा नेपाल र सहिष्णु, मित्रवत्, इमान्दार, परिश्रमी र उत्थानशील नेपालीप्रति अन्तर्राष्ट्रिय समुदायको सद्भाव र शुभेच्छा रहनु,
४. नेपालको स्वतन्त्र, सन्तुलित, निष्पक्ष र वस्तुनिष्ठ दृष्टिकोणका कारण अन्तर्राष्ट्रिय क्षेत्रमा विश्वसनीयता र सम्मान आर्जन हुनु,
५. नेपालले संयुक्त राष्ट्रसंघको आह्वानमा शान्ति स्थापना कार्यमा पुयाएको योगदानका कारण अन्तर्राष्ट्रिय सद्भाव प्राप्त हुनु,
६. फराकिलो कूटनीतिक सम्बन्ध र घनीभूत हुँदै गएको अन्तर्राष्ट्रिय सम्पर्क र सहकार्य विद्यमान रहनु,
७. नेपाल लोकतन्त्र संस्थागत भई आर्थिक विकास र रूपान्तरणमा केन्द्रित मुलुकको रूपमा विश्व समुदायमा परिचित हुँदै जानु,
८. छिमेकी मुलुकहरूसँग सुदृढ बन्दै गएको सम्बन्ध र सम्पर्क सञ्जालबाट सिर्जित परिवेशमा उनीहरूले हासिल गरेको तीव्र आर्थिक विकासबाट लाभ लिने सम्भावना प्रबल हुनु,
९. आर्थिक कूटनीतिको लागि नीतिगत र संरचनागत आधार तयार भई पूर्वाधारको विकास, निर्यात व्यापार, वैदेशिक लगानी, प्रविधि हस्तान्तरण, पर्यटन र वैदेशिक रोजगारी जस्ता प्राथमिकताका क्षेत्रमा कूटनीतिक संयन्त्रलाई थप सक्रिय बनाउने वातावरण सिर्जना हुनु,
१०. नेपालको प्राकृतिक सौन्दर्य, वातावरणीय विशिष्टता, ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदा र धरातलीय विविधताले विश्वको ध्यान आकर्षित गर्ने सम्भावना विद्यमान हुनु,
११. राष्ट्रिय विकासको स्पष्ट मार्गचित्र तयार हुनु,
१२. वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन एवम् एकल बिन्दु सेवा कार्यान्वयन जस्ता सारभूत नीतिगत, कानूनी एवम् संरचनागत सुधार र प्रक्रियागत सरलीकरणका कारण देशभित्र लगानी र व्यवसायमैत्री वातावरण सिर्जना हुनु,
१३. क्षेत्रीय तथा उपक्षेत्रीय संघसंस्था मार्फत क्षेत्रीय सहयोगबाट अधिकतम लाभ लिन सक्ने वातावरण हुनु,
१४. नेपाली डायस्पोराको ज्ञान, सीप, पूँजी र सम्पर्क सञ्जाललाई राष्ट्रिय विकासमा परिचालन गर्न सक्ने अवस्था रहनु,
१५. विश्वव्यापी महामारी पछिको परिवर्तित परिस्थितिमा प्रविधि र नवप्रवर्तनबाट लाभ लिई आर्थिक र सामाजिक क्षेत्रमा समयानुकूल समायोजन गर्न सक्ने स्थिति रहनु।

४. परराष्ट्र नीतिका मार्गदर्शक सिद्धान्तहरू र सञ्चालनका आधारहरू:

४.१. परराष्ट्र नीतिका मार्गदर्शक सिद्धान्त तथा मान्यताहरू

नेपालको परराष्ट्र नीति देहायका सिद्धान्त तथा मान्यताहरूबाट निर्देशित हुनेछः

१. नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा एवम् राष्ट्रिय सम्मान र प्रतिष्ठाको अभिवृद्धि,
२. सार्वभौमिक समानता,
३. पञ्चशीलका सिद्धान्त,
४. संयुक्त राष्ट्रसंघको बडापत्रको भावना,
५. असंलग्नता,
६. पारस्परिक सम्मान र लाभ,
७. अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यता,
८. विवादको शान्तिपूर्ण समाधान,
९. अन्तर्राष्ट्रिय सहयोग,
१०. न्याय, समानता र जवाफदेहिता,
११. पारस्परिक मित्रता, सहयोग र सहकार्य,
१२. लोकतन्त्र, मानव अधिकार र विधिको शासन,
१३. आर्थिक समुन्नति र समृद्धि,
१४. पर्यावरणीय सन्तुलन, मानव जातिको सुरक्षा र पृथ्वीको संरक्षण।

४.२. परराष्ट्र नीति सञ्चालनका आधारहरू

नेपालको परराष्ट्र नीति सञ्चालनका प्रमुख आधारहरू देहाय बमोजिम हुनेछन् :

१. नेपालको संविधान,
२. प्रचलित नेपाल कानून,
३. परराष्ट्र नीतिसँग प्रत्यक्ष सरोकार राख्ने राष्ट्रिय सुरक्षा नीति तथा अन्य नीति,
४. नेपाल सरकारका क्षेत्रगत नीति, आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम,
५. संयुक्त राष्ट्रसंघको बडापत्र,
६. नेपाल पक्ष भएका सन्धि, सम्झौता तथा द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय प्रतिवद्धतारघोषणापत्र,
७. नेपाल सदस्य रहेका क्षेत्रीय तथा उपक्षेत्रीय सङ्गठनका बडापत्ररगठन विधान,
८. कूटनीतिक तथा कन्सुलर सम्बन्ध विषयक भियना महासन्धिहरू लगायत अन्तर्राष्ट्रिय कानून, प्रचलन, अभ्यास तथा स्थापित मूल्य मान्यता।

४.३. परराष्ट्र नीतिका आधारभूत शर्तहरू

नेपालको संविधानद्वारा निर्देशित अन्तर्राष्ट्रिय सम्बन्धका मूलभूत सिद्धान्त, नीति तथा आधारको अधीनमा रही परराष्ट्र नीति सञ्चालन हुनेछ। यसका आधारभूत शर्तहरू निम्नानुसार हुनेछन्:

१. परराष्ट्र नीति नेपालको बाह्य सम्बन्ध सञ्चालनका सम्बन्धमा मूल नीति हुनेछ। अन्य क्षेत्रगत नीति परराष्ट्र नीति अनुकूल हुने गरी तर्जुमा गरिनेछ।
२. अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालनमा राष्ट्रको एकीकृत दृष्टिकोण प्रस्तुत गर्ने सन्दर्भमा सरोकारवाला निकायहरूसँगको समन्वय र सहकार्य परराष्ट्र मन्त्रालयले गर्नेछ।
३. परराष्ट्र नीतिमा उल्लिखित विषयमा क्षेत्रगत नीतिहरू परिपूरकको रूपमा रहनेछन्।

५. परराष्ट्र नीतिको दूरदृष्टि (Vision):

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय सुरक्षा र एकतालाई अक्षुण्ण राख्दै सबल, समुन्नत, शान्तिपूर्ण र प्रतिष्ठित राष्ट्र निर्माण।

६. परराष्ट्र नीतिको लक्ष्य (Goal):

स्वतन्त्र र सन्तुलित परराष्ट्र नीतिको सञ्चालनबाट सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानमा आधारित बाह्य सम्बन्ध सुदृढ गर्दै समग्र राष्ट्रिय हितको सम्वर्द्धन र प्रवर्द्धन गर्ने।

७. परराष्ट्र नीतिका उद्देश्यहरू (Objectives):

परराष्ट्र नीतिको दूरदृष्टि र लक्ष्य अनुरूप नेपालको राष्ट्रिय हितको प्रवर्द्धन र प्रतिष्ठा अभिवृद्धिका लागि निम्न उद्देश्यहरू रहने छन्:

१. छिमेकी लगायत सबै मुलुकसँग सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानका आधारमा द्विपक्षीय सम्बन्ध विस्तार र सुदृढ गर्नु।
२. अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मञ्चमा नेपालको पहिचान र प्रतिनिधित्व अभिवृद्धि गरी राष्ट्रिय हितको प्रवर्द्धन गर्नु।
३. विश्वशान्ति स्थापना, निःशस्त्रीकरण, मानव अधिकारको संरक्षण र प्रवर्द्धन, दिगो विकासको लक्ष्य प्राप्ति, जलवायु परिवर्तनका असर न्यूनीकरण, महामारी, आतङ्कवाद तथा साइबर अपराध नियन्त्रण, सुरक्षित आप्रवासन र भूपरिवेष्टित राष्ट्रका अधिकार प्राप्तिका लागि बहुपक्षीय मञ्चमा प्रभावकारी भूमिका निर्वाह गर्नु।
४. विधिमा आधारित न्यायपूर्ण, समावेशी र निष्पक्ष विश्वव्यवस्था निर्माणका लागि सहकार्य गर्नु।
५. क्षेत्रीय सहयोग, शान्ति र सहकार्यलाई प्रवर्द्धन गर्नु।
६. आर्थिक कूटनीतिको सञ्चालनद्वारा मुलुकको सामाजिक(आर्थिक रूपान्तरणमा योगदान पुयाउनु।
७. विदेशमा पेशा, व्यवसाय र रोजगारीमा संलग्न नेपाली समुदाय र कानूनी व्यक्तिको हितको संरक्षण गर्नु।
८. नेपालको विशिष्ट प्राकृतिक सौन्दर्य, मौलिक एवम् समृद्ध सभ्यता, संस्कृति, जीवन पद्धति, विविधता, चिन्तनधारा, कला, भाषा, साहित्य र खेलकुदको माध्यमबाट नेपालको सफ्ट पावर (क्यल एयधभच) लाई प्रवर्द्धन गर्नु ।

८. परराष्ट्र नीति:

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वाभिमान, राष्ट्रिय हितको संरक्षण र राष्ट्रिय सुरक्षाको प्रवर्द्धन गर्न द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय सम्बन्ध र सहयोग विस्तार एवम् सुदृढीकरणका लागि देहाय बमोजिमको नीति अवलम्बन गरी कूटनीतिका सबै आयामलाई प्रभावकारी ढङ्गबाट परिचालन गर्ने।

(क) द्विपक्षीय सम्बन्ध

८.१. नीति

छिमेकी लगायत सबै मित्रराष्ट्रसँग सार्वभौमिक समानता, पारस्परिक सम्मान र लाभका आधारमा द्विपक्षीय सम्बन्ध विस्तार र सुदृढ गर्ने। (७.१)

रणनीति तथा कार्यनीति

१. छिमेकी मुलुकहरूसँगको सम्बन्धलाई संयुक्त राष्ट्रसंघको बडापत्र, पञ्चशीलका सिद्धान्त तथा असल छिमेकीपनका मान्यताका आधारमा स्वतन्त्र र सन्तुलित ढङ्गबाट सञ्चालन गर्ने ।
२. सबै मित्रराष्ट्रसँगको सम्बन्धलाई थप सुदृढ र सुमधुर तुल्याउँदै सहयोग र सहकार्यमार्फत नेपालको समग्र राष्ट्रिय हितको प्रवर्द्धन गर्ने।
३. नेपालको अन्तर्राष्ट्रिय सीमाको सुरक्षा गरी सीमा दुरूस्त राख्ने। ऐतिहासिक सन्धि, सम्झौता, तथ्य र प्रमाणका आधारमा कूटनीतिक र शान्तिपूर्ण माध्यमबाट सीमा समस्या समाधान गर्ने।
४. सुरक्षा, अपराध नियन्त्रण तथा सीमापार अपराध एवम् आर्थिक र व्यापारिक विचलन लगायतका अवैध गतिविधिको नियन्त्रण, आवागमन सहजता र व्यापार तथा पारवहन सहजीकरण जस्ता पक्षलाई ध्यानमा राखी समन्वयात्मक ढङ्गले सीमा व्यवस्थापन गर्ने।
५. सबै प्रकारका अन्तरदेशीय अपराध नियन्त्रणको लागि द्विपक्षीय सहयोग प्रवर्द्धन गर्ने।
६. विवादको शान्तिपूर्ण समाधान गर्ने ।
७. छिमेकी मित्रराष्ट्रहरूको सुरक्षा संवेदनशीलतालाई ध्यान दिँदै नेपाली भूमि उनीहरूको हित प्रतिकूल हुने गरी प्रयोग हुन नदिने नीति र व्यवहारलाई निरन्तरता दिनो छिमेकी मित्रराष्ट्रहरूबाट सोही प्रकारको प्रतिवद्धता र सहयोग प्राप्त गर्ने । अन्य मित्रराष्ट्रहरूको हकमा पनि सोही नीति अवलम्बन गर्ने।
८. नेपालको राष्ट्रिय सुरक्षा र जल, जमिन, खनिज जस्ता प्राकृतिक सम्पदा, सांस्कृतिक धरोहर र आकाश लगायतका महत्त्वपूर्ण राष्ट्रिय स्रोतको रक्षा गर्न प्रभावकारी कूटनीतिक माध्यम अवलम्बन गर्ने।
९. नेपालको सुरक्षामा पुग्न सक्ने सम्भावित खतराको आँकलन गरी सम्बन्धित निकायलाई सजग तुल्याउने।
१०. क्षेत्रीय आबद्धता र व्यापारिक सम्बन्ध बढाउन छिमेकी मित्रराष्ट्रहरूसँग सडक, रेलमार्ग, जलमार्ग, हवाइमार्ग, अप्टिकल फाइबर, पेट्रोलियम तथा ग्याँस पाइपलाइन, विद्युत् प्रसारणलाइन जस्ता बहुआयामिक सम्पर्क सञ्जाल (multidimensional connectivity network) को विस्तार गर्ने।
११. छिमेकी मित्रराष्ट्रहरूको आर्थिक विकास र समृद्धिबाट लाभ लिने गरी सहयोगका नयाँ क्षेत्रको पहिचान एवम् साझा हितका विषयमा द्विपक्षीय, त्रिपक्षीय एवम् बहुपक्षीय साझेदारी प्रवर्द्धन गर्ने।
१२. आवश्यकता अनुसार द्विपक्षीय परामर्श संयन्त्र स्थापना गरी राष्ट्रिय सुरक्षा नीतिको कार्यान्वयनमा सहयोग पुयाउने।
१३. उच्चस्तरीय भ्रमणको आदानप्रदान मार्फत् सम्बन्धलाई थप सुदृढ तुल्याउने, जनस्तरको सम्पर्क विस्तार गर्ने।
१४. द्विपक्षीय संयन्त्रलाई सक्रिय तुल्याई सहयोगका क्षेत्रलाई थप विस्तार गर्ने। पारस्परिक हित र आवश्यकताका आधारमा संयन्त्र स्थापना गरी द्विपक्षीय सम्बन्धलाई सुदृढ र सहयोगलाई परिणाममुखी बनाउने।
१५. कूटनीतिक सम्बन्ध स्थापना हुन बाँकी संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूसँग कूटनीतिक सम्बन्ध स्थापना गर्दै जाने।
१६. विभिन्न मुलुकसँग संसदीय समूह वा मैत्री समूह स्थापना गर्न पहल तथा सहजीकरण गर्ने।
१७. पर्यावरणीय अन्तर(निर्भरतालाई ध्यानमा राख्दै वातावरणीय विनाश रोक्न, जलवायु परिवर्तनका असर कम गर्न र दिगो विकासका लागि उपलब्ध प्राकृतिक स्रोतको संरक्षण, सम्वर्द्धन र सदुपयोगका लागि अन्तर्राष्ट्रिय रूपमा सक्रियतापूर्वक समन्वय र सहकार्य गर्ने।
१८. नेपालको आर्थिक विकासमा सघाउ पुग्ने गरी द्विपक्षीय वाणिज्य सम्बन्ध र साझेदारी विस्तार गर्ने।
१९. पारस्परिक आर्थिक लाभ अभिवृद्धि गर्न उत्पादन सञ्जाल एवम् मूल्य श्रृङ्खला विस्तार गर्ने।
२०. आवश्यक कानूनी तथा संरचनामा सुधार गरी प्रत्यक्ष वैदेशिक लगानी अभिवृद्धि गर्ने।
२१. भूपरिवेष्टित राष्ट्रको रूपमा मुलुकले पाउने पारवहन स्वतन्त्रताको निर्वाध, सरल एवम् सहज उपभोगको सुनिश्चितता गर्ने।
२२. नेपालको सामाजिक तथा आर्थिक विकास, पूर्वाधार निर्माण एवम् प्राथमिकताका अन्य क्षेत्रमा द्विपक्षीय सहयोग परिचालन गर्ने।
२३. अन्तर्राष्ट्रिय आर्थिक व्यवस्थामा देखापर्ने प्रवृत्ति र मुलुक विशेषको आर्थिक, व्यापारिक, औद्योगिक, प्रौद्योगिक तथा वित्तीय नीतिको अध्ययन गरी त्यसबाट नेपाललाई पर्ने प्रभावका बारेमा नियमित विशेषण तथा पृष्ठपोषण गर्ने।

८.२. नीति

द्विपक्षीय सन्धि सम्झौतालाई राष्ट्रिय हित अनुकूल हुने गरी पुनरावलोकन तथा परिमार्जन गर्ने र आवश्यकतानुसार नयाँ सन्धि सम्झौता गर्ने। (७.१)

रणनीति तथा कार्यनीति

१. छिमेकी लगायत अन्य मित्रराष्ट्रसँग विगतमा सम्पन्न भएका द्विपक्षीय, त्रिपक्षीय सन्धि सम्झौतालाई राष्ट्रिय हित अनुकूल हुने गरी सार्वभौमिक समानता, पारस्परिक सम्मान र लाभका आधारमा समयानुकूल पुनरावलोकन, परिमार्जन गर्ने।
२. विद्यमान वाणिज्य, पारवहन, रेल सेवा, व्यापार तथा भुक्तानी, यातायात लगायतका सन्धि सम्झौतालाई समयानुकूल बनाउँदै लैजाने।
३. विभिन्न मुलुकसँग आवश्यकतानुसार सौविध्यपूर्ण व्यापार सम्झौता गर्ने।
४. राष्ट्रिय हितलाई सर्वोपरि राखी मुलुकले धान्न सक्ने अवस्था, निर्वाह गर्नुपर्ने दायित्व र त्यसबाट पर्ने प्रभाव समेतको विश्लेषण गरी आवश्यकतानुसार नयाँ सन्धि सम्झौता गर्ने।
५. प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँटसम्बन्धी सन्धि सम्झौता गर्दा राष्ट्रिय हितलाई सर्वोपरि राख्ने। (ख) बहुपक्षीय सहयोग

८.३. नीति

बहुपक्षीय कूटनीतिमा संयुक्त राष्ट्रसंघको केन्द्रीय भूमिकामा जोड दिँदै विश्वशान्ति, मानव अधिकार र दिगो विकासको प्रवर्द्धनमा योगदान पुयाउने। (७.२, ७.३)

रणनीति तथा कार्यनीति

१. संयुक्त राष्ट्रसंघको केन्द्रीय भूमिकालाई प्रभावकारी बनाउन र बडापत्रले परिलक्षित गरेको विश्व व्यवस्था निर्माणका लागि बहुपक्षीयताको संरक्षण र बहुपक्षीय संस्थाहरूको सामयिक सुधार तथा सुदृढीकरणमा जोड दिने।
२। संयुक्त राष्ट्रसंघ लगायत अन्य बहुपक्षीय मञ्चमा साना, जोखिममा परेका, अतिकम विकसित र भूपरिवेष्टित राष्ट्रहरू तथा पर्वतीय मुलुकहरूको हक हित रक्षाको लागि पैरवी एवम् सहकार्य गर्दै प्रभावकारी भूमिका निर्वाह गर्ने।
३. विश्वशान्ति तथा सुरक्षामा नेपालको विशिष्ट योगदान र भूमिकालाई थप प्रभावकारी बनाउने।
४. संयुक्त राष्ट्रसंघ लगायत अन्य अन्तर्राष्ट्रिय संघसंस्थाको नीति निर्माण अङ्गमा नेपालको उम्मेदवारी, प्रतिनिधित्व एवम् नेतृत्वका लागि निरन्तर पहल गर्ने।
५. शान्ति प्रक्रिया र संविधान निर्माणको नेपालको आफ्नो विशिष्ट अनुभव अन्य मुलुकहरूसँग साटासाट गर्ने।
६. दिगो विकासका लक्ष्यहरू हासिल गर्नका लागि अन्तर्राष्ट्रिय सहयोग परिचालनमा संयुक्त राष्ट्रसंघ र यस अन्तर्गतका निकायको भूमिका थप सशक्त बनाउन जोड दिने।
७. राष्ट्रिय हित अनुकूल हुने गरी विभिन्न बहुपक्षीय सन्धि सम्झौताको पक्ष बन्ने, नयाँ क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सङ्गठनको सदस्यता लिने।
८. अन्तर्राष्ट्रिय कानूनको विकास र संहिताकरणमा सघाउ पुर्‍याउने।
९. असंलग्न आन्दोलन, उत्तर(दक्षिण, दक्षिण(दक्षिण तथा त्रिकोणात्मक सहयोगको भावनाअनुरूप आपसी हितका विषयमा सहकार्य गर्ने।
१०. संयुक्त राष्ट्रसंघ अन्तर्गत अन्तर्राष्ट्रिय शान्ति कार्यमा थप योगदान दिन आवश्यक पर्ने क्षमता, स्रोत साधन, तालिम तथा समन्वय वृद्धि गर्दै जाने।
११. नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा उत्तरदायीपूर्ण ढङ्गले काम गर्नेगरी नियमन गर्ने ।

८.४. नीति

शस्त्रास्त्रको होडबाजीको अन्त्य र आणविक, जैविक, रासायनिक तथा अन्य आमविनाशकारी हातहतियारको पूर्ण निशस्त्रीकरणका लागि विश्व समुदायसँग सहकार्य गर्ने।

(७.२, ७.३) रणनीति तथा कार्यनीति

१. शस्त्रास्त्रको होडबाजीको विरोध तथा शान्ति क्षेत्र स्थापनाको पक्षमा निरन्तर वकालत गर्ने।
२. निशस्त्रीकरणबाट प्राप्त हुने लाभलाई आर्थिक( सामाजिक विकासमा लगानी गर्नुपर्ने मान्यतालाई स्थापित गर्न पहल गर्ने।
३. रासायनिक, जैविक, रेडियोधर्मी तथा आणविकजस्ता आमविनाशकारी हातहतियारको समयबद्ध र पूर्ण निशस्त्रीकरणको पक्षमा निरन्तर आवाज उठाउँदै यस सम्बन्धी अन्तर्राष्ट्रिय प्रयासमा ऐक्यवद्धता जनाउने।
४. आणविक हातहतियारको अप्रसार र आणविक प्रविधिको शान्तिपूर्ण उपयोगको पक्षमा जोड दिने।
५. निर्मम र अति पीडादायी परम्परागत हातहतियारको उन्मूलन र साना हातहतियारको अवैध उत्पादन, भण्डारण, ओसारपसार र बिक्री वितरणलाई नियन्त्रण गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय प्रयासमा रचनात्मक भूमिका निर्वाह गर्ने।
६. निशस्त्रीकरणको अन्तर्राष्ट्रिय प्रयासमा परिपूरकको रूपमा क्षेत्रीय प्रयासलाई प्रवर्द्धन गर्न नेपालस्थित शान्ति तथा निशस्त्रीकरणका लागि संयुक्त राष्ट्रसंघीय एसिया प्रशान्त क्षेत्रीय केन्द्र अन्तर्गतको 'काठमाण्डौं प्रोसेस' लाई प्रवर्द्धन गर्ने।
७. निशस्त्रीकरणसम्बन्धी राष्ट्रिय निकायलाई थप प्रभावकारी बनाउने।

८.५. नीति

सबै प्रकारका आतङ्कवाद एवम् अतिवाद विरुद्धका राष्ट्रिय प्रयासलाई सार्थक बनाउन विश्व समुदायसँग ऐक्यबद्धता र सहकार्य गर्ने। (७.२, ७.३)

रणनीति तथा कार्यनीति

१. सबै प्रकारका आतङ्कवाद एवम् अतिवादको निन्दा र भर्त्सना गर्दै आतङ्क प्रतिरोधसँग सम्बन्धित अन्तर्राष्ट्रिय मञ्च तथा संयन्त्रमा सक्रिय भूमिका निर्वाह गर्ने।
२. प्रतिआतङ्कवाद (Counter-terrorism) कार्यमा राष्ट्रिय क्षमता अभिवृद्धि गर्नका लागि सहयोग र सहकार्य गर्ने।
३. आतङ्कवादमा वित्तीय लगानी तथा यसलाई सघाउ पुयाउने मुद्रा निर्मलीकरण, संगठित अपराध, खोटाचलन, भ्रष्टाचार, मुद्राको अवैध कारोबार एवम् कर छली नियन्त्रण गर्न अन्तर्राष्ट्रिय संयन्त्रमा सक्रिय भूमिका निर्वाह गर्ने।
४. राष्ट्रिय आवश्यकता र हित अनुकूल हुने गरी मित्रराष्ट्रसँग पारस्परिक कानूनी सहायता र सुपुर्दगी सन्धि/सम्झौता गर्ने ।
५. मानव तस्करी, लागू पदार्थको अवैध ओसारपसार, साइबर अपराध तथा अन्य सीमापार अपराध विरुद्ध द्विपक्षीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा सहकार्य गर्ने।

८.६. नीति

मानव अधिकारको प्रवर्द्धन तथा संरक्षणका लागि संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद् लगायतका संयन्त्रमा नेपालको भूमिकालाई थप प्रभावकारी तुल्याउने। (७.२, ७.३)

रणनीति तथा कार्यनीति

१. मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा राष्ट्रसंघीय मानव अधिकार परिषद्को सदस्य राष्ट्रका हैसियतले निष्पक्ष, स्वतन्त्र, तटस्थ, वस्तुनिष्ठ र पूर्वाग्रहरहित भूमिकामा जोड दिने।
२. मानव अधिकारका विश्वव्यापी मूल्य र मान्यताप्रति प्रतिवद्ध रहँदै नेपाल पक्ष रहेका मानव अधिकारसम्बन्धी सन्धि सम्झौता अन्तर्गतका आवधिक प्रतिवेदन नियमित रूपमा प्रस्तुत गर्ने।
३. सन्धि संयन्त्रहरू (Treaty Bodies), विश्वव्यापी आवधिक समीक्षा (Universal Periodic Review) तथा विशेष प्रतिवेदकहरू (Special Rapporteurs) का सिफारिश कार्यान्वयन गर्दै जाने।
४. नेपालले मानव अधिकारको क्षेत्रमा हासिल गरेका उपलब्धिलाई अन्तर्राष्ट्रिय जगतमा सम्प्रेषण गर्ने।
५. संयुक्त राष्ट्रसंघीय मानव अधिकार संयन्त्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्न पहल गर्ने।

८.७. नीति

जलवायु परिवर्तनको चुनौती र त्यसका नकारात्मक प्रभावलाई सामना गर्न हरित गृह ग्याँस उत्सर्जनको न्यूनीकरण तथा अनुकूलनका लागि प्रभावकारी भूमिका निर्वाह गर्ने। (७.२, ७.३)

रणनीति तथा कार्यनीति

१. जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघ तथा अन्य अन्तर्राष्ट्रिय मञ्चको नीति निर्माण तहमा सक्रिय भूमिका निर्वाह गर्ने।
२. जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलनका लागि आवश्यक वित्तीय तथा प्राविधिक सहयोग प्राप्त गर्ने।
३. उच्च वातावरणीय जोखिममा रहेका पर्वतीय र अन्य मुलुकलाई एकजुट बनाउन अग्रसरता लिँदै जलवायु परिवर्तनका मुद्दामा अग्रणी भूमिका खेल्ने।
४. वातावरणीय विनाश र जलवायु परिवर्तनका असर न्यून गर्न र दिगो विकासका लक्ष्यहरू हासिल गर्न प्राकृतिक स्रोतको संरक्षण, सम्वर्द्धन र सदुपयोगका लागि सहकार्य गर्ने।
५. प्रदूषकले तिर्नुपर्ने सिद्धान्त (Polluters Pay Principle), समान तर पृथक जिम्मेवारीको सिद्धान्त (Common but Differentiated Responsibilities) तथा कार्बन व्यापार (Carbon Trading) का प्रावधानलाई कार्यान्वयन गर्न जोड दिने।
६. पर्वतीय मुलुकहरूको सञ्जालमा आबद्ध भई वातावरणीय बिनासले पार्ने प्रभाव बारे अन्तर्राष्ट्रिय समुदायको ध्यान आकर्षण गर्दै दिगो पर्वतीय अर्थतन्त्रको विकासमा सहयोग जुटाउने।

८.८. नीति

भूपरिवेष्टित तथा अति कम विकसित राष्ट्रको हित प्रवर्द्धनको लागि अन्तर्राष्ट्रिय मञ्चमा प्रभावकारी भूमिका निर्वाह गर्ने। (७.२, ७.३)

रणनीति तथा कार्यनीति

१. अन्तर्राष्ट्रिय कानूनी एवम् नीतिगत संयन्त्रमा भूपरिवेष्टित राष्ट्रको पारवहन, अन्तर्राष्ट्रिय व्यापार र विकाससम्बन्धी हित तथा अधिकार संरक्षण र संस्थागत गर्न पहल गर्ने एवम् कार्यान्वयनमा जोड दिने।
२. अतिकम विकसित राष्ट्रका साझा समस्या समाधानका लागि अन्तर्राष्ट्रिय सहयोग जुटाउन प्रयास गर्ने।
३. साझा हित र चासोका विषयमा ऐक्यबद्धता तथा सहकार्य गर्दै समूह जी-७७ जस्ता मञ्चमा सक्रिय भूमिका निर्वाह गर्ने।
४. दक्षिण(दक्षिण सहयोगलाई सदस्य राष्ट्रहरूबीच व्यापार, लगानी तथा पर्यटन प्रवर्द्धन र प्रविधि हस्तान्तरणको माध्यमबाट विकासको साझा आकांक्षा पूरा गर्ने प्रभावकारी मञ्चको रूपमा उपयोग गर्ने।

८.९. नीति

अन्तर्राष्ट्रिय आप्रवासनलाई सुरक्षित, भरपर्दो, व्यवस्थित र मर्यादित तुल्याउने प्रयासमा सहकार्य गर्ने। (७.२, ७.३)

रणनीति तथा कार्यनीति

१. अन्तर्राष्ट्रिय आप्रवासनलाई सुरक्षित, भरपर्दो, व्यवस्थित र मर्यादित बनाउन सक्रिय भूमिका निर्वाह गर्ने।
२. आप्रवासी कामदारको हक, हित र सुरक्षा सुनिश्चित गर्दै वैदेशिक रोजगारीलाई पारदर्शी, मर्यादित र सुरक्षित बनाउन गन्तव्य मुलुक तथा सम्बद्ध निकायसँग सहकार्य गर्ने।
३. आप्रवासन तथा शरणार्थीसम्बन्धी अन्तर्राष्ट्रिय नीति निर्माण प्रक्रियामा सक्रिय र रचनात्मक भूमिका निर्वाह गर्ने।
४. अन्तर्राष्ट्रिय आप्रवासनलाई व्यवस्थित बनाउन अन्तर्राष्ट्रिय श्रम सङ्गठन, अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन लगायतका संस्थासँग सहकार्य बढाउने।
५. शरणार्थीको स्वदेश फर्कन पाउने अधिकारको सुनिश्चितताका लागि पहल गर्ने, स्वेच्छाले स्वदेश फर्कन चाहने शरणार्थीलाई स-सम्मान र सुरक्षित रूपमा स्वदेश फिर्ता पठाउने।

(ग) विधिमा आधारित विश्वव्यवस्था

८.१०. नीति

विधिमा आधारित न्यायपूर्ण, समावेशी, मानवकेन्द्रित र निष्पक्ष विश्व व्यवस्था निर्माणका लागि सक्रिय भूमिका निर्वाह गर्ने। (७.४)

रणनीति तथा कार्यनीति

१. सार्वभौमिक समानताको सिद्धान्तका आधारमा सबै राष्ट्रले अन्तर्राष्ट्रिय दायित्व इमान्दारीपूर्वक वहन गर्नुपर्ने पक्षमा आवाज उठाउने।
२. अन्तर्राष्ट्रिय नीति निर्माण प्रक्रियामा सबै राष्ट्रको अधिकार, आवाज र अभिमत प्रतिबिम्बित हुने विश्व व्यवस्थाको पक्षमा वकालत गर्ने।
३. अन्तर्राष्ट्रिय प्रणालीमा सबै राष्ट्रको स्वामित्व सुनिश्चित गर्न राजनीतिक, आर्थिक, वित्तीय तथा व्यापारिक आयाम एवम् संरचनालाई प्रतिनिधिमूलक, उत्तरदायी तथा समावेशी बनाउन जोड दिने।
४. अन्तर्राष्ट्रिय तथा क्षेत्रीय आर्थिक र वित्तीय संघसंस्थामा नेपालको प्रतिनिधित्व र सहभागितालाई थप सक्रिय एवम् प्रभावकारी बनाउने।
५. विश्वव्यापीकरणको लाभ सबै राष्ट्रले समन्यायिक रूपमा प्राप्त गर्ने अवस्था सुनिश्चित गर्न पहल गर्ने।
६. बहुपक्षीय व्यापार प्रणालीबाट सबै मुलुकले समानुपातिक लाभ प्राप्त गर्ने वातावरण सुनिश्चित गर्न विश्व व्यापार सङ्गठन जस्ता संयन्त्रहरूको प्रभावकारिताका लागि सक्रिय पहल गर्ने। समान चासो तथा धारणा भएका मुलुकहरूसँग सहकार्य गरी विधिमा आधारित विश्व व्यापारबाट अधिकतम लाभ लिन सक्रिय भूमिका निर्वाह गर्ने।
७. भूपरिवेष्टित र अतिकम विकसित मुलुकको समग्र हितले ग्राह्यता पाउने गरी बहुपक्षीय व्यापार वार्तालाई अगाडि बढाउन जोड दिने।
८. भूपरिवेष्टित राष्ट्रहरूको अधिकार उल्लङ्घन हुन नदिन एवम् उल्लङ्घन भएको अवस्थामा उक्त अधिकारको निर्बाध उपभोगका लागि प्रभावकारी अन्तर्राष्ट्रिय प्रबन्धका पक्षमा आवाज उठाउने।
९. अतिकम विकसित राष्ट्रलाई "विशेष तथा पृथक व्यवहार" अन्तर्गत प्राप्त सहुलियतको पूर्ण कार्यान्वयनका लागि समान चासो भएका सदस्य राष्ट्रबीच सहकार्य गर्ने।
१०. विकासोन्मुख मुलुकको आर्थिक विकासको लागि व्यापार, लगानी र प्रविधि हस्तान्तरणका लागि अनुकूल वातावरण सिर्जना गर्न सक्रिय भूमिका निर्वाह गर्ने।
११. बदलिँदो अन्तर्राष्ट्रिय परिवेशमा असंलग्न आन्दोलनको सान्दर्भिकता र महत्त्वलाई थप उजागर गर्न सहकार्य गर्ने।
१२. जल्दाबल्दा राजनीतिक तथा आर्थिक मुद्दाको समाधानका लागि असंलग्न आन्दोलनमा आबद्ध सदस्य राष्ट्रहरूको ऐक्यबद्धता र सहकार्यमा जोड दिने।

(घ) क्षेत्रीय सहयोग

८.११. नीति

क्षेत्रीय सहयोगको माध्यमबाट विकास र समृद्धि हासिल गर्न सक्रिय भूमिका निर्वाह गर्ने। (७.५)

रणनीति तथा कार्यनीति

१. क्षेत्रीय अन्तरनिर्भरता र अन्तर(आबद्धतालाई सघन बनाउँदै आर्थिक विकास र समृद्धिका लागि साझा चासोका विषयमा क्षेत्रीय सहयोगलाई प्रभावकारी माध्यमको रूपमा विकास गर्न जोड दिने।
२. नेपाल सदस्य रहेका दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (SAARC), बहुपक्षीय आर्थिक तथा प्राविधिक सहयोगका लागि बंगालको खाडीको प्रयास (BIMSTEC), एसिया सहयोग संवाद (ACD), साङ्घाई सहयोग सङ्गठन (SCO), बंगलादेश(भुटान( भारत(नेपाल (BBIN) जस्ता क्षेत्रीय तथा उपक्षेत्रीय संरचना मार्फत ती संस्थाको उद्देश्य प्राप्तिका लागि सहकार्य र आपसी सद्भावमा जोड दिँदै सक्रिय र रचनात्मक भूमिका निर्वाह गर्ने।
३. सदस्य राष्ट्रहरूको साझा हित र लाभका लागि प्राथमिकताका क्षेत्र पहिचान गरी क्षेत्रीय सहयोगलाई सघन ढङ्गबाट अगाडि बढाउन जोड दिने।
४. दक्षिण एसियाली स्वतन्त्र व्यापार सम्झौता ( SAFTA) को सफल कार्यान्वयनमार्फत सार्क आर्थिक संघ (South Asian Economic Union) को लक्ष्यलाई साकार पार्नेतर्फ क्षेत्रीय सहयोगलाई उन्मुख गराउन जोड दिने।
५. नेपाल सदस्य रहेका क्षेत्रीय तथा उपक्षेत्रीय सहयोग संरचना अन्तर्गतका मुलुकमा विद्यमान प्राकृतिक स्रोतको प्रचुरता, जनसांख्यिक लाभांश तथा सामाजिक(सांस्कृतिक सामीप्यबाट उपलब्ध अवसरको अधिकतम उपयोगमा जोड दिने।
६. साझा चासो र हितका विषयमा सामूहिक दृष्टिकोण निर्माण गरी अन्तर्राष्ट्रिय मञ्चमा क्षेत्रीय पहिचानको प्रवर्द्धन गर्दै साझा आवाज प्रस्तुत गर्न पहल गर्ने।
७. सहकार्य र साझेदारी विकास गर्दै दक्षिण एसियालाई आर्थिक रूपमा अन्तरनिर्भर र समृद्ध एवम् भौतिक रूपमा अन्तरआबद्ध बनाउन पहल गर्ने ।
८. क्षेत्रीय तथा उपक्षेत्रीय सहयोगअन्तर्गत भएका सम्झौताको प्रभावकारी कार्यान्वनमा जोड दिने। स्थापित संयन्त्रलाई क्रियाशील बनाई क्षेत्रीय सहयोगलाई परिणाममुखी बनाउन जोड दिने।
९. क्षेत्रीय सम्पर्क सञ्जालमा आबद्ध भई क्षेत्रीय तथा उपक्षेत्रीय तहमा उपलब्ध आर्थिक विकासका अवसरको अधिकतम उपयोगमा जोड दिने।
१०. दक्षिण एसिया र दक्षिण पूर्वी एसियालाई आर्थिक र सामाजिक रूपमा आबद्ध बनाउँदै दुवै क्षेत्रको सम्भावना र सामर्थ्यबाट लाभ लिन सार्क तथा बिमस्टेकका मञ्चबीच सहकार्य बढाउन जोड दिने।

(ङ) आर्थिक कूटनीति

८.१२. नीति

विकास सहायता परिचालन तथा वैदेशिक लगानी, निर्यात व्यापार र पर्यटन प्रवर्द्धन लगायतका क्षेत्रमा प्रभावकारी आर्थिक कूटनीतिको सञ्चालनद्वारा राष्ट्रको आर्थिक विकास र समृद्धिमा योगदान पुयाउने। ( ७.६)

रणनीति तथा कार्यनीति

१. आर्थिक कूटनीतिलाई समग्र कूटनीतिको एक महत्त्वपूर्ण आयामको रूपमा सञ्चालन गरी समृद्ध नेपाल, सुखी नेपाली को राष्ट्रिय आकाङ्क्षा हासिल गर्न योगदान पुयाउने।
२.नेपालको आर्थिक विकास, व्यापार प्रवर्द्धन, पर्यटन विकास तथा लगानी प्रवर्द्धन गर्नेगरी आर्थिक कूटनीति सञ्चालन गर्ने र विदेशस्थित नेपाली नियोग एवम् अवैतनिक महावाणिज्यदूतहरूलाई परिचालन गर्ने।
३. आर्थिक कूटनीतिको देशगत र क्षेत्रगत रणनीति कार्यान्वयनमा ल्याउने।
४. राष्ट्रिय हित अनुकूल हुने गरी द्विपक्षीय र बहुपक्षीय

बाँकी पृष्ठ ५ मा

16-34, Madheshvani, Mansir-26, 2077.pmd 4 12/11/2020, 11:00 AM

# नेपालको...

आर्थिक सम्बन्ध र साझेदारीलाई विस्तार गर्ने।

५. राष्ट्रिय अर्थतन्त्रलाई टेवा पुग्ने गरी स्वतन्त्र व्यापार सम्झौता लगायत आर्थिक तथा व्यापारिक सम्बन्ध विस्तार गर्ने, आवश्यकता अनुसार छिमेकी मुलुकहरूसँग सीमा वारपार विशेष आर्थिक क्षेत्रको स्थापना र विकास गर्ने।

६. राष्ट्रिय स्वामित्व र नेतृत्व कायम हुने गरी मुलुकको आवश्यकता र प्राथमिकताका क्षेत्रमा बजेट प्रणालीमार्फत विकास सहायता परिचालन गर्न जोड दिने।

७. विभिन्न अन्तर्राष्ट्रिय कोषबाट सहुलियतपूर्ण ऋण तथा अनुदान प्राप्त गर्न पहल गर्ने।

८. नेपालले आफ्नो विज्ञता भएको क्षेत्रमा तथा विपद्को समयमा अन्तर्राष्ट्रिय सहयोग प्रदान गर्ने।

८.१३. नीति

लगानी र पर्यटन प्रवर्द्धन, निर्यात विस्तार र आयात व्यवस्थापन गर्दै राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुयाउने। (७.६)

रणनीति तथा कार्यनीति

१. देशगत र वस्तुगत विश्लेषणका आधारमा निर्यात व्यापार विस्तार, आयात व्यवस्थापन, लगानी प्रवर्द्धन र प्रविधि हस्तान्तरणका लागि आर्थिक कूटनीति परिचालन गर्ने।

२. मुलुकको आर्थिक हितलाई दृष्टिगत गर्दै विभिन्न राष्ट्रसँग व्यापार तथा लगानी एवम् प्रविधि हस्तान्तरण सम्झौता गर्न पहल गर्ने।

३. उच्च मूल्य, कम आयतन भएका र मुलुकमा उपलब्ध प्राकृतिक स्रोत साधनका उत्पादनको लागि नयाँ र उदीयमान बजार पहिचान गरी सहुलियतपूर्ण सुविधा सहितको निर्यात व्यापार प्रवर्द्धन गर्ने।

४. विदेशमा हुने ठूला व्यापार प्रदर्शनी तथा मेला एवम् व्यवसाय(व्यवसाय बीचको (B2B- Business to Business) बैठकमा निजी क्षेत्रको प्रभावकारी सहभागिताका लागि सहजीकरण गर्ने, द्विपक्षीय व्यापारिक प्रतिनिधिमण्डलको आदान प्रदानलाई उत्प्रेरित गर्ने।

५. नेपालले अधिकतम लाभ लिन सक्ने गरी कोटा तथा भन्सार छुटसम्बन्धी सुविधा प्राप्त गर्न पहल गर्ने।

६. अतिकम विकसित राष्ट्रको हैसियतले भन्सार र कोटारहित सुविधा प्राप्त बजार पहुँच (DFQF) सुविधा, विशेष ग्राह्यता प्रणाली (Generalized System of Preference-GSP) को उच्चतम उपयोग गर्न पहल गर्ने।

७. भन्सारजन्य, गैरभन्सारजन्य अवरोध र पारवहनका समस्याको समाधानको लागि सहजीकरण गरी नेपाली वस्तु तथा सेवाको निर्यात प्रवर्द्धन गर्ने ।

८. व्यापारमा सहायता (ब्म ायच त्चबमभ) अभिवृद्धि गर्नका लागि अन्तर्राष्ट्रिय वित्तीय संस्थासँग समन्वय गर्ने।

९. आप्रवासी नेपालीलाई नेपाली उत्पादनको बजारीकरण गर्न प्रेरित गर्ने।

१०. वस्तु तथा सेवाको निर्बाध रूपमा आयात निर्यात सुनिश्चित गर्न कूटनीतिक समन्वय तथा सहकार्य गर्ने।

११. नेपाललाई आकर्षक लगानी गन्तव्यका रूपमा स्थापित गराउन सम्भाव्य लगानीकर्तासँग सम्पर्क र समन्वय गर्ने।

१२. आर्थिक वृद्धिलाई तीव्रता दिन भरपर्दो र धान्न सकिने प्रविधि भित्र्याउन जोड दिने।

१३. प्रचारात्मक र प्रवर्द्धनात्मक कार्य मार्फत् नेपाललाई प्राथमिक पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न पहल गर्ने।

१४. द्विपक्षीय हवाई सम्झौतामार्फत हवाई सम्पर्क विस्तार र प्रवर्द्धन गरी अधिकतम गन्तव्यहरूमा हवाई पहुँच र एयर ट्राफिक अधिकार सुनिश्चित गर्न कुटनीतिक पहल गर्ने।

१५. अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति भएपश्चात्को संक्रमण कालमा दिगो र सहज रूपमा अगाडि बढ्न बाह्य सहायताका स्रोतलाई समुचित ढङ्गबाट परिचालित गर्ने।

१६. उच्चस्तरीय आर्थिक कूटनीति अनुगमन समितिलाई थप सक्रिय र प्रभावकारी बनाउने।

१७. अन्तरनिकाय सहयोग र समन्वयलाई सुदृढ बनाउँदै व्यापार तथा लगानीसम्बन्धी उपलब्ध डाटाबेसको उपयोग गर्ने।

८.१४. नीति

वैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित बनाउने। (७.६)

रणनीति तथा कार्यनीति

१. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, भरपर्दो र गुणस्तरीय बनाउन द्विपक्षीय श्रम सम्झौता गर्ने तथा विद्यमान सम्झौतालाई आवश्यकता अनुसार पुनरावलोकन गर्ने।

२. वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीलाई देश विकासमा लगानी गर्ने वातावरण तयार गर्ने र स्वदेश फर्कन चाहनेलाई स्वरोजगार एवम् उद्यमी बन्न उत्प्रेरित गर्ने।

३. नेपाली श्रमिकको पेशागत हकहित, सुरक्षा, सामाजिक सुरक्षा एवम् मर्यादित रोजगार जस्ता विषयमा स्रोत तथा गन्तव्य मुलुकबीच सहयोग र समझदारी बढाउन क्षेत्रीय परामर्श संयन्त्रमा सक्रिय भूमिका निर्वाह गर्ने।

४. श्रमिकको दक्षता अभिवृद्धि गर्न आवश्यक तालिम तथा सीप विकासका लागि वैदेशिक रोजगार गन्तव्य मुलुकबाट सहयोग जुटाउने। नेपाली श्रमिक र तिनका परिवारमा वित्तीय साक्षरता अभिवृद्धि गर्दै विप्रेषणलाई बैंकिङ माध्यमबाट सुरक्षित रूपमा भित्र्याउन र उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने।

६. अन्तर्राष्ट्रिय श्रम बजारको गहन अध्ययन विश्लेषण गरी श्रम बजारमा पर्ने प्रभावका सम्बन्धमा नियमित पृष्ठपोषण गर्ने।

७. वैदेशिक रोजगारीका लागि श्रमिक पठाउने मुलुकहरू बीच सहकार्य गर्ने।

८.१५. नीति

आप्रवासी नेपालीको ज्ञान, सीप, पूँजी, प्रविधि, सञ्जाल र पहुँचलाई नेपालको आर्थिक विकासमा परिचालन गर्ने। (७.६)

रणनीति तथा कार्यनीति

१. गैरआवासीय नेपालीको ज्ञान, सीप, पूँजी, प्रविधि, सञ्जाल र पहुँचलाई राष्ट्रको विकासमा परिचालन गर्ने।

२. आप्रवासी नेपालीको ज्ञान र सीपबाट मुलुकले फाइदा लिन प्रतिभा प्राप्ति केन्द्र (Brain Gain Center-BGC) मा आबद्ध भई योगदान गर्न प्रोत्साहन गर्ने।

३. आप्रवासी नेपालीलाई नेपालको कला, संस्कृति, भाषाको संवर्द्धन र प्रवर्द्धन एवम् नेपालका ऐतिहासिक तथा प्राकृतिक सम्पदाको प्रचारप्रसार गर्ने कार्यमा परिचालन गर्ने।

४. आर्थिक कूटनीतिका क्रियाकलापमा आवश्यकता अनुसार नेपाली डायस्पोरालाई परिचालन गर्ने।

५. नेपाल र नेपाली जनताप्रति सद्भाव बनाइराख्न, नेपालको विकासमा सहयोग जुटाउन तथा नेपालको छवि र प्रतिष्ठा अभिवृद्धि गर्न नेपाली डायस्पोरालाई परिचालन गर्ने।

६. नेपाली डायस्पोराबीचको एकता, सहकार्य र सहयोगमा जोड दिँदै सम्बन्धित मुलुकको राजनीतिक तथा आर्थिक वृत्तमा पहुँच बढाउन उत्प्रेरित गर्ने ।

७. समस्यामा परेका नेपालीलाई कानूनी परामर्श, राहत तथा उद्धारको व्यवस्था गर्ने। यसमा आवश्यकता अनुसार आप्रवासी नेपालीको सहयोग लिने।

८. राहदानी तथा कन्सुलर सेवालाई सूचना प्रविधिमा आधारित तुल्याई विदेशमा रहेका नेपालीको सहज पहुँच स्थापित गर्ने।

९. नेपाली समुदायको उल्लेख्य संख्या भएका मुलुकमा नेपाली भाषा, संस्कृति र भेषभूषा प्रवर्द्धनका लागि नेपाली भाषा विद्यालय, नेपाली भाषा प्रशिक्षण केन्द्र स्थापना तथा सञ्चालन गर्न सहजीकरण गर्ने। (च) प्राकृतिक तथा कानूनी व्यक्तिको हकहितको संरक्षण

८.१६. नीति

विदेशमा नेपालीको हकहितको रक्षा गर्ने। (७.७)

रणनीति तथा कार्यनीति

१. समस्यामा परेका नेपाली नागरिकको तर्फबाट कानूनी प्रतिनिधित्व, उद्धार, राहत, स्वदेश फिर्ती, क्षतिपूर्ति लगायतका कार्य गर्ने।

२. विदेशमा नेपाली नागरिकद्वारा संचालित फर्म, कम्पनी (कानूनी व्यक्ति) को हितको रक्षा गर्ने।

३. नेपाली वायुसेवा तथा जल परिवहन कम्पनी संलग्न भएको दावी मुद्दाका सम्बन्धमा नेपाली पक्षको प्रतिनिधित्व र हित संरक्षण गर्ने ।

४. राहदानी तथा अन्य कन्सुलर सेवा प्रभावकारी रूपमा प्रदान गर्ने।

५. आतिथेय मुलुकमा हुने नीतिगत परिवर्तनबाट नेपालीलाई पर्नसक्ने प्रभावको निरन्तर अध्ययन गरी अनुकूल नीतिगत व्यवस्थाको तर्जुमा गर्न प्रेरित गर्ने।

(छ) सार्वजनिक कूटनीति

८.१७. नीति

सार्वजनिक कूटनीतिको माध्यमबाट मुलुकको छवि र विशिष्ट पहिचानलाई सफ्ट पावरको रूपमा प्रवर्द्धन गरी अन्तर्राष्ट्रिय जगतको समर्थन, सहयोग र सद्भाव आर्जन गर्ने। (७.८)

रणनीति तथा कार्यनीति

१. स्वतन्त्र अस्तित्व, प्राकृतिक तथा सांस्कृतिक विविधता, मौलिक शान्ति प्रक्रिया, सबैसँग मित्रता र सहकार्य गर्ने नेपाली विशेषता जस्ता विशिष्ट राष्ट्रिय पहिचानका पक्षलाई सफ्ट पावरका रूपमा बाह्य जगतमा स्थापित गराउँदै नेपालको प्रतिष्ठा अभिवृद्धि गर्ने ।

२. समावेशी लोकतान्त्रिक प्रणाली तथा विधिको शासन र मानव अधिकारप्रति प्रतिवद्ध मुलुकको रूपमा नेपालको छवि प्रवर्द्धन गर्ने ।

३. नेपालको सभ्यता, संस्कृति, कला, साहित्य, भाषा, रहनसहन, चाडपर्व, रीतिरिवाज, सांस्कृतिक सम्पदा, परम्परा र भेषभूषालाई प्रचारप्रसार गर्ने।

४. शान्तिप्रियता, सहिष्णुता, मिलनसारिता, सहयोगीपन र अतिथि सत्कारजस्ता नेपाली समाजका विशेषतालाई प्रवर्द्धन गर्ने।

५. नेपाल राज्य, नेपाल सरकार र नेपाली जनताका बारेमा यथार्थ जानकारी एवम् सूचना प्रवाह गरी बाह्य जगतको सकारात्मक दृष्टिकोण बनाई राख्न पहल गर्ने।

६. बुद्धको जन्मस्थल लुम्बिनीलाई बौद्ध दर्शनको उद्गमस्थल एवम् अन्तर्राष्ट्रिय शान्ति नगरको रूपमा विकास गर्न पहल गर्ने, पाशुपत क्षेत्रलाई हिन्दू दर्शन र सभ्यताको एक प्रमुख केन्द्रको रूपमा प्रवर्द्धन गर्ने।

७. विश्वशान्ति प्रति नेपालको प्रतिवद्धता र योगदानलाई निरन्तरता दिँदै नेपाललाई एक शान्तिप्रिय मुलुकको रूपमा प्रस्तुत गर्ने।

८. सगरमाथा लगायत नेपालका हिमशृङ्खलाले यस क्षेत्रको दिगो जलभण्डारको रूपमा जलवायु परिवर्तनका नकारात्मक असर न्यून गर्न, पर्यावरणीय सन्तुलन कायम राख्न र मानव सभ्यताको जगेर्नामा पुयाएको विशेष योगदानलाई अन्तर्राष्ट्रिय जगतमा स्थापित गर्न पहल गर्ने।

९. नेपालको दुर्लभ वनस्पति, जडीबुटी र वन्यजन्तुको प्रचुर जैविक विविधताबाट विश्वको जैविक विविधता संरक्षण गर्न योगदान पुगेको तथ्य विश्व समुदाय समक्ष स्थापित गर्न प्रचार(प्रसार गर्ने।

१०. नेपालका हिमाल र उच्च पहाडी शृङ्खलालाई जैविक विविधता, जैविक खेती एवम् जडीबुटीको स्रोतको रूपमा प्रवर्द्धन गर्ने।

११. नवीकरणीय ऊर्जाको प्रवर्द्धन र हरित विकासको माध्यमबाट वातावरणीय प्रदूषण न्यूनीकरण गरी नेपाललाई अन्तर्राष्ट्रियस्तरमा कार्बन(न्युट्रल उन्मुख मुलुकको रूपमा प्रस्तुत गर्न प्रयत्न गर्ने।

१२. नेपालको सांस्कृतिक तथा पुरातात्विक महत्त्वका धरोहर र विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि युनेस्कोजस्ता संस्थासँग सहकार्य गर्ने।

१३. नेपाल प्राग(ऐतिहासिक कालदेखि नै मानव समुदायको बसोबास स्थल, प्राचीन ज्ञान भूमि एवम् पूर्वीय दर्शन र अध्यात्मको एक उद्गमस्थल भएको र त्यसबाट मानव सभ्यताको विकासमा योगदान पुगेको तथ्यलाई विश्व सामु उजागर गर्ने।

१४. विशिष्ट भौगोलिक अवस्था र अनुकूल हावापानीले नेपाल आध्यात्मिक चिन्तन, ध्यान, योग तथा आरोग्यताको लागि उपयुक्त गन्तव्य स्थलको रूपमा रहेको तथ्यलाई विश्वासामु प्रस्तुत गर्ने।

१५. क्षेत्रीय तथा अन्तर्राष्ट्रिय महत्त्व र सरोकारका समसामयिक विषयमा छलफल, अन्तरक्रिया र समान धारणा निर्माणका लागि अन्तर्राष्ट्रिय स्तरको स्थायी मञ्चका रूपमा सगरमाथा संवाद नियमित रूपमा सञ्चालन गर्ने।

१६. नेपाल र विभिन्न मुलुकबीच जनस्तरको सम्बन्ध विस्तारका लागि संसदीय मैत्री समूह, निजी क्षेत्रका द्विपक्षीय वाणिज्य संयन्त्र लगायत अन्य सद्भावना समूह निर्माण गर्न प्रेरित गर्ने।

१७. विदेशी विश्वविद्यालय, अध्ययन केन्द्र, प्रतिष्ठान आदिमा नेपाल अध्ययन केन्द्र स्थापना गर्न प्रोत्साहन गर्ने।

१८. नेपालको विकासमा योगदान पुयाएका, नेपाल र नेपालीप्रति सद्भाव राख्ने तथा नेपालको सम्मान अभिवृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका ख्यातिप्राप्त व्यक्तित्वसँग सम्पर्क र सहकार्य गर्ने।

१९. नेपाल र नेपालीको हितमा विशिष्ट योगदान पुयाउने ख्याति प्राप्त विदेशी नागरिकलाई सम्मानार्थ मान(पदवी तथा पुरस्कारका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने।

२०. शैक्षिक, वैज्ञानिक, सांस्कृतिक तथा जनस्तरको सम्बन्धलाई फराकिलो र सुदृढ बनाउने।

२१. नेपाली संस्कृति, परम्परा, परिकार, कला, भाषा, साहित्य तथा खेलकुदको प्रवर्द्धन गर्न सांस्कृतिक आदानप्रदानका लागि सम्बन्धित क्षेत्रमा कार्यरत संघसंस्थाको अधिकतम उपयोग गर्ने।

२२. नेपालका नगर र विदेशी मित्रराष्ट्रका नगरबीच भगिनी सम्बन्ध स्थापनाका लागि सहजीकरण गर्ने।

८.१८. नीति

सूचना तथा सञ्चार प्रविधिका नवीनतम आयामलाई परराष्ट्र नीति कार्यान्वयनमा प्रयोग गरी नेपालको समग्र राष्ट्रिय हितको रक्षा तथा प्रवर्धन गर्ने।

१. परराष्ट्र मन्त्रालय, अन्तर्गतका निकाय तथा नियोगको कूटनीतिक क्रियाकलाप लगायत दैनिक काम कारबाहीमा सूचना तथा सञ्चार प्रविधिलाई अधिकतम सदुपयोग गर्ने।

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहलाई सहज, भरपर्दो, गुणस्तरीय, प्रभावकारी तथा मितव्ययी तुल्याउँदै लैजाने।

३. सार्वजनिक कूटनीतिका सबै पक्षहरूमा सामाजिक सञ्जाल लगायत सूचना प्रविधिको अधिकतम प्रयोग गरी डिजिटल डिप्लोमेसीमार्फत अन्तर्राष्ट्रिय जगतमा यथार्थ र तथ्यपरक सूचना तथा सन्देश प्रवाह गरी नेपालप्रति सकारात्मक धारणा प्रवर्द्धन गर्ने।

४. सूचनाको सुरक्षा (data security) र विश्वसनीयता, साइबर सुरक्षा (cyber security) तथा समग्र सूचना प्रविधिको विस्तार र विकासमा द्विपक्षीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू र प्रक्रियाहरूसँग सहयोग, सहकार्य र समन्वय अभिवृद्धि गर्ने।

५. सूचना तथा सञ्चार प्रविधिमा विकासोन्मुख मुलुकहरूको पहुँच विस्तारको लागि पहल गर्ने।

६. विज्ञान कूटनीतिमार्फत विज्ञान र प्रविधिका विविध विधाहरूको अध्ययन अनुसन्धानमा सहयोग आदानप्रदान गर्ने।

(ज) ट्र्याक टु कूटनीति (Track Two Diplomacy)

८.१९. नीति

नियमित कूटनीतिक संयन्त्रका लागि सहज वातावरण सिर्जना गर्ने, विशिष्ट एवम् जटिल कूटनीतिक तथा राष्ट्रिय हितका विषयमा बहस, छलफल र सुझावका लागि आवश्यकता अनुसार 'ट्र्याक टु' कूटनीति (Track Two Diplomacy) उपयोग गर्ने। (७)

रणनीति तथा कार्यनीति

१. औपचारिक कूटनीतिका लागि वातावरण बनाउने प्रयोजनार्थ 'ट्र्याक टु कूटनीतिलाई उपयोग गर्ने।

२. 'ट्र्याक टु' कूटनीतिको रूपमा पूर्व कूटनीतिज्ञ, प्रतिष्ठित प्राज्ञ, सेवा निवृत्त उच्च सैनिक अधिकारी, प्रवुद्ध व्यक्तित्व, वैज्ञानिक, थिङ्कट्याङ्क, कलाकर्मी, साहित्यकार, उद्यमी तथा व्यवसायी एवम् स्थापित सञ्चारकर्मी लगायत अन्य विशिष्ट व्यक्तित्वको संलग्नता र योगदानलाई आवश्यकता अनुसार उपयोग गर्ने।

३. द्विपक्षीय सम्बन्धको विषयवस्तुको गाम्भीर्यलाई दृष्टिगत गरी आवश्यकता अनुसार प्रवुद्ध व्यक्ति समूह गठन गर्ने।

४. परराष्ट्र नीति, अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीतिको क्षेत्रमा ख्यातिप्राप्त विज्ञ तथा प्राज्ञिक व्यक्तित्वको ज्ञान, दृष्टिकोण, दक्षता र सञ्जालको आवश्यकता अनुसार उपयोग गर्ने। पेशागत, व्यावसायिक वा प्राज्ञिक क्षेत्रमा सफल नेपाली डायस्पोराको सम्बन्धित मुलुकमा रहेको सम्पर्क, पहुँच र सञ्जालमार्फत नेपालको हित प्रवर्द्धन गर्ने।

(झ) संस्थागत सुदृढीकरण ८.२०. नीति

परराष्ट्र मन्त्रालय र मातहतका निकाय लगायत अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालनमा भूमिका रहने निकायलाई एक्काइसौं शताब्दीको विश्व परिवेश सुहाउँदो प्रतिस्पर्धी, व्यावसायिक र सक्षम तुल्याउने। (७)

रणनीति तथा कार्यनीति

१. बाह्य परिस्थितिलाई सूक्ष्म ढङ्गबाट नियमित रूपमा विश्लेषण गरी नीति पृष्ठपोषण गर्ने कार्यलाई निरन्तरता दिने।

२. परराष्ट्र नीतिको प्रभावकारी कार्यान्वयनका लागि मित्रराष्ट्रसँगको सम्बन्धको समग्र पक्षको विश्लेषण गरी प्राथमिकताका आधारमा देशगत रणनीति बनाई कार्यान्वयनमा ल्याउने।

३. सार्वजनिक पद धारण गरेका व्यक्ति र महत्त्वपूर्ण जिम्मेवारीमा रहेका पदाधिकारीले अनिवार्य रूपमा कूटनीतिक आचारसंहिता पालना गर्ने प्रबन्ध मिलाउने।

४. परिवर्तित परिवेश अनुरूप राष्ट्रिय हितको संवर्द्धनका लागि प्रभावकारी ढङ्गले कार्यसम्पादन गर्नसक्ने व्यावसायिक जनशक्तिको व्यवस्था गर्ने।

५. यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि सरोकारवाला निकाय लगायत कूटनीतिक संयन्त्रको समग्र क्षमता अभिवृद्धि गर्ने।

६. आर्थिक कूटनीति लगायत कूटनीतिका नयाँ आयामका विषयमा दक्ष र सक्षम जनशक्ति तयार गर्न आवश्यक अध्ययन तालिमको प्रबन्ध मिलाउने।

७. सूचना प्रविधि सम्बन्धी भौतिक तथा प्राविधिक पूर्वाधारको विस्तार एवम् विकास गर्दै लैजाने। मन्त्रालय, अन्तर्गतका निकाय तथा नियोग र अन्य सरकारी निकायबीच अलग्गै सुरक्षित सञ्चार लाईन (secure and dedicated communication line) को विकास गर्ने ।

८. सम्बन्धित देशसँगको द्विपक्षीय सम्बन्ध, रणनीतिक आवश्यकता, लगानी, द्विपक्षीय व्यापारको परिमाण र त्यहाँ रहेको नेपालीको संख्या समेतका आधारमा कूटनीतिक निकायको स्थापना एवम् पुनरावलोकन गर्ने।

९. परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानलाई कूटनीतिक क्षेत्रको अध्ययन, अनुसन्धान, प्रकाशन, अभिलेख एवम् अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति, वार्ता तथा सम्झौता लगायतका विषयमा तालिम दिने प्रभावकारी संस्थाको रूपमा विकास गर्ने। विदेशी मुलुकका समान प्रकृतिका संस्थासँग आवश्यकता अनुसार सम्बन्ध विस्तार र अनुभव आदानप्रदान गर्न प्रेरित गर्ने।

१०. कूटनीतिक नियोगको नेतृत्व चयनमा अन्तर्राष्ट्रिय सम्बन्ध, अन्तर्राष्ट्रिय कानून, अर्थराजनीति र कूटनीतिक ज्ञान, अनुभव र सीप आर्जन गरेका व्यक्तिलाई प्राथमिकता दिने। कार्यक्षमताको सुनिश्चितता र कूटनीतिक नियुक्तिमा समावेशिताको मान्यताबीच समुचित सन्तुलन मिलाउँदै लैजाने।

११. अन्तर्राष्ट्रिय सम्बन्ध तथा परराष्ट्र मामिलाका क्षेत्रमा कार्यरत थिङ्कट्याङ्क, पूर्वकूटनीतिज्ञ तथा विज्ञको सुझाव आवश्यकता अनुसार उपयोग गर्ने।

१२. नेपाली राजदूत, महावाणिज्यदूत तथा कूटनीतिक नियोगमा कार्यरत कर्मचारीलाई आर्थिक कूटनीतिका क्षेत्रमा मापनयोग्य सूचक तयार गरी ती सूचकका आधारमा जिम्मेवारी प्रदान गरी निजले हासिल गरेको उपलब्धिलाई कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्दै लैजाने।

१३. अवैतनिक वाणिज्यदूतको नियुक्ति र सेवाका शर्त समयानुकूल पुनरावलोकन गर्ने।

१४. संस्थागत क्षमता विकास र स्रोत साधनको उपलब्धतालाई सुनिश्चित गर्दै सोको प्रभावकारी उपयोगद्वारा समग्र कूटनीतिलाई परिणाममुखी बनाउने।

९. कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन:

९.१. अन्तर्राष्ट्रिय सम्बन्धको समग्र पक्षको समन्वय परराष्ट्र मन्त्रालयले गर्नेछ। यस नीतिभित्र समेटिएका क्षेत्रगत विषयहरूको कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित विषयगत निकायको हुनेछ। यस नीतिका विषयहरू वार्षिक नीति तथा कार्यक्रम एवम् बजेट मार्फत सरोकारवाला निकायले वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्नेछ।

९.२. यस नीतिको कार्यान्वयनको निर्देशन, सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ:

क) परराष्ट्रमन्त्री - अध्यक्ष
ख) रक्षामन्त्री - सदस्य
ग) गृहमन्त्री - सदस्य
घ) अर्थमन्त्री - सदस्य
ङ) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री - सदस्य
च) ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री - सदस्य
छ) वन तथा वातावरण मन्त्री - सदस्य
ज) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री - सदस्य
झ) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री - सदस्य
ञ) नेपाल सरकारको मुख्य सचिव - सदस्य
ट) सचिव, परराष्ट्र मन्त्रालय - सदस्य सचिव

समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेबमोजिम बस्नेछ। समितिले आवश्यकता अनुसार अन्य सम्बन्धित पदाधिकारी र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

९.३. यस नीतिको कार्यान्वयनमा समन्वय तथा सहजीकरण गर्न देहाय बमोजिमको समन्वय समिति रहनेछ:

क) सचिव, परराष्ट्र मन्त्रालय - संयोजक
ख) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, (परराष्ट्र मामिला हेर्ने) - सदस्य
ग) सचिव, रक्षा मन्त्रालय - सदस्य
घ) सचिव, गृह मन्त्रालय - सदस्य
ङ) सचिव, अर्थ मन्त्रालय - सदस्य
च) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (वाणिज्य हेर्ने) - सदस्य
छ) सचिव, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय (ऊर्जा हेर्ने) - सदस्य
ज) सचिव, वन तथा वातावरण मन्त्रालय - सदस्य
झ) सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - सदस्य
ञ) सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - सदस्य
ट) सहसचिव, नीति योजना महाशाखा, परराष्ट्र मन्त्रालय - सदस्य सचिव

समितिको बैठक वर्षमा एक पटक र आवश्यकता अनुसार संयोजकले तोकेबमोजिम बस्नेछ। समितिले आवश्यकता अनुसार अन्य सम्बन्धित पदाधिकारी र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

१०. कानूनी व्यवस्था:

१०.१. यस नीतिको कार्यान्वयनको लागि परराष्ट्र मन्त्रालयले समन्वय गर्ने विषयको हकमा परराष्ट्र मन्त्रालयसँग सम्बन्धित ऐन नियमहरू र अन्य विषयगत मन्त्रालय एवं निकायहरूसँग सम्बन्धित विषयको हकमा तत् तत् मन्त्रालय र निकायसँग सम्बन्धित ऐन नियम मार्फत कार्यान्वयन गरिनेछ। आवश्यकता अनुसार मौजुदा ऐन नियमको संशोधन, नयाँ ऐन नियमको तर्जुमा र एकीकृत कानूनको निर्माण गरिनेछ। मौजुदा निजामती सेवा ऐन, २०४९, राहदानी ऐन, २०७६, विदेशी राज्य र कूटनीतिक प्रतिनिधिको सुविधा तथा उन्मुक्ति ऐन, २०२७, गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४, नेपाल परराष्ट्र सेवा सम्बन्धी नियमहरू, २०६८, राहदानी नियमावली, २०७७, अवैतनिक वाणिज्यदूत सम्बन्धी नियमावली, २०३९ तथा गैर आवासीय नेपाली सम्बन्धी नियमावली, २०६६ मा भएका व्यवस्थाहरूलाई यस नीति अनुकूल हुने गरी आवश्यक परिमार्जन गरिनेछ। नीतिको व्यवस्था कार्यान्वयन गर्नको लागि विद्यमान राजदूत नियुक्ति सम्बन्धी निर्देशिका, २०७५, कूटनीतिक आचार संहिता, २०६८ तथा प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नु पर्ने कार्यविधि सम्बन्धी निर्देशिका, २०७६ लाई आवश्यकतानुसार परिमार्जन र अद्यावधिक गरिनेछ। आवश्यकतानुसार निर्देशिका, कार्यविधि, मापदण्ड, संहिता लगायत आवश्यक अन्य कानूनी पूर्वाधार समेत तयार गरिनेछ।

११. जोखिम तथा जोखिम न्यूनीकरणका उपायहरू:

(क) जोखिमहरू:

१. परराष्ट्र नीतिका विषयमा मुलुकका राजनीतिक दल लगायत सबै सरोकारवालाबीच एकीकृत र समान राष्ट्रिय दृष्टिकोण विकास गरी कार्यगत एकरूपता र समन्वय सुदृढीकरण गर्दै जानु पर्ने कार्य कठिन देखिन्छ।

२. प्रतिस्पर्धात्मक विश्व परिवेशमा परराष्ट्र नीतिका उद्देश्यहरू हासिल गर्न आवश्यक पर्ने उत्कृष्ट कूटनीतिक सीप, कौशल, पेशागत दक्षता, जनशक्ति लगायत आर्थिक एवम् प्राविधिक साधन स्रोतको अभाव भएमा नीति कार्यान्वयनको प्रभावकारिता कम हुनसक्ने देखिन्छ।

३. मुलुकको परराष्ट्र नीतिको सफल कार्यान्वयन बाह्य परिवेशमा समेत भर पर्ने हुँदा मुलुकभित्र अनुकूल परिवेश र पर्याप्त साधन स्रोत उपलब्ध हुँदाहुँदै पनि बाह्य वातावरण र विशेष गरी नेपालका छिमेक र नजिकको क्षेत्रमा ठूला भूराजनीतिक, सामरिक, अन्तर्राष्ट्रिय सम्बन्ध र आर्थिक सम्बन्धमा आउन सक्ने अनपेक्षित परिवर्तनहरू जोखिमको रूपमा रहन सक्ने देखिन्छ।

४. परराष्ट्र नीति सञ्चालनमा निजी क्षेत्र एवम् अन्य सरोकारवालाहरूको बढ्दो भूमिका, आर्थिक अन्तरनिर्भरता, सञ्चार तथा यातायात र विशेषगरी सूचना प्रविधिको क्षेत्रमा भएका पछिल्ला विकास र प्रयोगले अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति सञ्चालनमा सरकारको परम्परागत भूमिका र क्षमतामा प्रभाव पार्न सक्ने देखिन्छ। द्रुत गतिमा विकसित हुँदै गएको यस परिस्थितिमा आफ्नो भूमिका, कार्यशैली, संस्थागत तथा प्राविधिक क्षमता जस्ता विषयमा कार्यान्वयनमा संलग्न निकायहरू तथा सरोकारवालाहरूले आफूलाई अभ्यस्त राख्ने कार्य चुनौतीपूर्ण देखिन्छ।

५. परराष्ट्र नीतिका उद्देश्यहरू हासिल गर्न आचरण र कार्य संस्कृति जस्ता व्यवहारिक पक्षहरू पनि उत्तिकै महत्वपूर्ण हुने हुँदा विद्यमान कूटनीतिक आचार संहिताको सबै जिम्मेवार निकाय र पदाधिकारीले प्रभावकारी अनुसरण गर्ने कार्य चुनौतीपूर्ण देखिन्छ।

(ख) जोखिम न्यूनीकरणका उपायहरू:

देहायका उपायहरू अवलम्बन गरी उपरोक्त जोखिमहरू न्यूनीकरण गर्न सकिने देखिन्छ:

१. परराष्ट्र नीतिको विषयमा समय समयमा मुलुकका राजनीतिक दलहरू र अन्य सरोकारवालाहरू बीच अन्तरक्रिया, छलफल र नीति सम्वाद गरी समान राष्ट्रिय दृष्टिकोण विकास गर्दै कार्यान्वयनमा संलग्न निकायहरू बीच नीति सञ्चार र सहकार्य वृद्धि गरी कार्यगत समन्वय सुदृढ गरिनेछ।

२. उपलब्ध सीमित स्रोत साधनको उच्चतम सदुपयोग गर्दै नीतिका उद्देश्यहरूलाई प्राथमिकीकरण गरी परराष्ट्र नीतिको कार्यान्वयनमा प्रभावकारिता ल्याइनेछ।

३. छिमेक तथा समग्र विश्व वातावरणमा देखा पर्ने भूराजनीतिक, सामरिक, अन्तर्राष्ट्रिय सम्बन्ध र आर्थिक सम्बन्धको विकास क्रमको निरन्तर सूक्ष्म अवलोकन र अध्ययन गरी सुझबुझपूर्ण ढङ्गबाट परराष्ट्र नीतिको कार्यान्वयन गरी जोखिमको न्यूनीकरण गरिनेछ।

४. नेपालको परराष्ट्र नीति कार्यान्वयनमा संलग्न निकायहरू, कूटनीतिक संयन्त्र, विधि र प्रविधिमा समयानुकूल सामञ्जस्यता ल्याई परराष्ट्र सम्बन्ध सञ्चालनमा देखा परेका नवीन पात्र, प्रवृत्ति र प्रविधिले ल्याउने चुनौतीहरूको सम्बोधन गरिनेछ।

५. परराष्ट्र नीति सँग सरोकार राख्ने ऐन नियम, विधि र पद्धतिमा समयानुकूल संशोधन गरी प्रभावकारी सञ्चार, समन्वय र सहकार्य मार्फत कूटनीतिक आचार संहिताको कार्यान्वयन सुनिश्चित गर्न प्रयास गरिनेछ।

६. राष्ट्रिय हितको रक्षा, परराष्ट्र नीतिको कार्यान्वयन र राष्ट्र सामु उपस्थित सम्भावनाहरूका बारेमा जनस्तरमै सचेतना अभिवृद्धि गरिनेछ।

१२. परराष्ट्र नीतिको पुनरावलोकन: नेपाल सरकारले आवश्यकता अनुसार यस नीतिको पुनरावलोकन वा परिमार्जन गर्न सक्नेछ।

## मधेश अपडेट

### 'स्वच्छता अभियान कोशेढुङ्गा साबित हुने'

रौतहट । मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत रौतहटको गढीमाई नगरपालिका ८ बिनगरा स्थित गजेन्द्र पोखरी सौन्दर्यीकरणको शिलान्यास सम्पन्न भएको छ । कार्यक्रमका प्रमुख अतिथि जसपा नेता एवम् सङ्घीय सांसद अनिल झा र मो.मुख्यमन्त्री लालबाबु राउत गघीले संयुक्त रुपमा शिलान्यास गरेका छन् । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि सांसद झाले प्रदेश सरकारले सुरु गरेको विकास निर्माणको योजनाले जनतालाई संघीयताको अनुभूति गराएको उल्लेख गरेका थिए । नेता झाले प्रदेश सरकारको सहयोगमा सञ्चालित योजनाहरुले बिकास को नमुना प्रस्तुत गरेको बताए । कार्यक्रममा मुख्यमन्त्री राउतले मुख्यमन्त्री स्वच्छता अभियान प्रदेशको पर्यटकीय बिकासमा कोशेढुङ्गा साबित हुने बताएका छन् । अभियानअन्तर्गत जानकी मन्दिरबाट शुरु योजना प्रदेश भरिको सबै धर्म समुदायको धार्मिक, सान्सकृतिक धरोहरहरुको सौन्दर्यीकरण गर्दै प्रदेशलाई धार्मिक सांसकृतिक पर्यटनको हब बनाउने योजना आफूहरुको रहेको उनको कथन थियो । त्यसैगरी, भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय यादवले बिनगरा पोखरी सौन्दर्यिकरणले बिकास निर्माणमा सबै दल एकजुट रहेको संदेश दिएको उल्लेख गरेका थिए । मुख्यमन्त्री स्वच्छता अभियानअन्तर्गत ६ करोडको लागतमा बिनगरा पोखरीमा घाट, मन्दिर न्र्माण, वाक वे, सौचालय निर्माण सहितको कार्यक्रम रहेको छ ।

### 'प्रदेश २ सँग संघीय सरकार घनिष्ठ'

जनकपुरधाम । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराईले संघीय सरकारले प्रदेश २ सरकारसँग घनिष्ठ सम्बन्ध राखेको बताएका छन् । जनकपुर विमानस्थलको नयाँ टर्मिनल भवनको उद्घाटन गर्दै मन्त्री भट्टराईले संघीय सरकार र प्रदेश २ बीच घनिष्ठ सम्बन्ध रहेको बताए । संघीय सरकारले संघीयताको मर्म विपरित आफ्नो अधिकार नदिएको भन्दै पटक-पटक आवाज उठाउनेदेखि सर्वोच्चमा संघीय सरकारविरुद्ध ४ वटा रिट प्रदेश सरकारले दायर गरिसकेको अवस्थामा मन्त्री भट्टराईले यस्तो कुरा बताएका हुन् । 'केन्द्र र प्रदेश २ सरकारबीच राम्रो सम्बन्ध छ,' उनले भने, "हामीबीच कुनै समस्या छैन् ।" संघीयता अभ्यासका क्रममा केही सानातिना विवाद हुनु सामान्य भएको भन्दै मन्त्री भट्टराईले संघीयताको अनुभवी नभएकाले यस्ता समस्या आएको बताए । 'संघीयता आएको तीन वर्ष मात्रै भएको छ । यो अवधिमा सबै समस्याको हल हुन सक्दैन,' उनले भने, "सिक्ने क्रममा केही गल्ती हुन्छ । यो गल्तीलाई आपसी समझदारीबाट हल गर्दै जानुपर्छ ।"

### जोगवनी नाका खोल्न माग गर्दै धर्ना

विराटनगर । कोरोना भाइरस संक्रमण रोकथामका लागि सरकारले सिल गरेको विराटनगर जोगवनी नाका खुला गर्न माग गर्दै नेपाल-भारत खुला सीमा सम्वाद समूहको अगुवाईमा दिनहुँ स्थानीयहरुले एक घन्टा धर्ना दिइरहेका छन् । भारतको जोगबनी र नेपालको विराटनगर नाकाको सिमाना विराटनगर भन्सार ढाट क्षेत्रमा स्थानीयले बन्द नाका खोल्न माग गर्दै धर्ना दिइरहेका छन् । गत नौ महिनादेखि नेपाल-भारत नाका वैधानिक रूपमा बन्द हुँदा नेपाल-भारतको व्यापार-व्यवसाय मात्र नभएर सामाजिक र सांस्कृतिक सम्बन्धमा पनि असर परेको स्थानीयको गुनासो छ । लकडाउनकै कारण धेरैका आफन्त आउजाउ गर्न र वैवाहिक सम्बन्ध कायम गराउन समस्या भइरहेको उनीहरुको भनाइ छ । सरकारले कोरोना संक्रमण रोकथाम गर्न ११ चैत मध्यरातिदेखि देशव्यापी रूपमा गरेको लकडाउनले सिल भएको नेपाल-भारत सीमानाका अझै खुला भएको छैन ।

### कटहरियाका सामुदायिक विद्यालय खुले

रौतहट । रौतहटको कटहरिया नगर क्षेत्रअन्तर्गतको सबै सामुदायिक विद्यालय गत सोमबारदेखि संचालन भएका छन् । नगर कार्यपालिका बोर्डको निर्णयअनुसार अगामी सोमबारदेखि नगरपालिकाअन्तर्गतको सबै विद्यालय संचालन भएका छन् । स्वास्थ तथा जनसंख्या मन्त्रालयको निर्देशन बमोजिम मास्कको अनिवार्य प्रयोग, समाजिक दुरीसहित स्वास्थ सुरक्षा अपनाएर विद्यालय संचालन गरिएको कटहरियाका मेयर सियाराम प्रसाद कुशवाहाले बताएका छन् ।

### घाँटी रेटी प्रधानाध्यापकको हत्या

मोरङ । मिक्लाजुङ गाउँपालिका-१ बर्खे बस्ने सोही ठाउँस्थित सरस्वतीआधारभूत विद्यालयका प्रधानाध्यापक अन्दाजी ५२ वर्षीय राजेन्द्र श्रेष्ठको मंगलबार बिहान घाँटी रेटी हत्या भएको छ । बिहान करिब सवा ७ बजे ५ जनाको समूहका आएका अपरिचित व्यक्तिहरुले प्रधानाध्यापक श्रेष्ठलाई अपहरण गरी सोही गाउँपालिका-१ बर्खे गाउँस्थित जंगलमा लगेर हत्या गरेको भन्ने जानकारी प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मोरङ समेतबाट प्रहरी उपरीक्षकको कमाण्डमा खटिएको प्रहरी टोलीले बर्खे गाउँदेखि करिब ६ सय मिटर टाढा जंगलमा दुवै हात बाँधी अगाडिबाट घाँटी रेटेर हत्या भएको अवस्थामा उनको शव फेला पारेको हो । घटनामा संलग्न व्यक्तिहरुको विभिन्न स्थानहरुमा खोजी गर्नुका साथै घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### १ थान कस्तुरीको विनासहित ३ जना पक्राउ

रुपन्देही । देवदह नगरपालिका-१० भलुहीसबाट १ थान कस्तुरीको विना सहित ३ जनालाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा अर्घाखाँचीछत्रदेव गाउँपालिका-२ बस्ने ३२ वर्षीय सुकुरदिनमिया, रुपन्देही देवदह नगरपालिका-१० बस्ने बागलुङ नगरपालिका-६ घर भएका ३८ वर्षीय रमेश विक र रुपन्देही बुटवल उपमहानगरपालिका-११ बस्ने २९ वर्षीय दिपक विश्वकर्मा रहेका छन् । वन्यजन्तु कस्तुरीको विना ओसारपसारएवं कारोवार हुँदैछ भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय बुटवलबाट खटिएको प्रहरीले उक्त विना सहित फेला पारी उनीहरुलाई पक्राउ गरेको हो ।

### भ्रष्टाचारविरुद्धको दिवस मनाइयो

नेपालगन्ज । भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस देशैभरका भ्रष्ट्राचारविरुद्ध सकिय विभिन्न संस्थाहरुले कार्यकम गरी मनाएका छन् । वागेश्वरी असल शासन क्लव बासले बुधबार आफ्नो २०औं वार्षिकोत्सव तथा भ्रष्टाचारविरुद्धको सम्मेलन आयोजना गरेको थियो । बाँकेको नेपालगञ्जमा वार्षिकोत्सव तथा भ्रष्ट्राचारविरुद्धको सम्मेलनमा पूर्वप्रमुख सूचना आयुक्त कृष्णहरी बास्कोटाले सम्बोधन गरेका थिए । बासले आफ्नो वार्षिकोत्सवको अवसरमा वार्षिक कार्यसम्पादनको आधारमा तीन उत्कृष्ट शाखालाई सम्मान गरेको छ । वर्षभरी भ्रष्ट्राचारविरुद्धका कार्यक्रमहरु र तीनका उपलब्धीका आधारमा बास स्याङ्जा शाखा तृतिय, बास रुपन्देही शाखा द्धितिय र बास बाँके शाखा प्रथम भएका छन् । हरेक वर्ष कार्यसम्पादनका आधारमा उत्कृष्ट शाखा छनौट गरी प्रोत्साहन गरिँदै आएको छनौट समितिकी संयोजक दिला शाहले जानकारी दिइन् । स्थानीय तहसँग मिलेर जिल्लामा भ्रष्ट्राचार न्युनिकरणका लागि चेतना अभिवृद्धी, विद्यार्थी जागरण तथा अन्तरकियाजस्ता कार्यकम बास स्याङ्जा शाखाले वार्षिक रुपमा आयोजना गर्दै आएको शाखाका अध्यक्ष एवं गण्डकी प्रदेश संयोजक चुत्रबहादुर महतले बताए ।

### एटिएम बुथमा तोडफोड गर्ने २ जना पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१८ कारकाँदोस्थित माछापुच्छ्रे बैंकको एटिएम बुथमा तोडफोड गरिरहेको अवस्थामा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा भारत रुपैडिया बाबागंज बस्ने २१ वर्षीय मोबिन अली र सोही ठाउँ बस्ने २१ वर्षीय सलवान अली रहेका छन् । केही मानिसहरुले एटिएम मेशिनमाचोरी गर्न लागेको भन्ने सूचना प्राप्त हुना साथ जिल्ला प्रहरी कार्यालयबाँकेबाट खटिएको प्रहरीले उक्त एटिएम बुथतोडफोड गरी भाग्न लागेको अबस्थामा फेला पारी उनीहरुलाई पक्राउ गरेको हो ।

### हराएको ४ लाख फेला पारी बुझाइयो

नेपालगन्ज । बैजनाथ गाउँपालिका-३ बस्ने राधिका बिकदमराबाट बानियाभारतर्फ जाने क्रममा हराएको नगद ४ लाख रुपैयाँ फेला पारी गत सोमबार प्रहरीले राधिकालाई बुझाएकोछ । उनको साथमा रहेको उक्त नगद हराएको भनि वडा प्रहरी कार्यालय नेपालगंजमा जानकारी गराएपश्चात तत्काल जिल्ला प्रहरी कार्यालय बाँके र वडा प्रहरी कार्यालय नेपालगंजबाट खटिएको प्रहरील उक्त नगद फेला पारी उनलाई बुझाएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ । साथै भारतबाट घरतर्फ आउँदै गरेको अवस्थामा दाङ घोराही उपमहानगरपालिका( ५ धर्ना बस्ने ५४ वर्षीय दत्त बहादुर नाथको नेपालगंज पुष्पलाल चोकबाट कारकारदो चोकसम्म रिक्सामा जाने क्रममा रिक्सामा छुटेको नगद ७ लाख ४० हजार रुपैयाँ प्रहरीले फेला पारेको छ । उक्त नगद भएको झोला रिक्सामा छुटेको भन्ने जानकारी गराउनसाथ जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले सिसिटिभिको सहयोगमा खोजी तथा अनुसन्धान गर्दै जाँदा भे.१ ह ५०१९ नम्बरको अटो सिक्सामा उक्त नगद फेला पारेको हो । उक्त नगद दत्त बहादुर नाथलाई बुझाइने जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

### २४ लाखसहित एक जना पक्राउ

रुपन्देही । स्रोत नखुलेको रकमसहित प्रहरीले रुपन्देहीको सम्मरीमाई गाउँपालिका-६ का ३२ वर्षीय प्रमोदकुमार गुप्तालाई पक्राउ गरेको छ । प्रहरी टोलीले शुक्रबार साँझ सिद्धार्थनगर नगरपालिका-३ स्थित सिद्धार्थ बसपार्क नजिकै नियमित चेकजाँचका क्रममा सुनौलीबाट भैरहवातर्फ आउँदै गरेका गुप्तालाई २४ लाख रुपैयाँसहित पक्राउ गरेको छ ।

### कपडा उद्योगलाई ५० प्रतिशत छुट

पर्सा । रुग्ण अवस्थामा रहेको कपडा उद्योगको स्तरोन्नति र गति प्रदान गर्न कर्जा प्रवाह र विद्युत् महसुलमा सहुलियत दिएपछि कपडा उद्योगले गति लिन थालेको उद्योगी-व्यवसायीको भनाइ छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको पहलमा केही महिनाअघि सम्म रुग्ण अवस्थामा रहेको कपडा उद्योगलाई प्रोत्साहन गर्न सरकारले विद्युत् महसुलमा ५० प्रतिशत र बैंकहरुले प्रवाह गर्ने कर्जाको व्याजमा ५ प्रतिशत छुट दिएपछि कपडा उद्योगको अवस्थामा केही सुधार आएकाले उत्पादन पनि बढेको छ ।

# मधेशको मत लिने तर एजेन्डा नउठाउने विरुद्ध हाम्रो संघर्ष हो



**अब्दुल खान**

जनमत पार्टीको केन्द्रीय समितिको बैठक आगामी मंसिर २७ गते शनिबार बस्दैछ । कोभिड-१९ को कारण हामीले अनलाइनमार्फत् नै दुई दिने बैठकको तयारी गरेका हौं । बैठकको पहिलो दिन जिल्लाहरुमा जनमतको भइरहेका गतिविधिबारे जानकारी आदान-प्रदान गर्छौं भने दोस्रो दिनको बैठकमा आगामी कार्यक्रम र रणनीतिको विषयमा छलफल हुनेछ ।

अहिले कोभिड-१९ देखा परिरहेको छैन भन्ने छैन । अहिले पनि कोभिड-१९ को जोखिम छँदैछ । जेकजाँच नहुँदा कोभिड-१९ फेला परिरहेको छैन तर कोभिड-१९ समाप्त भइसक्यो भन्न सकिन्न । हामी जिम्मेवार पार्टीको नाताले सरकारले जारी गरेको कोभिड सुरक्षा मापदण्डलाई तोड्न चाहेका छैनौं । हाम्रा केन्द्रीय समितिका नेताहरु कोही जिल्लामा छन् भने कोही बाहिर पनि छन् । त्यसैले, अहिले हामी अनलाइन बैठक बसौं भन्ने निष्कर्षमा पुगेका छौं ।

हाम्रो अनलाइन बैठक बस्नुको मुख्य कारण कोभिड-१९ नै हो । अहिले पूरा विश्व नै डिजिटल माध्यमबाट गतिविधिहरु अगाडि बढाइरहेको छ । अहिले कोभिड-१९को सन्त्रास छ, पछि अन्य पनि यस्ता महामारीहरु आउन सक्छन् । त्यसैले हामी अहिलेदेखि अनलाइनमाध्यमबाट बैठकहरु गर्ने एउटा परम्परा बसाल्यौं भने पछिका लागि पनि राम्रो हुन्छ । अर्को कुरा, हाम्रा वडा अधिवेशनहरु र पार्टी प्रवेश कार्यक्रमहरु पनि भइरहेका छन् । हामीले यसरी गर्ने पक्षमा थिएनौं । तर, सत्ताधारी पार्टी लगायत राष्ट्रिय भनाउँदा दलहरुले नै कोभिडको मापदण्ड मानिरहेको छैन भने हामी नयाँ पार्टी र नयाँ संगठन भएको कारणले बाध्यतावश हामी पनि यस्ता कार्यक्रमहरु गरिरहेका छौं । हामी अनुशासित र जिम्मेवारी बुझेका छौं ।

केन्द्रीय समिति बैठक नियमित रुपमा तीन-तीन महिनाको अन्तरालमा बस्ने हाम्रो कार्यसुची नै हो । यो हाम्रो सातौं केन्द्रीय समितिको बैठक हो । मूल एजेन्डा भनेको प्रत्येक जिल्लामा भए/गरेका गतिविधिबारे जानकारी लिन्छौं । अहिलेसम्म कति ठाउँमा समिति निर्माण भयो, वडा अधिवेशनहरुको अवस्था के छ त्यसबारे बुझ्छौं । हाम्रो सांगठनिक तयारी कस्तो छ । त्यसपछि हामी आगामी दिनमा कस्ता कार्यक्रमहरु गर्नुपर्छ, कोभिडको अवस्था के छ, हामीले के गर्न सक्छौं भन्ने कुरामा हामीले नयाँ रणनीति र योजनाहरुबारे छलफल गर्छौं ।

हाम्रो नयाँ पार्टी र संगठन भएकोले नयाँ सदस्यता वितरण, विस्तार र अधिवेशनहरु सम्पन्न गरेर जिल्ला अधिवेशन हुँदै महाधिवेशनको तयारी कसरी गर्ने भन्ने हो । दिनहुँ हाम्रो वडा अधिवेशनहरु भइरहेको छ । अन्य पार्टीहरुको जिल्ला कार्य समिति हुन्छ, तर जनमत पार्टीको जिल्ला समन्वय समिति हुन्छ । हाम्रा प्रत्येक वडाका अध्यक्ष स्वतः जिल्लाको पदेन सदस्य हुन्छ ।

हामीले अहिलेसम्म महाधिवेशनको मिति तोकेका छैनौं । तर, जिल्लासम्मको अधिवेशन फागुनसम्म सम्पन्न गर्ने लक्ष्य लिएका छौं । फागुन १५ सम्म यदि हामीले जिल्लासम्म अधिवेशन सम्पन्न गर्न सक्यौं भने त्यसपछि हामी महाधिवेशनको मिति तय गर्छौं । तर पनि हाम्रो पहिलो महाधिवेशन आगामी बैशाखभित्र नै हुन्छ । हामी यही वर्षभित्र महाधिवेशन सम्पन्न गर्ने सोचमा छौं, तर कुनै कारणवश हुन सकेन भने नयाँ वर्षमा हामी महाधिवेशन गर्छौं । जनमतको पदाधिकारीहरु महाधिवेशनबाट नै चयन हुन्छन् । महाधिवेशनसम्म केन्द्रीय समितिमा अध्यक्षबाहेक सबै सदस्यहरु मात्र रहन्छन् ।

जनमतमा अन्य पदाधिकारीहरु चयन नहुँदा हाम्रा अध्यक्ष डा.सीके राउत वन म्यान आर्मी हुनुभयो भन्ने आरोप-प्रत्यारोपहरु लागिरहन्छन् नै । यो स्वाभाविक पनि हो । जसले काम गर्छ उसमाथि आरोपहरु लाग्छन् । हामी जतिखेर मूलधारको राजनीतिमा आयौं र नेपाल सरकारसँग सहमति भइरहँदासम्म हामीविरुद्ध विभिन्न किसिमका षड्यन्त्रहरु हुँदै आएका छन् । षड्यन्त्रकारीहरु हामीलाई देख्न नसक्नु, जनमत पार्टीका दिनप्रति दिन सदस्यहरु बढ्दै जानु, संगठन विस्तार हुँदै जानु, अन्य पार्टीहरुबाट पनि धेरै नेताहरु हामीसँग जुडिरहेका छन् । यसकारणले हामीप्रति आरोप प्रत्यारोपहरु लाग्नु ठूलो कुरा होइन । अर्को कुरा हाम्रो पार्टीमा अध्यक्षभन्दा पनि हामी नेता कार्यकर्ताहरु बढी सक्रिय छौं । दिनप्रति दिन नेता कार्यकर्ताले वडा अधिवेशन गराइरहेका छन्, पार्टी प्रवेश गराइरहेका छन् । भनेपछि अध्यक्षभन्दा बढी भूमिका त हामी नेता कार्यकर्ताहरुको देखिएको छ । हाम्रो अध्यक्षमाथि यदि कसैले वन म्यान आर्मीको आरोप लगाउँछन् भने त्यो एकदम निराधार हो । हाम्रा केन्द्रीय अध्यक्ष अन्य पार्टीका अध्यक्षभन्दा अवश्य नै वैज्ञानिक, दक्ष, दूरदृष्टि भएको हुनुहुन्छ ।

अध्यक्षमाथि लगाइएको आरोप-प्रत्यारोपबारे केही भन्नु छैन । उहाँहरुले जनमतलाई स्वीकार गर्न चाहनु भएन, जनता समक्ष जान चाहनु भएन । उहाँहरुले आफ्नो नितान्त व्यक्तिगत इच्छाले जनमत छोडेर जानुभयो । जाने व्यक्तिलाई कसैले रोकेर राख्न सकिँदैन । हाम्रो पार्टी विभाजन भएको छैन । हामीमाथि त सबैले आरोप लगाइरहेका छन् । हामी अहिलेसम्म कुनै सरकारमा छैनौं, कुनै नेता मन्त्री बनेका छैनन् भने कुन आधारमा के आरोप लगाउँछन् । उहाँहरुले पार्टी एजेन्डा जनतासम्म पुऱ्याउन सक्नुभएन । पार्टी छोडेर जानेहरु विभिन्न प्रलोभन र अरु कसैको लहै-लहैमा लाग्नुभयो ।

कुनै पार्टी राष्ट्रिय वा क्षेत्रीय भनेर जनताले निर्धारण गर्ने हो । पार्टीहरु दर्ता हुने भनेको एकै ठाउँमा हो । कुनै पार्टीको आकार भन्ने कुरा जनताले निर्धारण गर्ने हो ।

पहाड र हिमालभन्दा बढी समस्या तराई-मधेशमा रहेका छन् । जहाँ समस्या हुन्छ, त्यहीं समाधानका उपायहरु खोज्नुपर्छ । त्यसकारण हाम्रो गतिविधिहरु मधेशमा बढी भइरहेका छन् । राजनीतिक, आर्थिक, सामाजिक लगायतका समस्याहरु बढी मधेशमै रहेकोले हामी मधेशमा बढी सक्रिय भएका छौं । मधेशमा मत लिने बाहेक कुनै पनि राजनीतिक दलले सामाजिक एजेन्डालाई उठाउन नसकेकोले जनमत पार्टी विशेष गरेर मधेशमा काम गरिरहेको छ ।

*(खान जनमत पार्टीका केन्द्रीय सदस्य हुन् ।)*


नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरु :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०१५२२३५०

इमेल : malcprovince2@gmail.com


## मोतिहारी–अमलेखगञ्ज पाइप लाइनबाट पेट्रोल ल्याइने तयारी

वीरगञ्ज । मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइनबाट अगामी एक वर्षभित्र पेट्रोल ल्याउन गृहकार्य शुरुआत गरिएको छ । यसअघि विसं २०७६ भदौदेखि भारतको मोतिहारीबाट पाइप लाइनमार्फत अमलेखगञ्जस्थित नेपाल आयल निगमको डिपोमा डिजल ल्याउन थालिएको थियो । अब एक वर्षभित्र सोही पाइप लाइनमार्फत पेट्रोल ल्याउन गृहकार्य शुरु गरिएको हो ।

निगमको सञ्चालक समितिले मोतिहारीबाट पेट्रोल पनि ल्याउन निगमलाई स्वीकृति दिएपछि काम अगाडि बढाइएको र यसका लागि भारतीय आयल निगम (आइओसी) सँगकुराकानी भइरहेको निगम प्रदेश नं २ को प्रादेशिक कार्यालय अमलेखगञ्ज बाराले जनाएको छ । कार्यालय प्रमुख भरत रेग्मीका अनुसार ४२ लाख लिटर पेट्रोल भण्डारण गर्ने क्षमताको दुईवटा पेट्रोल ट्याङ्की अमलेखगञ्ज डिपोमा तयार भइरहेको छ । दुई ट्याङ्कीमध्ये एउटा ट्याङ्की भारत सरकारले बनाउन लागेको छ भने एउटा ट्याङ्की आयल निगमले आफैं बनाउने छ । ट्याङ्की निर्माण भएपछि एकपटकमा २४ ट्याङ्करमा स्वचालित उपकरणबाट तेल हाल्न सकिने छ । ट्याङ्की आगो नलागोस् भनेर तथा आगो लागेपछि सो आगो निभाउन ३०र३० लाख गरी पानी भण्डारण गर्ने दुईवटा ट्याङ्की तयार हुनेछ । साथै अत्याधुनिक प्रयोगशाला र २४ भ्याकरमा एकैपटक पेट्रोल लोड अनलोड गर्ने काम हुनेछन् ।

नेपाल सरकारको करिव रु दुई अर्ब को लागतमा निर्माण भइरहेको सो पाइप लाइनमा अन्तर्राष्ट्रिय गुणस्तरको पाइप जडान गरिएको छ । साथै निर्माण भइरहेको पेट्रोल ट्याङ्करमा स्वचालित उपकरणबाट जाँच गर्न सकिने जनाइएको छ ।

पाइप लाइनमा पेट्रोल ल्याउन मोतिहारी तर्फ काम सम्पन्न भइसकेको बताइएको छ । भारतीय आयल कर्पोरेशन लिमिटेडले मोतिहारीमा भर्टिकल ट्याङ्क निर्माण गर्ने काम शुरु गरेको छ । यसैगरी अमलेखगञ्जस्थित निगमको कार्यालयमा पेट्रोल आपूर्ति गर्नका आवश्यक पर्ने पूर्वाधारको काम अगाडि बढाइएको छ ।

पाइप लाइनबाट पेट्रोल आपूर्ति हुन थालेपछि ढुवानी खर्चमा बचत, प्राविधिक नोक्सानीको अन्त्य, शुद्धता कायम, चुहावट र मिसावट अन्त्य, प्रदूषण तथा वातावरणमा हुने क्षतिको अन्त्य, भन्सार नाकामा हुने ट्याङ्करको चापसमेत अन्त्य र पेट्रोलको अभाव पनि अन्त्य हुने विश्वास गरिएको छ ।

## नेकपाको विवादले प्रदेश २ को लेखा समिति नेतृत्वविहीन

जनकपुरधाम । प्रदेश २ सरकार गठन भएको ३ वर्ष पुग्न लाग्दा समेत प्रदेशमा लेखा समितिको सभापति चयन हुन सकेको छैन् । सार्वजनिक लेखा समितिले प्रदेशसभा र प्रदेश सरकारले खर्च गर्ने रकमको लेखाजोखा राख्ने गर्छ ।

प्रदेश २ को प्रमुख प्रतिपक्षी दल नेकपा भित्रको आन्तरिक किचलोका कारण अहिलेसम्म लेखासमितिको सभापति चयन भएको छैन् । प्रदेशसभाका विभिन्न ७ वटा समितिमध्ये प्रमुख प्रतिपक्षी दलको हैसियतले नेकपाले पाएको सार्वजनिक लेखा समिति नेकपा भित्रको आन्तरिक विवादका कारण पूर्णता पाएको छैन् ।

सार्वजनिक लेखा समिति नहुँदा विकास निर्माणका नाममा भइरहेका अनियमितताका आरोप प्रदेश सरकारमाथि लागे पनि त्यसको छानविन हुन सकेको छैन् । ७ वटा संसदीय समितिमध्ये तत्कालीन संघीय समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी नेपाल २/२ तथा नेपाली कांग्रेसले एउटा समितिको नेतृत्व गरिरहेको छ ।

नेकपाको भागमा परेको लेखा समितिको सभापतिका लागि २०७५ मंसिर २३ गते बसेको संसदीय दलको बैठकले प्रदेशसभा सदस्य भरतप्रसाद साहलाई उम्मेदवार बनाउने निर्णय गरेको थियो । यद्यपि नेकपाकै अर्का प्रदेशसभा सदस्य शत्रुघन महतो बागी उम्मेदवार बनेपछि नेकपा भित्रै विवाद चुलिएको थियो । नेकपा भित्रको यो विवादको निर्क्यौल लाग्न नसकेकाले यो प्रकृया अहिलेसम्म अल्झिरहेको छ ।

पार्टी भित्रको आन्तरिक समसस्याका कारण लेखा समितिको सभापति चयन गर्न ढिलाई भएको नेकपा प्रदेश २ का संसदीय दलका नेता सत्यनारायण मण्डलले स्विकार गरे ।

## हत्या घटनामा दुई कारागार चलान

कैलाली । लम्कीचुहा नगरपालिका-३ का २२ वर्षीय भरत तिमल्सिनाको हत्या घटनाका दुई अभियुक्तलाई पुर्पक्षका लागि कारागार चलान गरिएको छ । कैलाली जिल्ला अदालतको आदेशमा केशव टमाटा र मानबहादुर चौधरीलाई पुर्पक्षका लागि कारागार चलान गरिएको छ । गएको कात्तिक १३ गते जानकी गाउँपालिका-५ मा कुटपिट गरेर तिमिल्सिनाको हत्या गरिएको थियो ।

## सुदूरपश्चिमको हिउँदे अधिवेसन गर्न माग

कैलाली । सुदूरपश्चिम प्रदेशसभाको हिउँदे अधिवेशन सुरु गर्न माग गरिएको छ । जनताका थुपै सवाल र समस्यामा छलफल गर्न आवश्यक भइसकेको भन्दै शीघ्र अधिवेशन सुरु गर्न सांसदहरुले प्रदेश सरकारलाई आग्रह गरेका छन् । प्रदेश सभाको छैटौँ अधिवेशन सम्पन्न भएपछि अर्को अधिवेशनको अहिलेसम्म टुङ्गो लाग्न सकेको छैन । हिउँदे अधिवेशन सुरु नहुँदा प्रदेश सभा बैठक सञ्चालन नभएको चार महिना पुग्दैछ ।

## खोलामा डुबेर मृत्यु

कपिलवस्तु । बाणगंगा नगरपालिका-७ कपिलधामस्थित कोईली खोलामा डुबेर सोही नगरपालिका-९ चौघा बस्ने ५२ वर्षीय दामोदर आचार्यको बुधबार साँझ मृत्यु भएको छ । खोलाको क्रस गर्ने क्रममा साईकलसँगै खोलामा खस्न गई बेपत्ता भएका उनलाई ईलाका प्रहरी कार्यालय पिपराबाट खटिएको प्रहरीले उद्दार गरी उपचारको लागि सामुदायिक अस्पताल पिपरा पठाएकोमा उपचारको क्रममा उनको मृत्यु भएको हो ।


नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरु :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

राष्ट्रिय साप्ताहिक
मधेशवाणी



# विश्व परिवेश

## एसियाली मुलुकको समर्थन गुमाउँदै पाकिस्तान

काठमाडौं । पछिल्ला केही सातायता पाकिस्तान र संयुक्त अरब इमिरेट्स (युएइ) बीचको सम्बन्ध खस्कदै गएको छ । खासमा पाकिस्तानी प्रधानमन्त्री इमरान खानले युएईले इजरायलसँग गरेको शान्ति सम्झौताको आलोचना गर्दैगएपछि दुई मुलुकबीचको सम्बन्धमा चिसिदै गएको हो । पाकिस्तानलाई यसको परिणाम महंगो पर्दै गएको छ । युएईमा सानोतिनो अपराधमा संलग्न करिब ५ हजार पाकिस्तानी नागरिकलाई अबुधाबीस्थिती अल स्विहान जेलमा राखिएको छ । यसबाहेक युएईले अब, काम गर्नका लागि आउने पाकिस्तानी नागरिकहरुका लागि भिसा प्रकृयालाई कठिन बनाउँदै गएको छ । त्यस्तै त्यहाँ बसोबास गर्दै आएका पाकिस्तानी नागरिकहरुलाई बसाई नविकरण गर्न समेत कठिनाइ हुन थालेको छ ।

युएईले पाकिस्तानी नागरिकहरुलाई निकाल्ने ( निर्वासनको) हल्ला समेत चलेको छ । यद्यपि यसबारे कुनै आधिकारीक रिपोर्टहरु भने बाहिरिएका छैनन् । सम्बन्ध बिग्रिदै गएका बेला अबुधाबीस्थित पाकिस्तानी राजदूतावासका गुलाम दस्तगीरले युएई स्थापनाका वरिष्ठ नेताहरुसँग भेट गरेका थिए । तर उक्त भेट कुनै प्रभावकारी भने हुन सकेन ।

२०१७ मा अफगानिस्तानको कान्दाहारमा भएको आतंककारी हमलाको अनुसन्धानका लागि पनि युएईले अहिले चाल चलिरहेको हुन सक्ने अनमान छ । सो हमलामा युएईका ५ कुटनीतिज्ञले ज्यान गुमाएका थिए । युएईका अनुसन्धानकर्ताहरुले सुरुवाती अनुसन्धानबाट उक्त हमलामा हक्कानी नेटवर्क र पाकिस्तानको शक्तिशाली इन्टर–सर्भिस खुफिया जासुसीको संलग्नता रहेको निष्कर्ष निकालेका थिए । तर त्यतिबेला इस्लामाबादको प्रतिकृयाले इरानलाई घटनाको जिम्मेवार ठहऱ्याएको थियो ।

युएई र पाकिस्तानबीचको सम्बन्धमा उग्र तनाब सिर्जना हुनुमा पाकिस्तानको साउदीसँगको निकटता र पश्चिम एसियाली मुलुकहरुसँगको चिसिएको सम्बन्ध पनि हो । पाकिस्तानले नयाँ दिल्लीसँगको सम्बन्धमा दरार सिर्जना गर्न खोज्नु समेत यसको कारण मानिएको छ ।

पाकिस्तानी विदेश मन्त्री शाह मोहम्म्द कुरेशीले साउदी अरेबिया आधारित अर्गानाइजेसन आफ इस्लामिक कर्पोरेसन (ओआईसी) लाई चेतावनी दिँदै भारतले जम्मुकश्मिरबाट धारा ३७० लाई हटाएको बारेमा छलफल गर्न निर्देशन दिएका थिए । ओआईसीले बैठक नबसे आफूले इस्लामिक मुलुकहरु बीचको बैठकको माग गर्दै कश्मिर मुद्दा उठाउने बताएका थिए ।

साउदी अरेबिया र पाकिस्तान बीचको सम्बन्ध ऋणमा अल्झिएको छ । पाकिस्तानले साउदी अरेबियालाई ३ अर्ब ऋण र ३.२ अर्ब तेलको पैसा तिर्नुछ । यसमा पाकिस्तानलाई उधारोमा तेल दिने सम्झौतासमेत साउदीले खारेज गरेको छ । यसबाहेक साउदी अरेबियाले रियादस्थित पाकिस्तानी दुतावासलाई कश्मिर मुद्दामा आधारित कुनै पनि सार्वजनिक सभा एवं कार्यक्रमहरु नगर्न निर्देशन दिएको छ । पश्चिमी एसीयाली मुलुकहरुको सहयोग र साथ पाएको पाकिस्तानलाई साउदी र युएईबीचको बिग्रदो सम्बन्ध तनाबको विषय बनेको छ ।

कयौं आतंककारी घटनाहरुमा संलग्न एवं आतंककारी समुहको सञ्चालन गरेको पाइएको एवं आरोपित पाकिस्तानलाई यस्तो अवस्थामा समेत एसियाली मुलुकहरुले सहयोग र साथ दिँदै आएका थिए । तर, आफ्नै कारण एसियाली मुलुकहरुको साथ र समर्थन गुमाउँदै गएको पाकिस्तानको भविष्य संकटपूर्ण हुँदै जानसक्ने मुस्लिम विश्वलाई नजिकबाट निकालिरहेकाहरु बताउँछन् ।

## चीनबारे अमेरिकी धारणा बढी नकारात्मक :सर्वेक्षण

काठमाडौं । धेरैजसो अमेरिकीहरुले कोरोना भाइरसको संक्रमणका लागि चीनलाई दोषी मान्दै आएका छन् । 'इकोनोमिस्ट यु गोभ'को एक सर्वेक्षणले करिब दुई तिहाइले कोरोना भाइरसको संक्रमण फैलिनुको जिम्मेवार चीनलाई मान्ने गरेको पाइएको छ । सर्वेक्षणका क्रममा सबैजसो रिपब्लिकनहरुले कोरोना भाइरसको विश्वव्यापी महामारी फैलिनुको जिम्मेवार चीन रहेको बताएका थिए, भने ४४ प्रतिशत डेमोक्रयटहरुले पनि चीनलाई नै जिम्मेवार रहेको बताएका थिए । सर्वेक्षणका क्रममा मानिसहरुलाई 'के कोरोना भाइरसको महमारी फैलिनुमा चीनलाई जिम्मेवार ठान्नु हुन्छ ?' भन्दै प्रश्न गरिएको थियो । प्रश्नको जवाफमा डेमोर्क्याट्समध्ये– १४ प्रतिशत पक्कै हो, ३० प्रतिशतले हुनसक्छ, २६ प्रतिशतले हुनसक्दैन र १८ प्रतिशतले हुँदै हौइन भनेका थिए ।

त्यस्तै स्वतन्त्रतर्फका– ३९ प्रतिशतले पक्कै हो, ३० प्रतिशतले हुनसक्छ, १७ प्रतिशतले हुनसक्दैन् र १४ प्रतिशतले बेलकुल होइन भनेका थिए । रिपब्लिकनतर्फका भने– ६४ प्रतिशतले पक्कै हो, २२ प्रतिशतले हुनसक्छ, ९ प्रतिशतले हुनसक्दैन र ५ प्रतिशतले बेलुकुल हैन भनेका छन् । पछिल्लो समय अमेरिकामा चीनप्रतिको नकारात्मक धारणा बढ्दै गएको हो । यसअघिको एक सर्वेक्षणमा एक तिहाइ अमेरिकनले मात्रै चीन साथि या मित्रवत् देश बन्नसक्ने बताएका थिए । तर, ट्रम्प प्रशासनको कडाइपछि र चीनका पछिल्ला घटनाक्रमपछि अचेल अमेरिका ४ जनामध्ये १ जनाले मात्रै चीनप्रति सकारात्मक धारणा राख्ने गरेको पाइएको छ । कोरोना भाइरसको महामारीका कारण यो वर्ष गरिएको एक पोलमा १७ प्रतिशतले मात्रै चीनप्रति सकारात्मक धारणा राखेको पाइएको छ । त्यसपछि गत महिना गरिएको पोलमा भने १२ प्रतिशतमा यो संख्या झरेको छ ।

## सैन्य पोशाकमा आत्मनिर्भर बन्दै भारत

नयाँ दिल्ली । भारतको सैन्य पोशाकका लागि प्रयोग हुँदै आएको चिनियाँ र विदेशी कपडालाई हटाउन रक्षा अनुसन्धान तथा विकास संगठन ( डीआरडीओ) ले भारतीय कपडा उद्योगलाई धागो उत्पादन गर्न शुरु गरेको छ । जसले चिनियाँ र विदेशी कपडामाथिको निर्भरता अन्त्य गर्न विश्वास लिएको छ । डीआरडीओमा उद्योग ईन्टरफेस र टेक्नोलोजी म्यानेजमेन्ट (डिआइटीएम) का निर्देशक डा. मयंक द्विवेदीले भारतीय सेनाको गर्मी मौसमको पोशाकमा कपडाको अनुमानित आवश्यकता ५५ लाख मिटर भएको बताए । यदि नौसेना, वायुसेना र प्यारा मिलिटरी र केही थपिएका सेनाहरु लगाउँदा १.५ करोड मिटर प्रतिवर्ष आवश्यक पर्छ ।

"हामी हाम्रा प्रधानमन्त्री नरेन्द्र मोदीले सुरुवात गरेको आत्मनिर्भर भारत अभियानको आह्वानलाई सहयोग गरिरहेका छौं । भारतका सबै उत्पादनहरुमा र विशेष गरी रक्षा उत्पादनहरुमा आत्मनिर्भरताका लागि हामी काम गरिरहेका छौं । हामी यार्न र फेब्रिकलाई सशस्त्र बलका लागि एक समान बनाउनको लागि भारतमा धागो उत्पादन गरिरहेका छौं । यो भारतका लागि ठूलो उपलब्धी हुनेछ । किनकि यसले हामीलाई आत्मानिरभर भारततर्फ एक कदम अगाडि बढ्न मद्दत पुऱ्याउँछ। डा मयंक द्विवेदीले एएनआईलाई भने ।

उन्नत कपडा भविष्यको प्याराशूट र बुलेटप्रुफ ज्याकेटको आवश्यकताको लागि पनि प्रयोग गर्न सकिन्छ । डीआईआईटीएम निर्देशकले डा. मयंकले ग्लास फेब्रिक, कार्बन कपडा, अरमीड कपडा र उन्नत सिरामिक कपडाजस्ता प्राविधिक कपडाहरूको दायरा रक्षा क्षेत्रमा बृहत रहेको छ । अहमदाबाद र सूरतका केही उद्योगहरूले रक्षा अनुप्रयोगहरूमा प्रयोग भइरहेको उन्नत कपडाको निर्माण गरिरहेका छन् । सेप्टेम्बर १७ मा सूरतको उद्योगहरुका साथ भारतीय उद्योग परिसंघ (सीआईआई) द्वारा आयोजित भर्खरको डिजिटल संवादमा उद्योगले सामना गर्नुपरेका चुनौतीहरुको प्रक्षेपण गरिएको थियो । कुराकानीको क्रममा डा. द्विवेदीले रक्षा क्षेत्रको कपडाको क्षेत्रमा अवसरहरूको बारेमा कुरा गरे। उनले भारतीय सशस्त्र बलमा प्रयोग हुने अग्रिम कपडाका सामग्री र कपडाका विभिन्न सम्भावनाहरूमा आफ्ना विचार व्यक्त गरे ।

## अमेरिकी राष्ट्रिय सुरक्षामा चिनियाा कम्युनिस्ट पार्टी खतराः अमेरिका

वासिङ्टन । चिनियाँ कम्युनिस्ट पार्टीप्रति प्रश्न उठाउँदै अमेरिकी रक्षा मन्त्रालयले अमेरिकी राष्ट्रिय सुरक्षाका लागि चिनियाँ कम्युनिस्ट पार्टी खतरा रहेको आरोप लगाएको छ ।

अमेरिकी रक्षा मन्त्रालयले चिनियाँ कम्युनिस्ट पार्टी सहित ८० वटा चिनियाँ कम्पनीहरुको सूची तयार पार्दै यस्तो प्रश्न उठाएको हो । अमेरिकी रक्षा मन्त्रालयका अनुसार अमेरिकी खुद्रा लगानीकर्ताहरुले अन्जानमै सैनिक उत्पादनमा संलग्न ती चिनियाँ कम्पनीहरुमा लगानी गरेका छन् ।

रक्षा मन्त्रालयले हालै एक विज्ञप्ति जारी गर्दै यस्तो दावी गरेको हो । 'चिनियाँ कम्युनिस्ट पार्टीको अमेरिकी राष्ट्रिय सुरक्षाको खतरा हाम्रो वित्तिय बजारमा फैलिएको छ । र यसले अमेरिकी लगानीकर्ताहरुलाई असर पुगेको छ,' अमेरिकाले दावी गरेको छ । साथै चिनियाँ ती कम्पनीहरुले नागरिकमाथि निगरानी तथा मानवअधिकार दमनका लागि काम गरिरहेको पनि अमेरिकी दावी छ । यस्तै केही कम्पनीले छिजियाङस्थित उघुर र अन्य स्थानका मुस्लिम अल्पसंख्यक समूहमाथि दमन तथा भेनेजुएला र इरान जस्ता दमनकारी व्यवस्थाका लागि पनि सघाएको अमेरिकी विज्ञप्तिमा उल्लेख छ ।

उक्त सूचीमा चिनियाँ एयरोस्पेस साइन्स एन्ड टेक्नोलोजी कर्पोरेशन, एभिएसन इन्डस्ट्री कर्पोरेशन अफ चाइना, हुवेइ टेक्नोलीजी, चाइना स्पेसकास्ट लगायत कम्पनीको नाम पनि अमेरिकी रक्षा मन्त्रालयको सूचीमा छ । पछिल्लो समय चीन र अमेरिकाबीच तिक्ततापूर्ण सम्बन्धका बीच अमेरिकाले यस्तो सूची तयार पारेको हो ।

## पछिल्ला भ्रमणहरू उपलब्धिमूलक : परराष्ट्रमन्त्री

काठमाडौं । परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले छिमेकी चीन र भारतबाट हालै भएका उच्चस्तरीय नेपाल भ्रमण उपलब्धिमूलक भएको बताएका छन् । प्रतिनिधिसभा, अन्तरराष्ट्रिय सम्बन्ध समितिको शुक्रबारको बैठकमा उनले दुवै देशबाट भएका भ्रमण द्विपक्षीय सम्बन्ध थप सुदृढ बनाउन र आपसी सहयोग अभिवृद्धि गर्न महत्वपूर्ण रहेको जानकारी दिए ।

भारतीय विदेश सचिव हर्षबर्धन श्रृङ्गलाले यही मङ्सिर ११ र चीनका राज्यपरिषद् सदस्य तथा रक्षामन्त्री वेइ फेङ्हेले मङ्सिर १४ गते नेपालको औपचारिक भ्रमण गरेका थिए । भारतीय विदेश सचिव श्रृङ्गलाको भ्रमण कोभिड-१९ को संक्रमणपछि नेपाल र भारतबीच रोकिएका द्विपक्षीय भ्रमणको शुरुआत भएको जनाउँदै मन्त्री ज्ञवालीले भ्रमणमा दुई देशबीचको सीमा समस्या औपचरिक कार्यसूचीमा समावेश गरिएको बताए ।

भारतले नेपालका भूभाग समेटेर नयाँ नक्शा जारी र लिपुलेक हुँदै मानसरोवर जोड्ने सडक उद्घाटन गरेपछि तथा नेपालले पनि आफ्ना भूभाग लिम्पियाधुरा, लिपुलेक र कालापानी समेटी हालसालै नयाँ नक्शा जारी गरेपछि दुवै देशबीचको सम्बन्धमा केही चिसोपना आएको थियो । नेपाल-भारत संयुक्त समितिको बैठक चाँडै हुने र दुवै देशबीचका थाती रहेका विषय सो बैठकमार्फत यथाशक्य समाधान गर्न पहल गरिने उनको भनाइ थियो । यसैगरी चीनका रक्षामन्त्री वेइको नेपाल भ्रमण सैनिक सहयोग आदानप्रदान गर्न र द्विपक्षीय सम्बन्ध थप सुदृढ गर्न महत्वपूर्ण भएको उनले बताए । मन्त्री ज्ञवालीले गत वर्ष चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणका बेला भएका सम्झौतालाई गति दिन पनि सो भ्रमण फलदायी बताए ।

सांसदका जिज्ञासामा मन्त्री ज्ञवालीले भारतसँगको सीमा समस्या सामाधानका लागि विभिन्न तवरले पहल भइरहेको जानकारी दिँदै चीनसँग भने सीमा समस्या नभएको बताए । उनले केही दिनभित्रै सरकारको परराष्ट्र नीति सार्वजनिक गरिने पनि जानकारी दिए ।

## केही दिनभित्रै खोपलाई अनुमति दिइने

काठमाडौं । भारतको स्वास्थ्य मन्त्रालयले ३० करोड मानिसलाई खोप दिने शुरुवाती योजना तर्जुमा गर्दै अबको केही हप्तामा नै कोभिड-१९ को खोपलाई अनुमति दिने घोषणा गरेको छ । स्वास्थ्य अधिकारीहरुका अनुसार तीन जना खोप निर्माता कम्पनीले भारतमा आपत्कालिन प्रयोगका लागि अनुमति मागेको छ । यसमा अस्ट्राजेनेका खोपको निर्माणको लाइसेन्स प्राप्त सेरम इन्सिटिट्युट, फाइजर र भारतीय खोप निर्माता भारत बायोटेक रहेका छन् । केन्द्रिय स्वास्थ्य सचिव राजेश भुषणले भने, 'केहीले आगामी केही हप्तामा नै अनुमति पाउन सक्नेछन् ।' भारतले शुरुवाती चरणको खोप दिने समूहमा १ करोड स्वास्थ्यकर्मी, प्रहरी र सेनासहित २ करोड फ्रन्टलाइन समूह र ५० वर्षमाथिका र कोभिड-१९ को जोखिममा रहेका बिरामीहरु गरेर २७ करोड जनसंख्या रहेका छन् ।

## नेपालमा प्रतिनिधि कार्यालय

काठमाडौं । भारतीय आइसिआइसिआई बैंक लिमिटेडले नेपालमा प्रतिनिधि कार्यालय सञ्चालनमा ल्याएको छ । बैंकले काठमाडौंको थापाथलीमा रहेको सेन्ट्रल बिजिनेस पार्कमा आफ्नो प्रतिनिधि कार्यालयको उद्घाटन गरेको हो । आइसिआइसिआई बैंक नेपालमा प्रतिनिधि कार्यालय स्थापना गर्ने भारतको पहिलो निजी क्षेत्रको बैंक हो । प्रतिनिधि कार्यालयको उद्घाटन नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्रा, भारतका लागि नेपाली राजदूत नीलाम्बर आचार्य र आइसिआइसिआई बैंकका प्रबन्ध सञ्चालक तथा सिइओ सन्दीप बक्सीले संयुक्त रूपमा भर्चुअल माध्यमबाट गरेका थिए ।


**लैंगिक हिंसाको अन्त्य, मेरो जीवनको गन्तव्य**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


### माइग्रेसन हरायो

मिति २०७७/०८/०१ गते ललितपुरको बालकुमारीमा माइग्रेसन हराएकोले पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा फोन नं. ९८४१४३५२४४ मा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : संगम बसौला

रजिष्ट्रेसन नं. : ७२२७१७५०३

# जिल्ला समाचार

## सूचना प्रविधिको अधिकतम् प्रयोग गर्न निर्देशन

जनकपुरधाम । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले सूचना प्रविधिको अधिकतम र उचित प्रयोग गर्न कर्मचारीहरुलाई निर्देशन दिएका छन् । प्रादेशिक सुशासन केन्द्र मुजेलियामा प्रदेश मातहतका कर्मचारीहरुको लागि आयोजित सूचना संचार प्रविधि सम्बन्धि क्षमता अभिवृद्धि तालिमको समापन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले सो निर्देशन दिएका हुन् । आजको युग सूचना प्रवृद्धिको युगको रहेको उल्लेख गर्दै उनले अबको समृद्धि र विकासका लागि सूचना प्रविधिको अधिकतम् प्रयोग आवश्यक रहेको बताए । कर्मचारीहरुको लागि अनुसाशन आवश्यक रहेको जिकिर गर्दै उनले कर्मचारी तन्त्रमा अनुशासन कायम नभए सम्म विकास र समृद्धिको परिकल्पना समेत गर्न नसकिने उल्लेख गरे । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव यम प्रसाद भुषालको अध्यक्षतामा भएको समापन समारोहमा प्रमुख सचिव अर्जुन प्रसाद पोखरेलले प्रदेशका कर्मचारीहरुलाई सूचना प्रविधिको क्षेत्रमा अब्बल बनाउने उद्देश्यका साथ तालिम आयोजना गरिएको र यसले भविष्यमा समेत निरन्तरता पाउने बताए । कार्यक्रममा प्रादेशिक सुशासन केन्द्रका निर्देशक रुपेश कुमार साहले तालिमबाट प्राप्त उपलब्धी बारे प्रस्तुती गरेका थिए ।

## केन्द्रीय सदस्यलाई स्वागत तथा सम्मान

महोत्तरी । नेपाल उद्योग वाणिज्य महासंघको प्रदेश नं. २ बाट प्रदेश सदस्य एवं केन्द्रीय सदस्यमा विजय कुमार साह निर्वाचित भएपछि मटिहानी नगरपालिका वडा नं. ६, ७ र ८ को वडा कार्यालयले स्वागत तथा सम्मान गरेका छन् । महोत्तरी उद्योग वाणिज्य संघ मटिहानीको पूर्वअध्यक्षसमेत रहिसकेका मटिहानी निवासी साह नेपाल उद्योग वाणिज्य महासंघको हालै सम्पन्न निर्वाचनमा प्रदेश नं. २ बाट केन्द्रीय सदस्यमा निर्वाचित भएका छन् । निर्वाचित साहलाई मटिहानी नगरपालिका प्रमुख हरिप्रसाद मण्डलले दोसल्ला ओढाई एक कार्यक्रममा सम्मान गरेका हुन् । मटिहानी नगरपालिका वडा नं. ७ का वडा अध्यक्ष जितनारायण माझीको सभापतित्वमा सम्पन्न कार्यक्रममा नवनिर्वाचित केन्द्रीय सदस्य विजय कुमार साह महोत्तरी उद्योग वाणिज्य संघका अध्यक्ष मोहन प्रसाद गुप्ता, मटिहानी नगरपालिका वडा नं. ८ र ६ का वडा अध्यक्षहरु गणेश प्रसाद साह र रामबाबु नायक लगायत चन्देश्वर साह, रामजी मण्डल, बरुण मण्डल, रामएकवाल पुर्वे, कलिम अंसारी लगायतले शुभकामना दिएका थिए ।

## हुलाकी सडकको स्तरोन्नती र नाका खोल्न माग

सर्लाही । हुलाकी सडकको स्तरोन्नती र नेपाल भारत सीमा खोल्नु पर्ने माग राख्दै सर्लाहीमा आन्दोलन सुरु भएको छ । अहिले धुलाम्य र वर्षायाममा हिलाम्य हुने हुलाकी सडकको तत्काल स्तरोन्नती गर्नुपर्ने र नेपाल भारत सीमा अबिलम्ब खुलाउनु पर्नेसहति पाँच पाँबे माग राख्दै सर्लाही सदरमुकाम मलंगवामा आन्दोलन सुरु भएको हो । वर्षोदेखि अलपत्र अवस्थामा रहेको हुलाकी सडक स्तरोन्नतीका लागि ठेक्का लागेको एक दशक बिते पनि निर्माण कार्य सुरु नभएको भन्दै आन्दोलन गरिएको सर्वपक्षीय संघर्ष समितिले जनाएको छ । त्यसैगरी लामो समयदेखि बन्द रहेको नेपाल भारत सीमाका कारण सीमाक्षेत्र आसपासमा बसोबास गर्ने सर्वसधारणको जनजीवन कष्टकर बनेको भन्दै तत्काल खोल्नु पर्ने माग गर्दै आन्दोलनको कार्यक्रम घोषणा गरिएको जिल्ला समन्वय समिति सर्लाहीका सभापति एवं सर्वपक्षीय संघर्ष समितिका संयोजक मेथुर चौधरीले जानकारी दिएका छन् । संयोजक चौधरीले नेपाल भारत सीमा खुला गर्नुपर्ने, निर्माणाधीन हुलाकी राजमार्गको स्तरोन्नती हुनुपर्ने, हुलाकी सडक लगायत अन्य शाखा सडक र पुलहरुको गुणस्तरको छानबिन गर्नुपर्ने, हुलाकी सडक बनाउँदा पर्ने जग्गाको मुआब्जा उपलब्ध गराउनुपर्ने र हुलाकी राजमार्ग निर्माण कार्यको ठेक्काको म्याद नथपिनु पर्ने लागयतको माग राखेर आन्दोलनमा उत्रिएको बताएका छन् ।

## वीरगन्जमा धर्ना

वीरगञ्ज । कोरोना महामारीका कारण बन्द गरिएको नेपाल-भारत सीमानाका खुलाउन माग गर्दै वीरगञ्जमा धर्नासहितको आन्दोलन सुरु भएको छ । पर्साको नाका खुला गर्न माग राख्दै वीरगन्ज नाकामा नेपाल-भारत खुला सीमा संवाद समूहले एक घन्टा धर्ना दिए । विगत आठ दिनदेखि नाकामा उनीहरूको धर्नाका कार्यक्रम भइरहेका छन् । कोरोना महामारी रोकथाम तथा नियन्त्रणका लागि भन्दै गत चैतदेखि बन्द गरिएको नाका मंसिर मसान्तसम्म नखुल्ने भएको छ । भारतका तर्फबाट नाका खुला गरिए पनि नेपालतर्फ बन्द नै छ । आन्तरिक रूपमा लकडाउन खुले पनि सरकारले अन्तर्राष्ट्रिय सीमानाका मंसिर मसान्तसम्म बन्द गर्ने निर्णय गरेको छ । लामो समयदेखि नाका बन्द हुँदा सीमाक्षेत्रमा रहेका दुवै देशका नागरिकलाई समस्या भइरहेको भन्दै ठाउँ-ठाउँमा धर्नासहितका आन्दोलन हुन थालेको छ । सीमा बन्द रहेका कारण सामाजिक, आर्थिक, साँस्कृतिक सम्बन्धमा सीधै असर परिरहेको धर्नामा सहभागी जसपा कि नेतृ मुन्नी श्रीवास्तवको भनाइ छ । केही दिन धर्ना तथा अनशनका कार्यक्रममार्फत सरकारलाई सीमा खुला गर्न ध्यानाकर्षण गराउने, तर त्यसबाट पनि माग पूरा नभए सशक्त आन्दोलन गर्ने उनीहरूको भनाइ छ ।

## क्रसर उद्योग बन्द गरिंदै

रौतहट । रौतहटमा घरेलुमा दर्ता नगरी क्रसर उद्योग चलाएको पाइएको छ । यसरी मापदण्डविपरीत चलेका रौतहटका ८ वटा क्रसर बन्द हुने भएका छन् । क्रसर उद्योगहरुको विस्तृत अध्ययन तथा अनुगमन समितिको बैठकले मापदण्ड पूरा नगरेका ८ वटा क्रसर उद्योग बन्द गर्ने निर्णय गरेको हो । प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको संयोजकत्वमा बसेको बैठकले प्राविधिक समितिको प्रतिवेदनको आधारमा सो निर्णय गरेको थियो । प्रतिवेदनका आधारमा श्रीराम जानकी क्रसर उद्योग वृन्दावन नगरपालिका-६ हर्साहा, सुमुख क्रसर उद्योग फतुवा विजयपुर नगरपालिका-८, शिवशंकर क्रसर उद्योग गरुडा नगरपालिका महमदपुर, संकटमोचन वासिङ उद्योग वृन्दावन नगरपालिका-१, शिवम् बालुवा वासिङ उद्योग वृन्दावन नगरपालिका-१, आश्रय अस्फाल्ट एण्ड क्रसर उद्योग चन्द्रपुर नगरपालिका-८ नयावस्ती, रमन-सगरमाथा जेभी गुजरा नगरपालिका, र श्रेष्ठ धुकुछु मृत संजिवनी जेभि फतुवा विजयपुरलाई बन्द गर्ने निर्णय भएको हो ।

## घुस लिने ४ कर्मचारी पक्राउ

वीरगञ्ज । उद्योग अनुगमनको क्रममा घुस लिएको आरोपमा गुणस्तर तथा नापतौल कार्यालय वीरगञ्जका ४ जना कर्मचारीलाई जिल्ला प्रशासन कार्यालय पर्साले नियन्त्रणमा लिएको छ । कार्यालयमा कार्यरत सहायक निरीक्षक विरेन्द्र उपाध्याय, कार्यालय सहयोगीहरु पदम बहादुर रोक्का, सत्य नारायण चौधरी र सवारी चालक उदय प्रताप सिंहलाई प्रशासनले नियन्त्रणमा लिएको हो । एउटा टेक्सटायल उद्योगमा अनुगमनको क्रममा उनीहरुले ११ हजार रुपैयाँ घुस लिएकाले नियन्त्रणमा लिएर आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइएको पर्साका प्रमुख जिल्ला अधिकारी आस्मान तामाङले जानकारी दिए । गुणस्तर तथा नापतौल कार्यालयका प्रमुख बरिष्ठ निरीक्षक शशीभुषण यादवका अनुसार कार्यालयले सातामा दुई/तीन दिन नियमित अनुगमन गर्दै आइरहेको छ ।

## कटुवा पेस्तोल र गोलीसहित पक्राउ

मोरङ । सुनबर्सी नगरपालिका-५ झुगी चोक बस्ने ४१ वर्षीय राजकुमार मण्डललाई १ थान कटुवा पेस्तोल, २ राउण्ड गोली, १९ हजार ३ सय २५ रुपैयाँ र २ थान मोबाइलसहित प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरीले शुक्रबार दिउँसो जाँच गर्ने क्रममा कम्मरमा लुकाई राखेको उक्त हतियार फेला पारी मण्डललाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीबाट थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

## माटोको ढिस्कोले पुरिएर मृत्यु

कैलाली । लम्कीचुहा नगरपालिका-२ कान्छी बजार बस्ने जमान सिंह धामीको ११ वर्षीय छोरा जनक धामीको माटोको ढिस्कोमा पुरिएर शुक्रबार दिउँसो मृत्यु भएको छ । सोही ठाउँस्थित मोहनलाल सामुदायिक बालउत्थान वनमा पार्क बनाउनको लागि खाडल खनी थुपारिएको माटोमा धामी लगायत ७ जना बच्चाहरु खेल्ने क्रममा खाल्डोमा खस्न गई ढिस्कोले पुरिंदा धामीको मृत्यु भएको बताइएको छ ।

## गैंडाको खागसहित ३ जना पक्राउ

रुपन्देही । बुटवल उपमहानगरपालिका-८ सुख्खानगरस्थित कलश होटलबाट १ थान गैंडाको खाग सहित ३ जनालाई प्रहरीले आइतबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सुर्खेत लेकबेसी गाउँपालिका बस्ने ३१ वर्षीय भक्त बहादुर थापा, जाजरकोट बोरेकोट गाउँपालिका(४ बस्ने २६ वर्षीय कर्ण बहादुर राउत र काठमाडौं महानगरपालिका(१ बसन्तपुर बस्ने २६ वर्षीय राकेश न्यौपाने रहेका छन् । उक्त होटलमा गैंडाको खाग तस्करी हुँदैछ भन्ने सूचना प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय बुटवलबाट प्रहरी नायव उपरीक्षकको कमाण्डमा खटिएको प्रहरीले उक्त खाग सहित उनीहरुलाई पक्राउ गरेको हो । साथै उनीहरुलाई नियन्त्रणमा लिने क्रममा उनीहरुले प्रहरीसँग रहेको पेस्तोल खोसी गोली चलाउँदा उनीहरु मध्येकै न्यौपाने घाइते भएकाले लुम्बिनी प्रादेशिक अस्पताल हुँदै थप उपचारका लागि मेडिकल कलेज भैरहवा पठाइएको छ ।

## चाँदी समेतका सामानसहित २ जना पक्राउ

कपिलवस्तु । वाणगंगा नगरपालिका-२ लखनचोकस्थित सडकबाट करिब ७३ तोला अवैध चाँदी, १ थान जैन पेपर, १२ पिस कपासको पुडिया, ४८ पीस सेतो रातो पत्थर र नगर ९६ हजार रुपैयाँ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा अर्घाखाँची छत्रदेवी गाउँपालिका-५ बस्ने २२ वर्षीय उमेश सुनार र रुपन्देही सिद्धार्थनगर नगरपालिका-१३ बस्ने २६ वर्षीय सुगम पुन रहेका छन् । ईलाका प्रहरी कार्यालय पिपराबाट खटिएको प्रहरीले लु.५५ प ६१५९ नम्बरको स्कुटर जाँच गर्दा स्कुटीमा सवार सुनारले बोकेको झोलामा उक्त चाँदी समेतका सामान फेला पारी मोटरसाइकल चालक पुन समेत दुवै जनालाई शनिबार पक्राउ गरेको हो । उनीहरुलाई राजश्व कार्यालय पठाइने लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङले जनाएको छ ।

# विरामीहरूलाई दोसल्ला ओढाएर सम्मान





सप्तरी । सामाजिक अभियन्ता तथा मानवअधिकारकर्मी सुनिता साहले ७२औं विश्व मानव अधिकार दिवसको अवसरमा सप्तरीका विरामीहरुलाई अस्पतालमै पुगेर दोसल्ला ओढाई सम्मान गरेकी छन् । बिहीबार राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालका विरामीहरुलाई फलफूलसहित दोसल्ला ओढाएर मानवअधिकारमी साहले सम्मान गरेकी हुन् । 'सबैका लागि समान मानवअधिकार र आत्मसम्मानको प्रत्याभूति होस् ! समान अवसर र लैंगिक समानता सुनिश्चित होस' भन्दै साहले अस्पतालका विरामीलाई फलफूलसहित दोसल्ला ओढाएर सम्मान गरेकी छिन् । अस्पतालको गाइनो वार्डमा भर्ना भएका १२ जना र सर्जिकल वार्डका तीन जना बिरामीलाई फलफूल, एक थान मास्कसहित दोसल्ला ओढाएर सम्मान गरिएको उनले जानकारी दिइन् । सबैलाई सम्मान गर्न सिके मात्र मानवअधिकारको प्रत्याभूति हुने भएकाले यसतर्फ सबैले ध्यान दिनुपर्ने तर्फ उनले जोड दिएकी हुन् ।

# सन्ध्याले जितिन् 'मिस नेपाल इन्टरनेशनल'




काठमाडौं । 'मिस नेपाल इन्टरनेशनल'को उपाधि सन्ध्या शर्माले जित्न सफल भएकी छन् ।

शनिबार साँझ काठमाडौंको बूढानीलकण्ठमा रहेको पार्क भिलेज रिसोर्टमा आयोजना गरिएको प्रतियोगितामा महोत्तरीकी सन्ध्याले मिन नेपाल इन्टरनेशनलको उपाधि जितेकी हुन् ।

यसैगरी, मिस नेपाल वर्ल्ड २०२० को उपाधि नम्रता श्रेष्ठले जितेकी छिन् । ग्रान्डफिनालेमा २० प्रतिस्पर्धीलाई पछि पार्दै उनले मिस नेपाल वर्ल्डको उपाधि जितेकी हुन् ।

यस्तै, सिमल, सुप्रिया र सन्ध्याले टाइटलसँगै साढे २ लाख पुरस्कार प्राप्त गरेका छन् । उनीहरुले पनि अन्तरराष्ट्रिय प्लेटफर्ममा नेपालको प्रतिनिधित्व गर्नेछन् ।

यो बर्षको 'मिस नेपाल सुप्रानेशनल'को उपाधि सिमल कनौजियाले जित्दा 'मिस नेपाल अर्थ'को उपाधि सुप्रिया श्रेष्ठले जितिन् ।

यो बर्षको 'मिस ब्यूटी विथ दि प्रपोज'को उपाधि श्रद्धा शर्माले जितिन् । यस्तै, 'मिस हेल्दी' नग्मा सरकार, 'मिस फोटोजेनिक' आशिका श्रेष्ठ, 'मिस पपुलर च्वाइस' श्रद्धा शर्मा, 'मिस ग्ल्यामर' योजना भट्टराई, 'मिस स्टाइलिस' मेरिसा सिंह सुवाल, 'मिस वेमन अफ सब्स्टान्स' सन्ध्या शर्मा, 'मिस इन्टिलेक्चुअल' नम्रता श्रेष्ठ, 'मिस फिटनेश' सुवांगी खत्री र 'मिस टुरिज्म'को टाइटल रिया श्रेष्ठले जितिन् । सब-टाइटल विजेताहरुले जनही २५ हजार प्राप्त गरे ।

## कला/साहित्य

कमल मण्डल



# नयाँ सिनेमाको तयारीमा नायक विरेन्द्र कवीरपंथी



मैथिली सिने जगतमा डेढ दशकदेखि निरन्तर सक्रिय रुपमा लागीरहने अथवा टिकिरहने थोरै कलाकार मध्ये एउटा नाम हो विरेन्द्र कवीरपंथी । उनले हालसम्म छुपके जुर्म, अपन समाज, करम भाग्य, भौजिके बहिन, बरवादी, शिक्षानै जिवन हो लगायतका फिल्महरु निर्माण गरिसकेका छन् भने, करिब एक दर्जनको हाराहारीमा एल्वमहरुमा पनि निर्देशनदेखि सम्पादनसम्मको काम गरेर आफ्नो कलामा निखार ल्याइसकेका छन् । मैथिली सिने जगतमा धेरै संख्यामा नायक तथा मोडल बन्न आए । कतिले एउटामा आफ्नो अनुहार देखाएर बिलाए भने कतिले अभिनय गरेको फिल्म अथवा एल्बम रिलीज नभएर कला क्षेत्र छोडेर भागेका उदाहरण प्रशस्तै छन् । तर विरेन्द्र कवीरपंथी यस्ता कलाकार छन् जसले अरुको भलो नै चाहन्छन् । कसैको पछाडि कसैको कुरा काट्दैन । यहि कारणले अहिले मैथिली सिने जगतमा नेपाल र भारतको विहारमा समेत उनको चर्चा हुने गरेको देखिन्छ । विरेन्द्रले निर्माण गरेको फिल्महरु दुई चार दिन मात्रै भएपनि हलमा रिलीज गरेरै छाड्छन् । त्यसैले उनको चर्चा बजारमा भइरहन्छ । उनले मैथिली, भोजपुरी हुँदै हालै शिक्षा नै जीवन हो नामक नेपाली फिल्म बनाएर प्रचार प्रसारमा व्यस्त रहेका छन् । लकडाउनको कारण सिने क्षेत्रमा लागेका कलाकारहरु आर्थिकरुपमा घाटा बेहोर्नु परेको भएपनि अहिले नयाँ जोशका साथ सबैजना आआफ्नो ठाउँबाट नयाँ योजनाको साथ धमाधम काम अगाडि बढाएको देखिन्छ । नयाँ जोशका साथ नयाँ योजना सहित काम सुरु गर्न लागेकोमा धेरै धेरै बधाई तथा शुभकामना ।

# नेपाल र भारत वाणिज्य सचिव बैठक सम्पन्न

काठमाडौं । नेपाल र भारतका वाणिज्य सचिवहरुको अध्यक्षतामा बसेको भारत-नेपाल अन्तर सरकारी समिति (आइजीसी)को बैठक सम्पन्न भएको छ ।

भिडियो कन्फरेन्समार्फत अनाधिकृत व्यापार नियन्त्रणका लागि व्यापार, पारवाहन तथा सहकार्यका विषयमा छलफल भएको थियो ।

विभिन्न मन्त्रालय तथा काठमाडौंस्थित भारतीय राजदूतावासका अधिकारीसहितको १५ सदस्यीय भारतीय टोलीको नेतृत्व नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्रासँगसँगै भारतका वाणिज्य मन्त्रालयका वाणिज्य सचिव अनुप वाधवाले गरेका थिए । त्यस्तै विभिन्न मन्त्रालय एवम् विभागका अधिकारी सम्मिलित नेपाली टोलीको नेतृत्व वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा. बैकुण्ठ अर्यालले गरेका थिए ।

आइजीसी दुई देशबीच व्यापार तथा लगानीलाई प्रवर्धन गर्ने प्रमुख द्विपक्षीय संयन्त्रको रुपमा रहेको छ । बैठकमा व्यापार एवम् वाणिज्य क्षेत्रका प्रमुख एजेण्डामा भएका प्रगतिबारे समीक्षा गरियो । उक्त बैठकमा व्यापार तथा पारवाहन सन्धिको बृहत समीक्षा, रेलसेवा सम्झौतामा संशोधन, लगानी प्रवर्धनका लागि भएका पहल तथा प्रयास, संयुक्त विजनेस फोरमको गठन, दुवै पक्षबीच व्यापार पूर्वाधारको विकास तथा स्तरमा सामन्जस्यता कायम लगायतका विषयमा गहन छलफल भएको छ ।

व्यापार तथा वाणिज्य सम्बन्ध तथा सम्पर्कलाई भविष्यमा अझ सुदृढ बनाउन सरकारी स्तरमा गर्नुपर्ने प्रयासकाबारे पनि दुवै पक्षबीच विस्तृत छलफल भएको छ ।

यस आइसीजी बैठकको तयारीका लागि यही मंसीर १८ देखि १९ सम्म अन्तर सरकारी उपसमितिको सहसचिव स्तरको बैठक बसेको थियो । नेपालको आयात तथा निर्यात दुवैको क्षेत्रमा भारत नेपालको सबैभन्दा ठूलो व्यापार तथा लगानी साझेदारको रुपमा रहेको छ । वास्तवमा भारत नेपालको एक मात्र त्यस्तो व्यापार साझेदार मुलुक हो जससँग पछिल्लो दुई तीन वर्षमा नेपाली निर्यातमा लगातार वृद्धि भएको छ । आजको बैठकमा भएको विस्तृत छलफल र प्रगतिले भारत र नेपालबीचको आर्थिक तथा वाणिज्य सम्बन्धलाई विस्तार गर्न थप सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ ।

## संयुक्त बिजनेस फोरम गठन हुने

काठमाडौं । नेपाल र भारतबीचको व्यापार सहजीकरण गर्न नेपाल र भारत संयुक्त विजनेस फोरम गठन हुने भएको छ । नेपाल भारत वाणिज्य सचिवस्तरीय व्यापार तथा लगानी सहजीकरण सम्बन्धी संयन्त्र (आईजीसी) बैठकमा यस्तो समझदारी बनेको हो । भिडियो कन्फरेन्स मार्फत भएको बैठकमा व्यापार एवम् वाणिज्य क्षेत्रका प्रमुख एजेन्डामा भएका प्रगतिबारे समीक्षा गरिएको छ । बैठकमा व्यापार तथा पारवाहन सन्धीको बृहत समीक्षा, रेलसेवा सम्झौतामा संशोधन, लगानी प्रवर्द्धनका लागि भएका पहल तथा प्रयास, दुबै पक्षबीच व्यापार पूर्वाधारको विकास तथा सहकार्यको विषयमा छलफल भएको नेपालस्थित भारतीय दूतावासले जनाएको छ ।

# काठमाडौं-रक्सौल रेलमार्गको डीपीआर बनाउन अनुमति

काठमाडौं । सरकारले काठमाडौं-रक्सौल जोड्ने विद्युतीय रेलमार्ग निर्माणको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) का लागि भारतको कोङ्कर्ण रेल्वे कर्पोरेसन लिमिटेडलाई अनुमति दिएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव रवीन्द्रनाथ श्रेष्ठले काठमाडौं-रक्सौल अन्तरदेशीय रेलमार्ग निर्माण तथा सञ्चालन गर्न डीपीआर तयार गर्न भारत सरकारको स्वामित्वमा रहेको कोङ्कर्ण रेल्वे कर्पोरेसन लिमिटेडले अनुमति माग गरेकोमा अनुमति प्रदान गरिएको जानकारी दिए । रेलमार्ग निर्माणको डीपीआर तथा निर्माण कार्य अगाडि बढाउन भारतले गएको भदौमा नेपाल सरकारसँग औपचारिक अनुमति मागेको थियो ।

कोङ्कर्ण रेल्वे कर्पोरेसनले यसअघि नै सो रेलमार्गको प्रारम्भिक अध्ययन (प्रिमिनरी इन्जिनियरिङ कम ट्राफिक सर्भे, पीईटी) गरी सोको प्रतिवेदन नेपाल सरकारलाई बुझाइसकेको थियो । २०७६ भदौ १८ गते भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा सो अध्ययनको प्रस्तुतिसमेत गरिएको थियो । प्रारम्भिक अध्ययन प्रतिवेदन अनुसार भारतको रक्सौलबाट नेपालको वीरगञ्ज सुक्खा बन्दरगाह हुँदै आउने यो रेलमार्ग बाराको जितपुर-निजगढमा प्रस्तावित अन्तर्राष्ट्रिय विमानस्थल नजिक भएर काठमाडौं आउने बताइएको छ । कुल लम्बाई १३६ किलोमिटर रहने यस रेलमार्गमा ४२ किलोमिटर सुरुङ रहनेछ ।

उक्त रेलमार्गको डीपीआर तयार गर्न भारत सरकारले यो वर्ष बजेट विनियोजनसमेत गरेको छ । भारत सरकारको सम्पूर्ण आर्थिक तथा प्राविधिक सहयोगमा सो रेलमार्ग निर्माण गर्ने सहमति दुई मुलुकबीच भएको हो । यो रेलमार्ग निर्माणमा कुल तीन खर्ब रुपियाँ खर्च हुने अनुमान छ ।

काठमाडौँमा २०७५ भदौमा सम्पन्न बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) को चौथो शिखर सम्मेलनमा प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय समकक्षी नरेन्द्र मोदीले उक्त रेलमार्गको अध्ययन गर्न समझदारी पत्र (एमओयू) मा हस्ताक्षर गर्नुभएको थियो ।

## पारवहन...

संयन्त्रको बैठक बसेको थियो ।

आईजीसीको बैठकमा दुवै देशका अधिकारीहरू नेपाल(भारत पारवहन सन्धि पुनरवलोकनलाई "अन्तिम रूप दिन" सहमत बनेको नेपाली अधिकारीहरूले जानकारी दिएका छन् । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार पारवहन सन्धिका साथसाथै दुई देशका अधिकारीहरू नेपाल-भारत रेल सेवा सम्झौताको संशोधनलाई पनि चाँडै अन्तिम रूप दिन तत्पर भएका छन् ।

बैठकको उपलब्धी यति मात्र हो त ? खास सन् २०१८ यता यस्ता बैठकहरू भएकै थिएनन् । झण्डै अढाई वर्षपछि यस्तो बैठक भएको हो त्यसैले नेपाली अधिकारीहरुले यसलाई निकै उपलब्धिमूलक भएको मानेका छन् । यस बैठकका पछि पारवहन सन्धि तथा रेल सम्झौतामा नेपाल र भारतबीच व्यापारिक सम्बन्ध थप बलियो हुने खालका केही प्रावधानहरू थपिनेछन् । नेपाली पक्षले नेपाल-भारत पारवहन सन्धि र विद्यमान रेल सेवा सम्झौता संशोधनलाई अन्तिम रूप दिई शीघ्र हस्ताक्षर गर्न गरेको प्रस्तावमा भारतीय पक्ष सकारात्मक भएको र यी दुई विषयलाई छिट्टै सम्पन्न गर्न दुवै पक्ष सहमत भएकाले पनि बैठक उपलब्धिपूर्ण मानिएको हो ।

यसअघिका चरणबद्ध बैठकहरूमा सहभागी भइसकेका नेपाली अधिकारीहरूका अनुसार पुनरवलोकन हुने पारवहन सन्धिमा नेपाललाई सहज हुने खालका केही कुराहरू थपिएका छन् । त्यस्तैमध्येको एउटा हो 'इनल्यान्ड वाटरवे' भनिने नदीहरूको मार्ग प्रयोगको सुविधा । अहिलेको मस्यौदा जस्ताको तस्तै पारित भएमा अब नेपालले विभिन्न समुद्री बन्दरगाहबाट भारतभित्रै साना जलमार्गहरू प्रयोग गरेर सामानहरू ल्याउन पाउनेछ । त्यस्ता मार्गमा मुख्यत: कोलकाता-वाराणासी, कोलकाता-साहेबगञ्ज र कोलकाता-कालुघाट रहेका छन् । अहिलेसम्म नेपालले तेस्रो मुलुकबाट सामान ल्याउँदा वा पठाउँदा भारतीय बन्दरगाहपछि स्थलमार्ग मात्र प्रयोग गर्दै आएको छ । जलमार्गको प्रयोगले लागत र समय दुवैको बचत हुनेछ ।

पुनरवलोकन गरिएको सन्धिको मस्यौदामा हाल वीरगञ्ज नाकाबाट मात्र आइरहेको 'बल्क कार्गो' अब विराटनगर र भैरहवा नाकाबाट पनि ल्याउन पाइने सुविधा थपिएको बताइएको छ । त्यस्तै पारवहन सन्धिलाई आधुनिक प्रविधिमैत्री पनि बनाउनु पर्ने भएकाले प्रविधिसँग सम्बन्धित केही संशोधन समेत गरिएको अधिकारीहरू बताउँछन् । जस्तो 'कार्गो ट्र्याकिङ प्रणाली'लाई लिन सकिने छ । अब नेपाल-भारत आयात निर्यातमा यो प्रणालीलाई अनिवार्य गर्दै लगिने छ ।

अब वर्तमान रेल सम्झौता परिमार्जन भएपछि नेपाली रेल पनि भारतका बन्दरगाहसम्म पुगेर सामान ल्याउन सक्ने छन् । नेपालमा अहिले रेल सेवा विकासको क्रममा रहेकाले भविष्यमा त्यो सम्भावना रहेकाले सम्झौतामा त्यस्तो बुँदा राखिएको हो । यस्तै भारतका निजी रेल सेवाहरूले पनि नेपाली नाकासम्म सामान ल्याउन पाउनेलगायतका व्यवस्था त्यसमा थपिएको हो । फूलबारी-बङ्गलाबन्ध मार्ग प्रयोग गर्दै आएकोमा उक्त मार्गमा ट्राफिक समस्या धेरै देखिएको भन्दै भारतसँग एसियाली राजमार्ग प्रयोग गर्न दिन माग नेपालले गरेको छ । यद्यपी भारतले यसबारे जबाब नदिए पनि नेपालको मागबारे सकारात्मक रहको छ ।

## भावपूर्ण श्रद्धासुमन



जन्मः (इ. सं. १९३६ डिसेम्बर १०)

स्वर्गारोहणः (इ. सं. २००५ जनवरी १)

### स्व. शंकरलाल केडिया

सम्झना एक प्रेरकको




## भारतीय अर्थतन्त्रमा व्यापक सुधार

काठमाडौं । कोरोना भाइरसको महामारीका कारण भएको लकडाउनमा भारतीय अर्थतन्त्रमा ठूलो गिरावट आएको थियो । तर, लकडाउन केही सुस्त पारिएसँगै अर्थतन्त्रमा उल्लेख्य सुधार भएको छ । भारतीय अर्थविद्हरुले अर्थतन्त्रले 'भि सेप रिकोभरि'को संकेत गरेको समेत बताएका छन् । भारतीय अर्थतन्त्र सन् २०२० को पहिलो त्रैमासिक अर्थात जनवरीदेखि मार्चसम्ममा ३.१ दशमलवले वृद्धि भएको थियो । कोरोना भाइरसको संक्रमण त्यतिबेला विश्वभर बढ्दै गइरहेको थियो, भने सबैजसो मुलुकहरुले लकडाउन गरिसकेका थिए । तर, दोस्रो त्रैमासिक अर्थात अप्रिलदेखि जुनसम्मा आइपुग्दा भारतीय अर्थतन्त्रमा ठूलो गिरावट आयो । उक्त त्रैमासिक अर्थतन्त्रमा २३.९ करिब २४ प्रतिशतले गिरावट आएको थियो। भारतीय अर्थव्यस्था इतिहासकै ठूलामध्येको एक गिरावटको बिन्दुमा आइपुगेको थियो । तर, लकडाउन केही सहज पारिएसँगै तेस्रो त्रैमासिक अर्थात जुलाईदेखि सेप्टेम्बरसम्मा भारतीय अर्थतन्त्रमा फेरि उल्लेख्य सुधार भएको त्यहाको केन्द्रीय बैंकले जनाएको छ । २४ प्रतिशतको गिरावट भएको अर्थतन्त्र तेस्रो त्रैमासिकमा भने ७.५ प्रतिशतमा समित भएको जनाएको छ ।

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, कार्यकारी सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं